नवका लागि मानवअधिकार
नवअधिकारका लागि उपयुक्त संस्कृति

पाती

अंक ३५ जेठ २०५८

संचेतना द्वैमासिक

नारायणहिटी हत्याकाण्ड

देश स्तब्ध !

मानवका लागि मानवअधिकार
मानवअधिकार लागि
उपयुक्त संस्कृति
प्राची
संचेतना द्वैमासिक
वर्ष १०, पूर्णाङ्क ३५, जेठ २०५८

संस्थापक
सुशील-प्रकाश

सल्लाहकार
सुबोधराज प्याकुरेल
कुन्दन अर्याल

सम्पादक
अग्निशिखा

उप-सम्पादक
आत्माराम शर्मा

आवरण
महेन्द्र श्रेष्ठ
एम्ज माउस, पुतलिसडक
फोन : २६५९४४

ले-आउट
गोविन्द त्रिपाठी

फोटो
फोटो : विमलचन्द्र शर्मा- इन्सेक,
शालिग्राम तिवारी

सहयोगी
गीता माली

व्यवस्थापन
प्रवल शर्मा

मुद्रक
नवयुग सहकारी छापाखाना
मदननगर, बल्खु, काठमाडौं
फोन : २७५६९७

पत्राचार
पत्र मञ्जुषा : २७२६ काठमाडौं
टेलिफोन – २७८७७०
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा
प्रकाशित

सरकार किन उद्यत छ
धमिलो पानीमा माछा मार्न ?

नेपालको इतिहासमा जेठ १९, २०५८ (१ जुन, २००१) मा घटित 'नारायणहिटी हत्याकाण्ड' अत्यन्त दुःखदायी र अत्यन्त निर्मम घटनाको रूपमा रहनेछ। त्यस घटनाले शान्तिप्रिय तथा कोमल हृदयका नेपाली जनतालाई यतिविध्न स्तब्ध र यतिविध्न सन्त्रस्त बनाएको छ कि, त्यसको मानसिक असरबाट मुक्त हुन जनतालाई धेरै समय लाग्ने छ।

यस घटनाका सम्बन्धमा प्रधानन्यायाधिश केशवप्रसाद उपाध्यायको अध्यक्षतामा गठित दुई सदस्यीय उच्चस्तरीय छानवीन समितिले छानवीन गरी विना निर्णयको प्रतिवेदन सार्वजनिक गरे पनि त्यसले मुलुकलाई अन्यौलबाट मुक्त गर्न सकेको छैन। प्रतिवेदनमा दर्ज गरिएका घटना विवरणले तत्कालीन युवराजाधिराज दीपेन्द्रलाई हत्याण्डको सूत्रधारको रूपमा औंल्याए पनि बहुसंख्यक जनताले स्वीकार्न सकिरहेका छैमन्।

मुलुकलाई नै हल्लाउने यतिविध्न जघन्य हत्याकाण्डको छानवीनमा समेत घटना पछाडि रहेको उद्देश्य निक्यौल नगरिनु, समिति आफैं पनि कुनै निर्णयमा पुग्न नसकेको अवस्थामा समेत घटनाको छानवीन तत्कालीन युवराजाधिराज दीपेन्द्रको सेरोफेरोमा मात्र केन्द्रित हुनु र प्रतिवेदनमा उल्लेखित प्रत्यक्षदर्शीहरूको बयानमा अनेकौं कुरा बाझिंदा पनि समिति त्यसप्रति गम्भीर नहुनुले राजनीतिक तथा सामाजिक वृत्तमा यो प्रतिवेदनले विश्वसनीयता आर्जन गर्न सकेको छैन।

'नारायणहिटी हत्याकाण्ड' ले अनेकौं प्रश्न जन्माएको छ। सुरक्षा संयन्त्रको हिसाबले अति मजबुत मानिएको राजदरबार भित्रै यत्रो नृशंस हत्याकाण्ड हुनुले मुलुकको सुरक्षा संयन्त्र कति लापरवाह र फितलो रहेछ भन्ने तथ्य जगजाहेर भएको छ। यस घटनाका सन्दर्भमा सरकार र दरबारको सुरक्षा निकाय कसैले पनि नैतिक जिम्मेवारी नलिनुले नैतिक कर्तव्यको धरातल कति खस्केको रहेछ भन्ने पनि पुष्टी भएको छ। र, हाल आएर प्रेस स्वतन्त्रता तथा नागरिकका मौलिक अधिकारहरूलाई कुण्ठित गर्ने सरकारको एक पछि अर्को कदमका कारण यस घटनाको आवरणमा सरकार प्रतिगमनको दिशातर्फ बढ्न थालेको आभाष जनतालाई भएको छ। सरकारले तत्काल आफ्ना प्रतिगमनकारी कदम रोकोस्। उसले बुझोस्- धमिलो पानीमा माछा मार्ने हरकतले सर्प-दंश निम्त्याउन सक्नेछ।

आभार

यस अंकमा पुनर्मुद्रित केही सामग्री तथा फोटोको लागि- *कान्तिपुर दैनिक, राजधानी दैनिक, स्पेशटाइम दैनिक, नयाँ सडक दैनिक, नेपाल समाचार पत्र दैनिक, विमर्श साप्ताहिक, बुधबार साप्ताहिक, हिमाल पाक्षिक, न्यूजविक र एशिएन एज प्रति हामी आभारी छौं।*

झूठो र उल्टो सम्मान

● सुबोधराज प्याकुरेल

०५८ जेठ १९ गते राती नारायणहिटी राजदरबारमा घटित घटनाका बारेमा कसैले 'राजदरबार हत्या काण्ड' भने । कसैले राजा वीरेन्द्रको वंश विनास भने। कसैले 'अर्को कोतपर्व' पनि भने । सबैले आ-आफ्नो विश्लेषण प्रस्तुत गरे। मानिसको सम्मानित जीवन बाँच्न पाउने अधिकारको यो विभत्स उल्लंघनको घटनाप्रति भविष्यमा कसरी जोगिन सकिन्छ भन्ने बारेमा कसले बताउला ? सर्वाधिक सुरक्षित र सम्मानित राजसंस्थाको सुरक्षा प्रणालीमा रहेको दोष वा गैरजिम्मेवारीपनकी निपटारा होला कि नहोला ?

राजा व्यक्ति मात्र होइन, सम्मानित संस्था हो। इतिहासको कालखण्डमा कतिपय असल एवम् दयालु राजाहरु देखिएका छन्। तर, पछि गएर सार्वभौमसत्ता आफूमा निहित तिनै राजसंस्था निरंकुश बनेका पनि छन्। जिम्मेवारी पाउनेले राम्री जिम्मेवारी पूरा गरिदिए गुनासो गर्नुपर्ने थिएन। गुनासो थुप्रिंदै जाँदा राजसंस्था निरंकुश बन्दै गयो। किनकी सबैले गुनासो पोख्ने अन्तिम ठाउँ त्यही रह्यो। त्यो संस्थाले पन्छाउन मिलेन। छिनाल्दै जाँदा ठाउँ कुठाउँ पर्दै गयो। त्यसैले संवैधानिक राजाले गल्ती गर्दैन भनिन्छ। किनकी उसले गर्ने कामहरु सबै मन्त्रीपरिषदको निर्णयअनुसार मात्र गरिन्छ। संवैधानिक राजाले कार्यकारी अधिकार राख्दैन। आफ्नो व्यक्तित्व र बौद्धिकता अनुकुल असल सहजकर्ता र सम्मानित संरक्षकको ख्याति प्राप्त गर्दछ।

श्री ५ दिपेन्द्रले राजपरिवारका सदस्य तथा आफन्तहरुलाई मारेर आत्महत्या गरेको समाचारलाई घटना घटेको १६ घण्टापछि बसेको राजपरिषदको बैठकले पनि प्रष्ट्याएन। सम्पूर्ण राज्यसत्ताको प्रजातान्त्रिकरण गर्ने नेपाल अधिराज्यको संविधान, २०४७ को मौलिक सारलाई राजा नियुक्त गर्ने संवैधानिक निकायका महारथीहरुले ग्रहण गरिसक्नु भएको रहेनछ भन्ने कुराको यो ज्वलन्त उदाहरण हो। सञ्चारको जवाफ ढोका बन्द गरेर दिन सकिन्न। सात समुन्द्रपारीका सञ्चारले दोहऱ्याई रहेंको अवस्थामा राज्यसत्ताको एक महत्वपूर्ण संस्थाको समाचारलाई सार्वभौमसत्ता सम्पन्न जनताको पहुँच बाहिर सिमेन्ट ईंटाको पर्खालभित्र कैद गर्ने प्रयास गरियो। सरकारको यो लाचारीले हामी नेपाली मध्ययुगीन सामन्ती प्रथामा कैद छौं भन्ने सन्देश संसारभरी पुऱ्यायो। संविधान र संस्कारको बीचमा प्रशान्त महासागरभन्दा ठूलै खाल्डो रहेछ।

"संविधानअनुसार त तिम्रो देशमा 'व्यवस्थापिकामा राजा' (King in Parliament) होइन र ? अनि के आधारमा सरकारको अधिकार र अख्तियारी बाहिर यो कुरा पऱ्यो ? के नेपालमा सूचनाको हक छैन ? तिम्रो देशको सञ्चार मलेसिया र चीन जति पनि स्वतन्त्र रहेनछ हगी ?" यो प्रश्न विस्मयपूर्वक संसारका अनेक भागबाट म अदना नागरिकसमक्ष चिनजानका साथीहरुले तेर्स्याइरहे। अब आइन्दा मुलुक पारी जाँदा मैले सार्वभौमसत्ता सम्पन्न नागरिकहरुको, सम्पूर्ण मौलिक एवम् मानवअधिकारप्रति प्रतिवद्ध मुलुकको समान अधिकार प्राप्त वासिन्दाको नाताले आफूलाई प्रस्तुत गर्न नसक्ने भएको छु। म यस अर्थमा पनि ज्यादै पीडित भएको छु कि जनतालाई सुन्दरतम संविधानद्वारा सार्वभौमसत्ता हस्तान्तरण गर्ने राजा वीरेन्द्रको मृत्युका बेलामा समुन्नत प्रजातान्त्रिक आदर्शका नजीर बन्नु पर्थ्यो। तर राज्यसत्ता सञ्चालनका अंगहरुमा ठीक उल्टो व्यवहार गर्न खप्पीसहरु मात्र देखा परे।

नवनियुक्त श्री ५ ज्ञानेन्द्रबाट उच्चस्तरीय छानविन समिति गठन गरिनु स्वागतयोग्य कदम थियो। तर यहाँ पनि सप्रेको काम बिगार्न बाहेक नजान्नेहरुकै बिगबिगी देखियो। हरिबिजोग नै देखियो। कहिँ नभएको जात्रा देखापऱ्यो। प्रमुख प्रतिपक्षले उक्त समितिलाई संवैधानिक रित पुऱ्याएर गठन गरौं भन्यो। के बिगाऱ्यो ? सरकार जसको छ, उ खुसी हुनुपर्ने। तर पुरातन शैलीमा उपप्रधानमन्त्रीले तिघ्रा ठटाएर प्रतिपक्षको विरोध



गरेको देख्दा मलाई शोकभन्दा पनि निरासाले गाँज्यो। एक दशक भित्रका घटनाहरु साक्षी छन्। राजा वीरेन्द्रले अन्तरिम कालमा मन्त्रीपरिषदको सल्लाह र सम्मतिबेगर संविधान सुझाउ समिति बनाउनु भयो भनेर अस्वीकार गरियो। राजीनामा गरियो। अस्वीकार गर्ने तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराई सशरीर जीवित हुनुहुन्छ। दासढुङ्गा काण्डको छानविनका लागि राजा वीरेन्द्रले नै सर्वोच्च न्यायालयका न्यायाधीशलाई समावेश गरेर छानविन समिति बनाउँदा त्यसलाई कानून बमोजिम निरस्त पारेर न्याय परिषदको निर्णयको विधि पुऱ्याएर मात्र समिति बनाउन दिने 'संविधानप्रति प्रतिवद्ध' महानुभावहरु पनि सत्ता केन्द्रमै हुनुहुन्छ। अहिले श्री ५ बाट गठित छानविन समितिलाई संवैधानिक दायरामा ल्याउने जिम्मेवारी परिपक्व प्रधानमन्त्रीको हुनुपर्थ्यो कि पर्दैनथ्यो ? उहाँसंग रहेको समस्या के छ भने उहाँप्रति सहजकर्ता र सहयोगीको होइन की उहाँलाई भिडन्तमा उतारिदिने सहायकहरुको भरमार छ। प्रधानमन्त्रीले १९ गतेको घटनाले देशको छबी खस्केको छ भन्नुभयो। यो घटना घट्न सबनु र घटिसकेपछिका माथि वर्णित कुराले छबी उकास्ने कसरी ? प्रधानमन्त्रीले सत्य स्वीकार्नु भयो। अहिले यही मामिलामा उहाँप्रति आक्रमण हुन थालेको छ। तर व्यवहारसिद्ध छ कि सत्य स्वीकार्ने महानताको पक्षमा उहाँका कुनै पनि 'झगडालु पहलमान' सहायकहरु अघि सर्ने छैनन् । श्री ५ द्वारा गठित छानविन समितिकै मामिलामा मन्त्रीपरिषद र न्याय परिषदको बैठकको विधि टुँग्याउन केही मिनेट लाग्थ्यो, घण्टा लाग्ने थिएन। सपार्न र सजिलै सपार्न सकिने विषयमा दुरगामी प्रभावको नजिर खडा गर्नुपर्ने नायकलाई भिडन्तमा उतारेर वर्तमान सरकारले आफूमा प्रजातन्त्र चलाउने रं बढाउने हुति र बुद्धि दुबै सकिएको प्रमाणित गरिदियो।

र, अन्त्यमा, जनताले औधी स्नेह र सम्मान जनाएको राजा वीरेन्द्रका सिङ्गो परिवारको नामोनिशान बाँकी नराख्ने घटना घट्यो। संविधान र प्रजातन्त्रप्रति प्रतिवद्ध स्वर्गीय राजाप्रति विवेकशील हरकोहीले राजा वीरेन्द्र र नेपाल अधिराज्यको संविधान, २०४७ लाई एक अर्काको पर्यायवाची, एउटै सिक्काको दुइ पाटा ठान्नु पर्छ। तर प्रजातन्त्रकै नाममा पत्रिकामा लेख छापिएबापत पत्रिकाका सम्पादक, प्रकाशक र प्रशासकलाई जेठ २४ गतेदेखि थुनामा राखिन्छ। सर्वोच्च कार्यकारी मन्त्रीपरिषदका उपप्रधानमन्त्री यो कारवाही माथिको आदेश बमोजिम गरिएको भन्नु हुन्छ भनिन्छ। त्यति मात्र होइन सरकारकै मातहतको सेनाले आफ्नो अस्पतालमा जेठ २५ गते पत्रकार सम्मेलनका लागि ठाउँ उपलब्ध गराउँछ। प्रश्न सोध्न नपाइने त्यो सम्मेलनमा जेठ १९ को घटनाका प्रत्यक्षदर्शीले अनेकन कुराको सचित्र ठोकुवा गर्छन्। तर उच्चस्तरीय छानविन समितिले आफ्नो काम थाल्ने भनी घोषित मिति जेठ २६ भन्दा ठीक एक दिन मात्र अगाडि नै यो पत्रकार सम्मेलन किन गराइयो ? अनि यसका बारेमा पनि सरकार र सरकारी सञ्चार किन मौन छ ? सत्तापक्षको यस्तो गैरजिम्मेवार र अहंकारी व्यवहारका कारण प्रकारान्तरले राजा वीरेन्द्रप्रतिको सरकार र सत्तापक्षको सम्मान झूठो र उल्टो सावित गर्दैछ।

नेपाली इतिहासको त्रासदीपूर्ण घटना

• मोदनाथ प्रश्रित

इतिहास यस्तो "जन्तु" हो जसले सबभन्दा अनौठा खालका "सन्तान" जन्माउँछ। इतिहासको गर्भमा सम्भव, असम्भव सबै खालका भ्रुणहरु हुर्कन्छन् र मानिसले पत्यारै गर्न नसकिने आकार प्रकार लिएर जन्मन्छन्। नेपालमा अहिले एउटा त्यस्तै घटना जन्म्यो। राजा वीरेन्द्रको जसरी वंशै विनाश हुनेगरी विभत्स हत्याकाण्ड मच्चियो, त्यस्तो अर्को उदाहरण नेपालको इतिहासमा छैन। जतिबेला मानव समाजमा कविलातन्त्र थियो, एउटा कविलाले अर्को कविलालाई सखापै पार्ने गरी बर्बर युद्ध चलाएका असंख्य प्रमाण इतिहासले हामीलाई दिन्छ। तर, कविलाभित्रका सरदार या गणनायकहरु प्रायश: कुनै न कुनै प्रकारका निर्वाचन प्रणालीबाट छानिन्थे। कौरव र पाण्डवको महाभारत युद्ध पनि कविला चरित्रकै अवशेष थियो। त्यो दुई कविलाको बीचमा एकले अर्कालाई समाप्तै पार्ने उद्देश्यले चलेको थियो। इ.पु. तेस्रो शताब्दीमा महाभारत ग्रन्थको सम्पादन हुँदा त्यस प्राचीन कथालाई नयाँ समाजको परिस्थिति अनुसार सम्पादन गरिएको थियो।

प्राचीन कपिलवस्तुको शाक्य गणतन्त्र र वैशालीको लिच्छवी गणतन्त्रमा यणनायक (कथित राजा)हरु निर्वाचनबाट छानिन्थे। त्यो परम्परा लिगलिगकोट (गोरखा)को दौड प्रतियोगिताबाट छानिने "राजा" सम्म पनि हामी देख्दछौं। एउटा कविलाभित्र गणनायक वा सरदार पदको निमित्त झगडा भएमा बरु कविला नै फुटेर दुईबटा बन्दथे। तर विरोधी सरकारको वंश नै सखाप पार्ने गरी एउटै कविलाभित्र लडाई हुन सब्दैनथ्यो। समाजमा वंश परम्परामा आधारित निरंकुश राजतन्त्रको उदय भएपछि नै एउटा राजालाई युद्धमा जितेर अर्को राजा बन्ने वा एउटा राजवंशलाई परास्त गरेर अर्को राजवंश स्थापित हुने परम्परा चलेको हो। मध्ययुगीन सामन्ती व्यवस्थाहरुमा यस्ता घटनाहरु निरन्तर रुपमा घटिरहन्थे। नेपाल उपत्यकामा लिच्छवी भन्दा अघि एउटा कविलाले अर्को कविलालाई जितेर वा लखेटेर सत्ता खोसेका घटनाहरु आभीर, नाग, किराँत आदिको बीचमा घटेको देखिन्छ। त्यसरी नै सामन्तवादी लिच्छवी कालपछि ठकुरी वा ठाकुर, मल्ल, शाह आदि वंशको शासनक्रम चल्यो।

नेपालका अरु भागमा खस, मल्ल, कर्णाट, सेन, वाइसे, चौवीसे आदि सामन्ती राजतन्त्रहरु पनि चले। नेपालको सोह्र सय वर्षको सामन्तवादी वंशगत राजतन्त्रको इतिहासमा राजाहरुका लडाईहरु त अनगिन्ती भए र एउटा राजवंशलाई हराए अर्को वंशले राज्य खोस्ने परम्परा पनि निरन्तर रह्यो। त्यसक्रममा राजा, मन्त्री र सेनापतिहरु पनि मारिए, तर ०५८ जेठ १९ गतेको रातको जस्तो एउटा राजपरिवारका सम्पूर्ण सदस्यहरुको संहार भएर वंश नै विनाश भई अर्का भाइ राजा बनेको घटना सुनिएको थिएन। नेपालको इतिहासमा यसभन्दा केही फरक चरित्रका र केही त ज्यादै आदर्श र अनुकरणीय खालका घटना पनि घटेका छन्। यसबेला ती घटनाहरुको सम्झना र चर्चा गर्नु सान्दर्भिक नै होला।

लिच्छवी सम्राट मानदेव प्रथम (वि. ५२०-६२) बाट आफ्ना बाबु धर्मदेवको हत्या भएको सम्बन्धमा एउटा अनुश्रुति छ। काठमाडौंमा राजा धर्मदेवले एउटा सार्वजनिक धारो (नारायणहिटी) बनाएछन्। तर, त्यसमा राम्ररी पानी आएनछ। त्यसबेलाको तान्त्रिक या धार्मिक धारणाअनुसार धारा भएको ठाउँमा एक जना बत्तीस लक्षणले युक्त मान्छेको बलि दिएमा पानी आउँछ भनी तान्त्रिकले भनेछ। राजा धर्मदेवले सोचेछन्- बत्तीस लक्षणले युक्त मान्छे राजाबाहेक अरु को होला र ? यो सोची उनी आफै बलि हुने टुंगोमा पुगेछन् र छोरा मानदेवलाई भनेछन्, "तिमी पर्सि विहान धारामा जाँदा सेतो कपडा ओढेर सुतेको एउटा मान्छे देख्नेछौ। त्यसको मुख पनि नहेरी तिमीले बलिदान गर्नु।" मानदेवले त्यसै गरेछन्। तर बलिको रुपमा उक्त मानिसलाई काटिसकेपछि मुख खोलेर हेर्दा आफ्नै बाबु धर्मदेव रहेछन्। मानदेवले बाबुलाई काटेर मारेको त हो, तर जनताको हित सोचेर राजा धर्मदेवले गरेको आत्मबलिदान कस्तो गौरवपूर्ण थियो र

काठमाडौंका राजा पार्थिवेन्द्र मल्ल (वि. १७३७-४५) लाई काजी लक्ष्मीनारायणले विष खुवाएर मारेका थिए, तर त्यसको दोष अरुहरुलाई लगाएर सजाय दिएका थिए। पार्थिवेन्द्रको ठाउँमा भूपालेन्द्र मल्ल राजा भएका थिए।

पाटनका राजा विश्वजीत मल्ल (वि. १८०९-१६) त्यहींका प्रधानद्वारा काटिएका थिए। काटिनुको कारण उनको यौनपिपासा थियो। प्रधानकी सुन्दरी श्रीमतीलाई व्यभिचार निम्ति राजाले लगेकोले आफ्नो जारको रुपमा प्रधानले राजालाई काटेका थिए।

गोरखाका राजा पृथ्वीपति शाह (वि. १७२६-७३) का जेठा छोरा वीरभद्र शाह थिए। वीरभद्रका धेरै भाइहरुमध्ये एकजना रणदुल्लभ शाह थिए। त्यसवेला लमजुङ राज्यले गोरखा राज्यको केही भूभाग जितेर कब्जा गरेको थियो। रणदुल्लभ बुद्धिमान र व्यक्तित्वशाली थिए। उनी लमजुङले खोसेको भूभाग फिर्ता गर्न चाहन्थे। त्यस निम्ति उनले एउटा जुक्ति सोचेर "आफ्ना बाबुसँग ठूलो झगडा परेकाले म गोर्खामा बस्न सकिन। मलाई शरण देउ" भनी लमजुंगे राजकहाँ गएर भने।

लमजुंगे राजाले पनि खुसीसाथ शरण

दिएर उनलाई आफूले जितेको गोरखाको भूभागकै सामन्त बनाएर राखे। पछि उपयुक्त समयमा रणदुल्लभले आफ्ना बाबुलाई त्यहाँ आक्रमण गर्न भनी गुप्त रुपलें खबर गरे र बाबुलाई जिताई गोरखाको भूभाग फिर्ता गराए। रणदुल्लभले त्यस्तो पौरुख गरेर फर्केपछि गोर्खामा उनको भव्य स्वागत भयो। शायद उनैलाई गोर्खाको उत्तराधिकारी बनाउनुपर्छ भन्ने चर्चा पनि चल्यो। त्यो देखेर युवराज वीरभद्रलाई राजा बन्न पाउन्न कि भनी ज्यादै पीर पऱ्यो। त्यों अवस्था देखेपछि दाजुलाई थप पीडा नहोस् भनी रणदुल्लभले आत्महत्या गरेर दाजुलाई ढुक्क हुने बाटो खुलाइदिए। त्याग र आदर्शका यस्ता नमूना पनि छन्।

इतिहासमा यसखाले अनेकौं प्रसंगहरु छन्। स्वामिभेषमा रणबहादुर शाहले राज्यमा दख्खल दिन खोज्दा आफ्नै भाई शेरबहादुरले रणबहादुरलाई काटेर मारेको तर राज्यको लोभ नगरेको घटना पनि छ। कोतपर्वमा सैयौं भाई भारदार मारेर जंगबहादुर प्रधानमन्त्री भएपछि १ सय ४ वर्ष दोहोरो शासन चलेको पनि छ। काका रणोदीप सिंहलाई मारेर भतिजा वीर शमशेर प्रधानमन्त्री बनेको घटना पनि छ। तर कुनै राजाको सिंगै परिवार निवंश हुने गरी हत्याकाण्डमा परेको घटना पहिलो घटेको देखिन्न।

यी त भए मध्ययुगीन वंशगत, निरंकुश राजतन्त्रको युगका कुरा। त्यसबेला जे पनि हुन सक्थ्यो। बहादुर शाहले चाहेका भए शायद आफूलाई पृथ्वीनारायण शाहको उत्तराधिकारी घोषणा गर्न सक्थे। जंगबहादुरले राजेन्द्र शाहको वंश भुटेर आफ्नै वंशको राज्य चलाउन नसक्ने कुरै थिएन। तर सामन्तवादी राज्य र राजतन्त्रको परम्परा अनुरुप उनीहरुले त्यसो गरेनन्।

तर ०४६ पछि नेपालमा निरंकुश राजतन्त्र समाप्त भई संवैधानिक राजतन्त्र र बहुदलीय संसदीय प्रजातन्त्रको युगमा हामी छौं। विगत ११ वर्षमा राजा वीरेन्द्रले ०४७ को संविधानअनुरुप संवैधानिक राजतन्त्रको मर्यादा पालन गरेको, सबै राजनीतिक पार्टीहरुसित समान व्यवहार गरेको र भारत, चीन एवं अरु मुलुकबीच सन्तुलित भूमिका खेलेको आदि कुरा सबैलाई थाहा छ। नौ वर्ष शासन चलाउने कांग्रेस सरकार भ्रष्ट, असफल र अलोकप्रिय भएको बेलामा राजा वीरेन्द्र लोकप्रिय भएका थिए।

यस्तो विशिष्ट परिस्थितिमा राजा वीरेन्द्रको पूरै परिवारको निर्मम हत्या भयो र देशको राजगद्धी उनकै माहिला भाइ ज्ञानेन्द्रको हातमा गयो। संसदीय बहुदलीय प्रजातन्त्र र संवैधानिक राजतन्त्रको यस चरणमा यस्तो जघन्य हत्याकाण्ड किन भयो ? कसरी भयो ? कसले

गऱ्यो ? यस भयंकर हत्याकाण्डमा नेपालभित्रकै मानिसको मात्र हात छ कि, निकट र टाढाका विदेशी शक्तिहरुको कुनै षड्यन्त्र पनि गाँसिएको छ ? के यसमा पुन: सत्र साले प्रवृत्ति दोहोऱ्याउने नियत छ ? के यो षड्यन्त्र नेपालमा अस्तव्यस्तता र गृहयुद्ध भड्काएर सिक्किमको स्थिति ल्याउनेतिर प्रेरित छ ? के नेपाललाई लिस्नो बनाएर तिब्बतमा गडबड मच्चाई शक्तिशाली बन्दै गएको जनवादी चीनलाई पनि सोभियत संघको स्थितिमा पुऱ्याउने आकांक्षाले अभिप्रेरित छ ? के मात्र एउटा विवाहको प्रसंगले आफ्नै विनाशको यस्तो भीषण काण्ड घटाएको हो ? के त्यस्तो हुनु सम्भव छ ? या यो हत्याकाण्ड आन्तरिक पारिवारिक संघर्षको जघन्य रुप हो ? नेपाली जनताले सतर्क र गम्भीर रुपले ध्यान दिन आवश्यक छ।

इतिहासले जस्ता घटना पनि जन्माउन सक्छ। युवा युवतीको प्रेम र विवाह भंग हुँदा हत्या-आत्महत्याका अनगिन्ती घटना घटेको देखिएको छ। राजदरबारका सौन्दर्य, प्रेम र विघ्नबाधाका कारणले राज्यस्तरका ठूलठूला युद्धहरु पनि भएका छन्। घटना जति ठूलो र जघन्य भए पनि त्यसलाई केवल एक कोणले हेरेर या पूर्वाग्रहले विवेचना गरेर सही निष्कर्षमा पुग्न सकिंदैन।

वर्तमानमा नेपालको एकीकरण गर्ने महान् राजा पृथ्वीनारायण शाहका एघारौं पुस्ताका राजा एवं ०४७ को सम्झौताद्वारा संवैधानिक राजतन्त्रको मान्यता अंगालेका राजा वीरेन्द्रको सिंगो परिवार भीषण हत्याकाण्डमा परेको छ र उनको वंश नै विनाश भएको छ। नेपालको इतिहासमा पहिलो पटक भएको यस्तो अप्रत्यासित घटनाको गहिरो छानविन गरी यथार्थ तथ्य जनता सामु आउनुपर्छ। यसका तथ्यहरु लुकाउने, विनाश गर्ने प्रयास कतैबाट हुन्छ भने त्यसप्रति नेपाली जनता पूर्ण सतर्क हुनुपर्छ। छानविनसम्बन्धी चर्चा र प्रक्रिया शुरु भएको छ। यसको जिम्मेवारी लिनेहरुले यथार्थ तथ्य जनतासामु उदघाटित गर्न सक्नुपर्दछ। त्यस यथार्थको धरातलमा उभिएर नेपाली जनता पूर्ण विश्वस्त र ढुक्क भई अझ आत्मविश्वासका साथ अघि बढ्ने छ।

✦

स्वर्गीय श्री ५ वीरेन्द्रको संक्षिप्त जीवनी

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शुभजन्म संवत् २००२ साल पुस १४ गते (सन् १९४५ डिसेम्बर २८ तारिख) का दिन स्वर्गीय श्री ५ महेन्द्र वीर विक्रम शाह (तत्कालीन श्री ५ युवराजाधिराज) तथा स्वर्गीय युवराज्ञी इन्द्रराज्यलक्ष्मीदेवी शाहका ज्येष्ठ सुपुत्रका रुपमा नारायणहिटी राजदरवार काठमाडौंमा भएको हो।

बाल्यकाल

श्री ५ महाराजाधिराजको लालनपोषण प्रारम्भमा मौसूफका मुमाज्यू श्री ५ युवराज्ञी इन्द्रराज्यलक्ष्मी देवी शाहबाट र पछि श्री ५ मुमा बडामहारानी रत्नराज्यलक्ष्मीदेवी शाहको अगाध स्नेहमय वातावरणमा भयो। मौसूफका दुई भाइ, दुइ दिदीज्यूहरु तथा एक बहिनी होइबक्सन्छ।

मौसूफ २००७ सालमा राष्ट्रपिता स्वर्गीय श्री ५ त्रिभुवन र बुबाज्यू स्वर्गीय श्री ५ महेन्द्रका साथ भारत सवारी होइबक्सेको थियो।

शिक्षा

श्री ५ महाराजाधिराजको प्रारम्भिक शिक्षा दार्जिलिङको सेन्ट जोसेफ स्कूलमा सुसम्पन्न भयो। मौसूफबाट ६ वर्षको उमेरदेखि नै स्तरीय शिक्षा, अनुशासित एवं सुव्यवस्थित जीवनको तालीम, स्वास्थ्य तथा विज्ञानसम्बन्धी प्रारम्भिक ज्ञान, गणित, भाषणकला, शारीरिक खेल र चित्रकला आदिको ज्ञान हासिल गरिबक्स्यो। विद्यालयको शिक्षापछि श्री ५ महाराजाधिराज २०१६ साल (सन् १९५९) मा संयुक्त अधिराज्यको इटन कलेज सवारी होइबक्स्यो। त्यहाँ प्राप्त आधुनिक विज्ञान र प्रविधि विकासको ज्ञानका साथै प्राचीन तथा आधुनिक इतिहासको शिक्षाले मौसूफको प्रारम्भिक जीवन निर्माणमा अझ बढी सहयोग पुऱ्यायो। यस अवधिमा विशेषगरी छुट्टीको समयमा

मौसूफबाट फ्रान्स, जर्मनी, इटाली तथा अरु युरोपेली मुलुकहरुको भ्रमण गरिबक्सी आफ्नो ज्ञानको क्षेत्रलाई अझ विस्तृत पारिबक्स्यो।

श्री ५ महाराजाधिराज २०२४ साल (सन् १९६७) मा जापानको टोकियो विश्वविद्यालयमा भर्ना होइबक्सी मौसूफबाट जापानको आधुनिकीकरणका विषयमा अध्ययन गरिबक्स्यो। त्यसबेला होन्सु, क्युसु, सिकोकु र होक्काइडो टापुहरुको यात्रा गरिबक्सेर मौसूफ जापानी जीवनशैलीसँग परिचित होइबक्स्यो।

जापानको अध्ययनपश्चात् श्री ५ महाराजाधिजार संयुक्त राज्य अमेरिकाको हार्वर्ड विश्वविद्यालय सवारी होइबक्स्यो। मौसूफबाट त्यहाँ प्रशासन, अर्थशास्त्र, सामाजिक शास्त्र एवं अमेरिकी राष्ट्रपतिसम्बन्धी विभिन्न विषयहरुको अध्ययनमा एक शैक्षिक वर्ष व्यतीत गरिबक्स्यो। यस अवधिमा मौसूफलाई हेनरी किसिन्जर, डिन प्राइस, कार्ल डचेच, ई राइसआवर र जोन केनेथ ग्याल्ब्रेथ जस्ता सुप्रसिद्ध प्राध्यापकहरुको सामीप्यमा रही अध्ययन गर्ने सुअवसर प्राप्त भयो। हार्वर्ड विश्वविद्यालयको अध्ययनपछि मौसूफबाट ल्याटिन अमेरिका, क्यानडा, यूरोप, एशिया र अफ्रिकाका विभिन्न मुलुकहरुको अध्ययन भ्रमण गरिबक्स्यो। यस भ्रमणमा मौसूफबाट ती राष्ट्रका राष्ट्राध्यक्ष तथा वरिष्ठ नेताहरुसँग पनि परिचय गरिबक्सेको थियो।

राजगद्दीका उत्तराधिकारी

श्री ५ महाराजाधिराजको छात्रजीवनमा नै बुबाज्यू स्वर्गीय श्री ५ महेन्द्रबाट २०११ साल चैत्र १ गते (सन् १९५५ मार्च १५ तारिख)का दिन मौसूफलाई नेपाल अधिराज्यको राजगद्दीका उत्तराधिकारी घोषित गरिबक्स्यो।

शुभ उपनयन

मौसूफको शुभ उपनयन-समारोह २०१९ साल चैत्र २९ गते (सन् १९६३ अप्रिल ११ तारिख) का दिन वैदिक विधिअनुसार नारायणहिटी राजदरबारमा सुसम्पन्न भयो।

उमेर पुगिबक्सेको समारोह

श्री ५ महाराजाधिराज वीरेन्द वीर विक्रम शाहको उमेर पुगिबक्सेको समारोह २०२१ साल असोज १ गते (सन् १९६४ सेप्टेम्बर १७ तारिख)का दिन हनुमान ढोका दरबार गद्दी बैठकमा सुसम्पन्न भयो। सोही अवसरमा स्वर्गीय श्री ५ महेन्द्रबाट मौसूफलाई पृथुलाधीश तथा शाही नेपाली सेनाको सर्वोच्च महासेनानीको पदवी पनि प्रदान गरिबक्स्यो।

प्याराविङको उपाधिद्वारा विभूषित

श्री ५ महाराजाधिराजबाट २०२५ सालमा प्यारासुटद्वारा फाल हाल्ने तालिम हासिल गरिबक्स्यो र सोही वर्ष स्वर्गीय श्री ५ महेन्द्रबाट प्याराविङको उपाधिद्वारा विभूषित होइबक्स्यो। मौसूफ २०३२ सालसम्म नेपाल स्काउट्सका प्रमुख स्काउट र त्यसपछि प्रमुख संरक्षक रहिबक्स्यो।

गृहस्थी जीवनमा प्रवेश

श्री ५ महाराजाधिराजको शुभ-विवाह २०२६ साल फागुन १७ गते (सन् १९७० फब्रुअरी २८ तारिख)का दिन रथी स्वर्गीय केन्द्रशमशेर जबरा तथा श्रीमती श्रीराज्यलक्ष्मी राणाका जेष्ठ सुपुत्री श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मीदेवी शाहका साथ सुसम्पन्न भयो। मौसुफको शुभविवाहमा विश्वका पचासभन्दा बढी राष्ट्रका प्रतिनिधिहरुले शाही अतिथिको रुपमा भाग लिएका थिए।

श्री ५ महाराजाधिराज तथा श्री ५ बडामहारानीका दुई सुपुत्र र एक सुपुत्री होइबक्सन्थ्यो। मौसूफहरुको जेष्ठ पुत्ररत्न श्री ५ युवराजाधिराज दीपेन्द्र वीर विक्रम शाहदेवको शुभजन्म २०२८ साल असार १३ गते (सन् १९७१ जून २७ तारिख) का दिन भएको थियो। यस्तै मौसूफहरुका एकमात्र पुत्रीरत्न श्री ५ अधिराजकुमारी श्रुती राज्यलक्ष्मीदेवी शाहको शुभ जन्म २०३३ साल (सन् १९७६) मा र कनिष्ट पुत्र श्री ५ अधिराजकुमार नीराजनवीरविक्रम शाहको शुभजन्म २०३५ साल (सन् १९७८) मा भएको थियो।

व्यवहारिक ज्ञानप्राप्ति

श्री ५ महाराजाधिराजबाट २०२१ देखि २०२८ सालसम्म विभिन्न समयमा स्वर्गीय श्री ५ महेन्द्र विदेश भ्रमणमा सवारी होइबक्सँदा राजकीय परिषद् वा राजप्रतिनिधि-परिषद्का अध्यक्षको कार्यभार सम्हालिबक्स्यो। मौसूफबाट पहिलोपटक यो कार्यभार स्वर्गीय श्री ५ महेन्द्रबाट २०२१ साल (सन् १९६४) को असोज महिनामा कायरोमा भएको असंलग्न राष्ट्रहरुको दोस्रो शिखर सम्मेलनमा नेपालको प्रतिनिधिमण्डलको नेतृत्व गरिबक्सँदा सम्हालीबक्सेको थियो।

गद्दी आरोहण

नेपाल अधिराज्यका श्री ५ महाराजाधिराजका रुपमा तत्कालीन श्री ५ युवराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट २०२८ साल माघ १७ गते (सन् १९७२ जनवरी ३१ तारिख) का दिन गद्दी आरोहण गरिबक्स्यो।

शुभ राज्यभिषेक

मौसूफको शुभ राज्यभिषेक संवत् २०३१ साल फागुन १२ गते (सन् १९७५ फेब्रुअरी २४ तारिख) का दिन वैदिक विधि तथा राजपरम्पराअनुसार विशेष सार्वजनिक समारोहका बीच सुसम्पन्न भयो। सो समारोहमा विश्वका विभिन्न राष्ट्रका राजपरिवारका सदस्य, राष्ट्राध्यक्ष र सरकारप्रमुखलगायत साठीभन्दा बढी देशका विशिष्ट अतिथिहरुको उपस्थिति थियो। नेपालमा विशिष्ट विदेशी अतिथिहरुको यति ठूलो संख्यामा एकै समयमा उपस्थिति भएको यो नै पहिलो अवसर

थियो।

योगदान

गद्दीआरोहणको लगत्तै श्री ५ महाराजाधिराजसमक्ष शाहबंशका अन्य यशस्वी राजाहरुले जस्तै देशको सार्वभौम अखण्डता र स्वतन्त्रताको रक्षा गर्नाका साथै विकासपथमा बामे सर्न लागेको नेपाल र नेपालीको भाग्यनिर्माण गर्नुपर्ने महान् दायित्व थियो।

श्री ५ महाराजाधिराज देशविकास जस्तो जटिल र कठिन कार्य हचुवा ढंगले हुन नसक्ने भएकाले आमदेशबासीका विचार, भावना र सुझावलाई समेटेर मात्रै योजनाबद्ध विकासको प्रारुप गर्नुपर्छ भन्ने मान्यता राखिबक्सन्थ्यो। चुनौतीका रुपमा रहेका राष्ट्रिय दायित्वहरुलाई पूरा गरिबक्सन विकासक्रममा देखापरेको क्षेत्रीय असन्तुलन हटाएर विकासको फल तमाम नेपालीले समान रुपमा पाउन् भन्ने सदिच्छाबमोजिम मौसूफबाट २०२९ सालमा पूर्वाञ्चल, मध्यमाञ्चल, पश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चल विकास क्षेत्रहरुको स्थापना गरिबक्स्यो।

नेपालको प्रशासन क्षेत्रमा जनकल्याणका निम्ति बनेका नीति र योजनाहरुको कार्यान्वय गर्ने क्षमतामा वृद्धि होस् र प्रशासनिक कमजोरीबाट पर्नसक्ने मर्काहरु हटाउन सकियोस् भन्ने उद्देश्य लिइबक्सी स्वर्गीय महेन्द्रबाट २०२७ सालमा घोषणा गरिबक्सेको जाँचबुझ कुन्द्रको जिम्मेवारी मौसूफबाट युवराजाधिराज होइबक्सँदादेखि नै कुशलतापूर्वक बहन गरिबक्सेको थियो। यस केन्द्रले प्रशासनिक क्षेत्रदेखि लिएर ज्ञान, विज्ञान र प्रविधि विषयहरुमा कुशलता हासिल गरेका कैयौं नेपाली बुद्धिजीवहरुको सहयोग लिई शिक्षा, सामाजिक सेवा, धर्मसंस्कृति, संचार, जलस्रोत, उद्योग, यातायात, वन, कृषि र स्वास्थ्यजस्ता क्षेत्रहरुको विकाससम्बन्धी नीति तथा कार्यक्रमहरु क्रमिक रुपमा तर्जुमा गरी श्री ५ को सरकारलाई सहयोग पुऱ्यायो।

श्री ५ महाराजाधिराजको विशेष संलग्नता एवं तत्परतामा देशका बुद्धिजीवी, विशेषज्ञ एवं नीतिनिर्माताहरुलाई व्यापक रुपमा परिचालन गरी राष्ट्रिय मूल नीति तर्जुमा भएको थियो। जसअनुसार देशको प्रशासन, शिक्षा, वन, यातायात, स्वास्थ्यलगायत विभिन्न क्षेत्रमा दूरगामी महत्वका योजनाहरु लागू गरिएको कुरा स्मरणीय छ। विकासका आधारभूत संरचनाहरुको निर्माण गर्नु राष्ट्रिय विकासको सन्दर्भमा एक चुनौतीपूर्ण कार्य हो र मौसूफको शासनकालको विगतको समय यसै प्रयोजनमा खर्च भएको थियो।

असंलग्न राष्ट्रहरुको शिखर सम्मेलन

श्री ५ महाराजाधिराजबाट अल्जेरियादेखि युगोस्लाभियासम्म भएका असंलग्न राष्ट्रहरुका ६ वटा शिखर सम्मेलनहरुमा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गरिबक्सेको थियो। मौसूफबाट २०३० साल (सन् १९७३)मा अल्जेरियर्समा भएको असंलग्न राष्ट्रहरुको चौथो शिखर सम्मेलनमा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गरिबक्सेको थियो। यो भ्रमण मौसूफको राज्यारोहणपछिको पहिलो विदेश भ्रमण हो। यसैगरी, मौसूफबाट २०३३ साल (सन्

१९७६) मा कोलम्बोमा सम्पन्न पाँचौं, २०३६ साल (सन् १९७९) मा हवानामा भएको छैटौं, २०३९ साल (सन् १९८३)मा नयाँ दिल्लीमा सम्पन्न सातौं, २०४३ साल (सन् १९८६)मा हरारेमा भएको आठौं र २०४६ साल (सन् १९८९)मा बेलग्रेडमा आयोजित असंलग्न राष्ट्रहरुको नवौं शिखर सम्मेलनमा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गरिबक्सेको थियो।

दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क)

श्री ५ महाराजाधिराज क्षेत्रीय सहयोगका माध्यमबाट परस्परको विकास हुन्छ भन्ने कुरामा विश्वस्त रही बक्सेको कुरा २०३४ सालमा काठमाडौंमा आयोजित कोलम्बो योजनाको छब्बीसौं परामर्शदातृ समितिको पूर्ण बैठकमा मौसूफबाट बक्सेको सम्बोधनमा देखिएको छ। मौसूफबाट दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क)को स्थापना तथा यसको संरचनात्मक विकासमा महत्वपूर्ण योगदान गरिबक्सेको छ। सार्कमा नेपालले खेलेको भूमिकाले गर्दा २०४३ साल (सन् १९८७ जनवरी)मा सार्कको सचिवालय काठमाडौंमा स्थापना भएको हो।

मौसूफबाट दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठनको २०४२ साल (सन् १९८५)मा बंगलादेशको राजधानी ढाकामा सम्पन्न प्रथम शीर्षस्थ सम्मेलन र २०४३ साल (सन् १९८६)म भारतको बंगलोरमा भएको दोस्रो शीर्षस्थ सम्मेलनमा भाग लिइबक्सेको थियो। श्री ५ महाराजाधिराजबाट २०४४ साल कार्तिक १६ गतेदेखि १८ गते (सन् १९८७ नोभेम्वर २ तारिखदेखि ४ तारिख)सम्म काठमाडौंमा आयोजित दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क)को तेस्रो शीर्षस्थ सम्मेलनको अध्यक्षता गरिबक्स्यो। मौसूफ दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठनका अध्यक्षका हैसियतले २०४५ साल (सन् १९८८)मा सार्क राष्ट्रहरुको परामर्श भ्रमणमा सवारी होइबक्स्यो। सोही वर्ष पाकिस्तानको राजधानी इस्लामाबादमा सम्पन्न सार्कका चौथो शीर्षस्थ सम्मेलनमा मौसूफबाट भाग लिइबक्सेको थियो।

शान्ति क्षेत्र प्रस्ताव

नेपालको शान्तिप्रिय असंलग्न नीतिलाई नयाँ गति प्रदान गर्न २०३१ साल (सन् १९७५)मा शुभ राज्यभिषेकका अवसरमा मौसूफबाट नेपाललाई शान्तिक्षेत्र घोषित गरियोस् भनी प्रस्ताव राखिबक्स्यो। देशको द्रुततर विकासका लागि शान्ति अनिवार्य हुन्छ भन्ने तथ्यले अभिप्रेरित उक्त शान्ति क्षेत्रको प्रस्तावलाई एक सय सोह्र मित्रराष्ट्रहबाट समर्थन प्राप्त भएको थियो।

बहुदलीय व्यवस्थाको पुनः स्थापना

लोकसम्मति अनुकूल प्रजातान्त्रिक शासन-प्रणालीलाई अंगीकार गरी देश र जनताको भलाइमा सदा चिन्तनशील रहिबक्सने श्री ५ महाराजाधिराजबाट राष्ट्रिय जनमतसंग्रह सम्पन्न भएको करिब दश वर्षपछि २०४६ साल (सन् १९९०) मा जनताको इच्छा अनुसार निर्दलीय पंचायती व्यवस्थाको अन्त गरी बहुदलीय व्यवस्थाको पुनः स्थापना भएको घोषणा गरिबक्स्यो।

नयाँ संविधान घोषणा

श्री ५ महाराजाधिराजबाट २०४७ साल (सन् १९९०) मा नेपाल अधिराज्यको संविधान, २०४७ घोषणा गरी लागू गरिबक्स्यो। यस संविधानले पत्येक नेपाली नागरिकको आधारभूत मानव अधिकार सुरक्षित गरी स्वतन्त्रता र समानताका आधारहरु नेपाली जनताका बीच भातृत्व र एकता कायम गरी बालिग मताधिकार, संसदीय शासनप्रणाली, संवैधानिक राजतन्त्र तथा बहुदलीय प्रजातन्त्रलाई सुदृढीकरण गर्ने र स्वतन्त्र एवं सक्षम न्यायप्रणालीको व्यवस्था गरी कानूनी राज्यको अवधारणालाई साकार पार्ने मूलभूत उद्देश्य लिएको छ।

स्वर्गीय श्री ५ ऐश्वर्यको जीवनी

स्वर्गीय श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाहको शुभ-जन्म संवत् २००६ साल कार्तिक २२ गते तदनुसार सन् १९४९ को नोभेम्बर ७ तारिखका दिन काठमाडौंको लाजिम्पाटमा भएको थियो। मौसूफ रथी स्व. केन्द्रशमशेर जबरा तथा श्रीमती श्रीराज्यलक्ष्मी राणाकी जेष्ठ सुपुत्री होइबक्सन्थ्यो। मौसूफका एक दाजु, दुई बहिनी तथा एक भाइ हुनुहुन्छ।

स्वर्गीय श्री ५ बडामहारानीको प्रारम्भिक शिक्षा भारतको खर्साङ्गस्थित सेण्ट हेलेन्स कन्भेण्ट र नेपालको जावलाखेलस्थित सेण्ट मेरिज स्कूलमा भएको थियो। मौसूफ सेण्ट मेरिज स्कूलको छात्राबासमा ३ वर्षसम्म रही अध्ययन गरिबक्सेको थियो । यसपछि केही समयसम्म मौसूफबाट घरमा नै निजी रुपमा अध्ययन गरिबक्स्यो। तत्पश्चात् मौसूफबाट राजधानीको सार्वजनिक विद्यालय कान्ति-ईश्वरी राज्यलक्ष्मी हाई स्कूलमा एक वर्षसम्म अध्ययन गरिबक्स्यो । मौसूफबाट उक्त विद्यालयमा सर्वसाधारण नेपाली बालिका एवं छात्राहरुसरह सामान्य हाईस्कूलको अनुभव पनि हासिल गरिबक्स्यो। मौसूफ संवत् २०२० साल (सन् १९६३)मा प्रवेशिका (एसएलसी) परीक्षामा उत्तीण होइबक्सेको थियो।

स्वर्गीय श्री ५ बडामहारानीबाट त्रिभुवन विश्वविद्यालय अन्तर्गतको काठमाडौंस्थित पद्मकन्या कलेजमा अध्ययन गरिबक्स्यो। मौसूफ संवत २०२२ (सन् १९६५)मा सोही कलेजबाट इण्टरमिडियट अफ् आर्टस (आईए) को परीक्षामा उत्तीर्ण होइबक्स्यो। त्यसपछि मौसूफबाट प्राइभेट परीक्षार्थीको रुपमा संवत् २०२४ साल (सन् १९६७) मा त्रिभुवन विश्व विद्यालयबाट कला विषयमा स्नातक (बी.ए) को उपाधि हासिल गरिबक्सेको थियो। श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवका साथ श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मीदेवी शाहको शुभ विवाह २०२६ साल फागुन १७ गते (सन् १९७० फेब्रुअरी २८ तारिख) का दिन वैदिक विधिअनुसार काठमाडौंमा सुसम्पन्न भएको थियो।

श्री ५ महाराजाधिराजका साथ मौसूफको शुभविवाह हुने विज्ञप्ति जारी भएकै दिन २०२६ साल वैशाख २ गते मौसूफ युवराज्ञीको सम्मानद्वारा विभूषित होइबक्सेको थियो। स्वर्गीय श्री ५ महाराजाधिराज तथा स्वर्गीय श्री ५ बडामहारानीका प्रथम पुत्ररत्नका रुपमा संवत् २०२८ साल असार १३ गते (सन १९७१ जुन २७ तारिख) का दिन श्री ५ महाराजाधिराज दीपेन्द्र वीर विक्रम शाहदेव, संवत् २०३३ साल (सन् १९७६)मा श्री ५ अधिराजकुमारी श्रुती राज्यलक्ष्मी देवी राणा र २०३५ साल (सन् १९७८) मा श्री ५ अधिराजकुमार नीराजन वीर विक्रम शाहको शुभ-जन्म भएको थियो। स्वर्गीय श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शुभराज्यभिषेक संवत् २०३१ साल फागुन १२ गते (सन १९७५ फेब्रुअर २४ तारिख) का दिन वैदिक विधि एवं राजपरम्परा अनुसार काठमाडौंको प्राचीन हनुमानढोका दरबारको नासल चोकमा सुसम्पन्न भएको थियो। उक्त समारोहमा श्री ५ बडामहारानी ऐश्वर्य पटबन्धा बडामहारानीका रुपमा श्री ५ महाराजाधिराजका साथ आसीन होइबक्सन्थ्यो। मौसूफबाट नेपालको स्वास्थ्य तथा सामाजिक क्षेत्रमा पुऱ्याई बक्सेको योगदानलाई कदर गर्दै संयुक्त अधिराज्यको एडिनबरास्थिति रोयल कलेज अफ सर्जन्सले संवत् २०४६ सालमा मौसूफमा सो कलेजको फेलोशीप उपाधिबाट सम्मानित गरेको थियो।

स्वर्गीय श्री ५ बडामहारानीबाट संयुक्त राष्ट्र संघको तत्वावधानमा वि.सं.

२०३३ सालमा काठमाडौंमा आयोजित एशिया तथा प्रशान्त क्षेत्रका राष्ट्रहरुले भाग लिएको राजनीतिक, आर्थिक तथा सामाजिक विकासमा महिलाहरुको सहभागितासम्बन्धी अन्तर्राष्ट्रिय गोष्ठीको समुद्घाट गरिबक्सेको थियो। मौसूफ सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्को गठन ०३४ सालमा भएदेखि ०४६ सालसम्म यसको अध्यक्षको रुपमा रहिबक्सेको थियो। ✱

नेपालको राजदरबारमा अकल्पनीय घटना

२०५८ साल जेठ १९ गते राति नेपालको नारायणहिटी राजदरबारमा राजपरिवारको नियमित शाही भोजको समयमा भएको रहस्यमय हत्याकाण्डका कारण मुलुक यतिखेर गहिरो शोक, अन्योल र चिन्तामा डुब्न पुगेको छ। उक्त रहस्यमय हत्याकाण्डको घटनामा श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव, श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाह, श्री ५ युवराजाधिराज दीपेन्द्र वीर विक्रम शाहदेव, श्री ५ अधिराजकुमार नीराजन वीर विक्रम शाहदेव र श्री ५ अधिराजकुमारी श्रुती राज्यलक्ष्मी देवी राणाको दुःखद् स्वर्गारोहण भएको छ। त्यस्तै सो घटनामा श्री ५ अधिराजकुमारी शान्ति, श्री ५ अधिराजकुमारी शारदा, अधिराजकुमारी जयन्ती शाह, कुमार खड्गविक्रम शाह र पूर्व अधिराजकुमार धीरेन्द्र शाहको पनि दुःखद् स्वर्गारोहण भएको छ। वर्तमान श्री ५ बडामहारानी कोमल राज्यलक्ष्मी देवी शाह, कुमार गोरखशमशेर राणा, अधिराजकुमारी शोभा शाही र राजपरिवारका सदस्य केतकी चेस्टरको गोलीबाट घाइते भई वीरेन्द्र सैनिक अस्पतालमा उपचार भइरहेको छ।

नेपालको राजदरबारमा भएको यो विभत्स र अकल्पनीय हत्याकाण्ड विश्वकै लागि आश्चर्यजनक घटना बन्न पुगेको छ। यो घटनाका बारेमा शुरुदेखि नै अनेकौं अड्कल, आशंका र भ्रमहरु सार्वजनिकरुपमा अभिव्यक्त भइरहेका छन्।

नेपालका राजालगायत राजपरिवारका सदस्यहरुमाथि गोली हानेर हत्या गरिएको यो घटना वास्तवमै दुर्दान्त बन्न पुगेको छ र यो घटना निन्दनीय पनि छ। विश्वभर शान्तिको आराधना गर्ने गौतम बुद्धको देश भनेर चिनिएको नेपालमा राजपरिवारभित्रैबाट यसरी भयंकर हत्याकाण्ड मच्चाइनुलाई सबैले विश्वकै आश्चर्यपूर्ण दुःखद् घटनाका रुपमा लिएका छन्।

स्वर्गवासी श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको योगदान नेपालमा अविस्मरणीय रहेको छ। प्रजातन्त्रको पुनर्स्थापनापछिका वर्षहरुमा प्रजातन्त्रप्रति प्रतिबद्ध रहँदै श्री ५ वीरेन्द्रबाट प्रस्तुत भूमिका सबैका लागि प्रशंसनीय रहन पुगेको छ। आफू र आफ्नो परिवारलाई राजसी रहनसहनबाट सामान्यस्तरमा ल्याउन गरिबक्सेका प्रयत्नहरु, मुलुकको विकास र शान्तिका लागि भएको योगदान तथा राष्ट्रियताको सम्वर्द्धनमा लिइबक्सेको अडानले श्री ५ वीरेन्द्रको लोकप्रियता निकै सशक्त बन्न पुगेको थियो। मौसुफको स्वर्गारोहणबाट नेपालको बहुदलीय प्रजातन्त्रको विकासको मार्गमा केही बाधा-व्यवधानहरु उपस्थित हुने हुन् कि भन्ने चिन्तासमेत जनस्तरबाट हुन पुग्यो। यद्यपि, वर्तमान श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट आफ्ना स्वर्गवासी दाजु श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेवको पदचिन्हलाई पछ्याई संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रप्रति प्रतिबद्ध रही मुलुकलाई अगाडि बढाउन चिन्तनशील रहिबक्सने अठोट शाही घोषणामार्फत् नै सार्वजनिक गरिबक्सेको छ। श्री ५ को उक्त अठोटपछि प्रजातन्त्रप्रेमीहरुले आफूलाई आश्वस्त र विश्वस्त राख्ने ठाउँ पाएका छन्।

नेपालको राजदरबारमा भएको हत्याकाण्डको लगत्तै उक्त काण्डका बारेमा विभिन्न प्रचारबाजीहरु शुरु भएका थिए। अनेक किसिमका हल्ला र प्रचारका बीच जनसमुदाय उद्वेलित र आक्रोशितसमेत बन्न पुगेको थियो। देशभर हत्याकाण्डको विरोध र हत्यारा पत्ता लगाई कारबाही गर्नुपर्ने मागसहित जुलुसहरु भए। नाराबाजीहरु भए। जनजीवन अस्तव्यस्त बन्न पुग्यो। राजधानीमै मात्र त्यस अवधिमा प्रहरीको गोलीबाट ६ जनाको मृत्यु भएको बताइएको थियो भने दुई दिन काठमाडौं महानगरपालिका र ललितपुर उप-महानगरपालिकाभित्र कर्फ्यू नै लगाउनुपरेको थियो। यसैबीच राजनीतिक पार्टीहरुबाट पनि घटनाको निष्पक्ष र उच्चस्तरीय छानविनका लागि माग शुरु भएपछि श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट तीन सदस्यीय उच्चस्तरीय समिति गठन गरिबक्सेको थियो। सर्वोच्च अदालतका प्रधानन्यायाधीश केशवप्रसाद उपाध्यायको अध्यक्षतमा गठन गरिएको उच्चस्तरीय समितिका सदस्यमा प्रतिनिधि सभाका सभामुख तारानाथ रानाभाट र प्रमुख प्रतिपक्षी दलका नेता माधवकुमार नेपालको नाम सदस्यमा घोषणा गरिएको थियो। तर श्री ५ बाट समिति गठन गरेको घोषणा गरेको भोलिपल्टै प्रतिपक्षी नेता नेपालले समितिको गठन संविधानअनुरुप हुनुपर्ने अडानका साथ उक्त समितिको सदस्यबाट राजीनामा दिनुभयो। उहाँको राजीनामा श्री ५ बाट स्वीकृतसमेत भइसकेको छ।

काण्ड एक- प्रतिक्रिया अनेक

राष्ट्रिय एकताका प्रतीक श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव तथा श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाहको अत्यन्त दुःखद् एवं अप्रत्यासित निधनले हामी सम्पूर्ण नेपाली जनता स्तब्ध र शोकमग्न भएका छौं। नेपालको ऐतिहासिक राजसंस्थाको गरिमा र मर्यादालाई झन्झन् उज्ज्वल पार्दै जनताको सुखदुःखमा निरन्तर समर्पित देशको प्रगति र एकताका निम्ति चिन्तनशील एवं संवैधानिक राजतन्त्र र बहुदलीय संसदीय प्रजातन्त्रको पुनर्स्थापना र विकासका निम्ति अविस्मरणीय योगदान पुऱ्याउने आफ्ना प्यारा राजारानीको अप्रत्यासित निधनको यो अत्यन्त दुःखद् र पीडादायक राष्ट्रिय दुर्घटनाले नेपाली जनतालाई लामो समयसम्म् मर्माहत गराइराख्ने छ। मौसूफहरुको अप्रत्यासित निधनको यो घटनासँगै श्री ५ अधिराजकुमारी शारदा राज्यलक्ष्मी देवी शाह, श्री ५ शाहज्यादी जयन्ती शाह र कुमार खडगविक्रम शाह समेतको सामूहिक एवं अप्रत्यासित निधनले हामी सबै नेपालीलाई अत्यन्त मर्माहत बनाएको छ।

यो हृदयविदारक एवं राष्ट्रिय शोकको वेला देशभित्र र बाहिर बस्ने सम्पूर्ण नेपाली दिदीबहिनी, दाजुभाइहरुलाई शान्त र संयमित रहन तथा धैर्यका साथ यस राष्ट्रिय विपत्तिलाई सहन सक्ने साहस बटुल्न अपिल गर्दछु। नेपाली जनताको एकता र संयमको प्रदर्शन नै राष्ट्रिय शोकको यस घडीमा दिवंगत आफ्ना प्यारा राजारानीप्रति भापूर्ण श्रद्धाञ्जलि हुनेछ।

गिरिजाप्रसाद कोइराला
प्रधानमन्त्री

जेठ १९ गते राति श्री ५ महाराजाधिराज, श्री ५ बडामहारानी तथा राजपरिवारका अन्य केही सदस्यहरुको अस्वभाविक, अप्रत्यासित र असामयिक निधनको खबरले हाम्रो पार्टी स्तब्ध र दुःखित भएको छ।

हाम्रो पार्टी यस दुःखद् घडीमा श्री ५ महाराजाधिराज, श्री ५ बडामहारानी तथा राजपरिवारका दिवंगत सदस्यहरुप्रति हार्दिक तथा भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछ। हाम्रो पार्टी शोक सन्तप्त परिवारप्रति गहिरो समवेदना प्रकट गर्दछ र उपचारार्थ अस्पतालमा राखिनुभएका राजपरिवार अन्य सदस्यहरुको शीघ्र स्वास्थ लाभको कामना गर्दछ।

राष्ट्रिय शोकको यस घडीमा देशभरिका सम्पूर्ण नेपाली जनतामा धैर्यधारण गर्न तथा वर्तमान बहुदलीय व्यवस्था, संविधानको रक्षाको निम्ति एकताबद्ध भई अगाडि बढन सम्पूर्ण राजनीतिक पार्टी र शक्तिहरु समक्ष हार्दिक आह्वान गर्दछ।

०५८ साल जेठ २१ गते नेकपा (एमाले) स्थायी कमिटीको बैठक पार्टी केन्द्रीय कार्यालयमा महासचिव कमरेड माधवकुमार नेपालको अध्यक्षतामा बस्यो। बैठकले निम्न निर्णयहरु गरेको छ :

१. ०५८ साल जेठ १९ गते राति राजदरबारमा घटेको अस्वाभाविक, अप्रत्यासित र गम्भीर घटनाको सम्बन्धमा राष्ट्रिय र अन्तर्राष्ट्रिय जगतमा व्यापक अन्यौल रहेको स्थितिलाई ध्यानमा राखी त्यसको गम्भीरतापूर्वक एवं पारदर्शी ढंगले छानबिन गरी समग्र तथ्यसत्य सार्वजनिक गरिनुपर्दछ।

२. वर्तमान श्री ५ महाराजाधिराज तथा अस्पतालमा उपचारार्थ राखिनुभएका राजपरिवारका अन्य सदस्यहरुको स्वास्थ्य स्थितिको बारेमा नियमित रुपले सार्वजनिक जानकारी गराइनुपर्दछ।

माधवकुमार नेपाल
महासचिव
नेकपा (एमाले)

हाम्रो मुलुक चौतर्फी संकटपूर्ण स्थितिमा रहेको कुरा हाम्रो पार्टीले पहिले नै विश्लेषण गरिसकेको थियो। प्राप्त बहुदलीय स्वतन्त्रता र राष्ट्रिय सार्वभौमिकतामा आइपरेको खतरा सिक्किमीकरणको खतराबारे पार्टी सतर्क र सचेत रहँदै आएको थियो।

अहिले सिंगो मुलुक कुशासन र भ्रष्टाचारको दलदलमा फसेको छ। प्रधानमन्त्री गिरिजाप्रसाद स्वयं त्यसका नायक रहेका छन्। त्यसैले भ्रष्टाचार र कुशासनको आरोपमा प्रधानमन्त्रीलाई राजीनामा गराउन हाम्रो पार्टी समेत संघर्षमा ओर्लिएको थियो। यसैबीच गत जेठ १९ गते राति नारायणहिटी दरबारमा षड्यन्त्रपूर्ण ढंगले राजारानीलगायत राजपरिवारको विभत्स हत्याकाण्डले सिगो देशलाई झकझोर पारेको छ। राजा वीरेन्द्र, रानी ऐश्वर्य, अधिराजकुमार निराजन, अधिराजकुमारी श्रुती र राजपपरिवारका अन्य सदस्य तथा नातागोताको विभत्स हत्या र तात्कालीन युवराज दीपेन्द्रको कथित आत्महत्या अझै एक भयानक रहस्य बनेको छ। यसमा दरबारिया, दरबार बाहिरिया तथा विदेशी शक्तिको रहस्यमय संलग्नताबारे हाम्रो पार्टी आशंकामुक्त हुन सक्दैन। त्यसैले यो भयानक हत्याकाण्ड राष्ट्रिय-अन्तर्राष्ट्रिय षड्यन्त्रको परिणाम हुन सक्ने कुरालाई ध्यान दिई नेपाली जनताको सार्वभौम अधिकारको उपभोगका निम्ति सम्पूर्ण तथ्य सार्वजनिक गर्न सर्वस्वीकृत उच्चस्तरीय छानबिन आयोग गठन गरिनुपर्छ भन्ने हाम्रो दृढ माग रहेको छ।

सधैं दरबारभित्र सापेक्षित उदार र अनुदार प्रवृत्तिबीचको द्वन्द्व रहँदै आएको सर्वविदितै छ। आधारभूत रुपमा एकै वर्गको एउटै चरित्र रहे पनि कतिपय मामलामा देखा परेका भिन्नताले राजाको भूमिका अपेक्षाकृत नरम, उदारवादी एवं सुधारवादी तथा सापेक्षमा राष्ट्रको पक्षमा रहँदै आएको कुरा

घटनाक्रमले प्रष्ट्याएको छ। नेपाल-भारतबीच नाकाबन्दीको समयमा होस्, नेपाल-भारतबीच दुई पक्षीय सन्धि-सम्झौताका बारेमा होस्, अथवा चीनसँगको सम्बन्ध र चीनले नेपालप्रति देखाउँदै आएको राष्ट्रिय सम्मान र सहयोगको विकासमा राजाको भूमिका अथवा पछिल्ला समयमा नागरिकता विधेयक, आध्यादेश स्वीकृत, "माओवादी" विरुद्ध सेना परिचालनमा चरम प्रतिक्रियावादी तत्वलाई सहज साथ नदिएको तथ्य पृष्ठभूमिमा रहेको छ।

यस घटनाले दरबारभित्रको संकट मिसिएर देशी विदेशी प्रतिक्रियावादीहरुको नेपाल विरुद्धको षड्यन्त्र एकैचोटि व्यक्त भएको छ र मुलुकलाई अनिष्टकारी भयानक थप संकटको दिशातिर धकेलिएको छ। यस्तो स्थितिमा देशभक्त, सच्चा प्रजातन्त्रप्रेमी तथा आमूल परिवर्तनका हिमायती क्रान्तिकारी शक्तिले संकटको सामना र हल गर्न सार्थक एकताबद्ध संघर्षमा जुट्नु अनिवार्य छ।

अन्तमा हामीले चलाएको आन्दोलनको औचित्यता थप पुष्टि हुनुका साथै प्रधानमन्त्री गिरिजा राजदर्बारसम्बन्धी मन्त्री समेत भएकाले यस भयानक घटनाको नैतिक जिम्मेवारीका आधारमा पनि तत्काल राजीनामा दिनुपर्छ। घटनाको बारेमा निष्पक्ष छानबिन गरी सार्वजनिक गरिनुपर्छ भन्ने हाम्रो जोडदार माग रहेको छ।

लीलामणि पोखरेल
महासचिव- संयुक्त जनमोर्चा, नेपाल

०५८ जेठ १९ गते राजदरबारमा घटेको घटनाप्रति नेकपा (मसाल)को ध्यान आकर्षित भएको छ। घटनाको बर्बर, नृसंश स्वरुपले दरबारको मध्ययुगीन सामन्ती चरित्रलाई बताउँछ। उक्त घटनाबाट देशमा दरबारले नै बढी स्थिरता, सुरक्षा वा शान्ति सुव्यवस्था कायम गर्न सक्दछ भन्ने राजावादीहरुले फैलाउँदै आएको प्रचार पनि गलत साबित भएको छ।

नेकपा (मसाल) ले जेठ १९ गते घटेको घटनासम्बन्धी तथ्य र वास्तविकतालाई बाहिर ल्याउनका लागि सरकारसित माग गर्दछ। खास गरेर ०४६ सालका उपलब्धिहरुलाई समाप्त गर्नका लागि राजावादीहरुले तथा विदेशी साम्राज्यवादी वा विस्तारवादी शक्तिहरुले राष्ट्रियताका विरुद्ध सुनियोजित प्रकारले षड्यन्त्र गरिरहेको पृष्ठभूमिमा उक्त घटनासित सम्बन्धित तथ्यहरुलाई बाहिर ल्याउनुपर्ने आवश्यकताहरुमाथि नेकपा (मसाल)ले विशेष जोड दिन्छ। उक्त विषयमा बढी जानकारी प्राप्त भएपछि वा स्थिति बढी स्पष्ट भएपछि हाम्रो पार्टीले त्यससम्बन्धी आफ्नो नीतिमाथि विस्तृत रुपले प्रकाश पार्ने छ।

अन्तमा, जेठ १९ गते घटेको घटनाबाट उत्पन्न परिस्थितिबाट ०४६ सालका उपलब्धिहरु तथा देशको राष्ट्रियतामाथि पनि धक्का नपुगोस् भन्नका लागि विशेष सतर्क हुन र आवश्यकता अनुसार संघर्षमा उत्रनको लागि नेकपा (मसाल)ले सम्पूर्ण सचेत जनतासित अपिल गर्दछ।

रामसिंह श्रीस
महामन्त्री- नेकपा (मसाल)

यही जेठ १९ गते राति दरबारमा भएको भयानक हत्याकाण्डले देशमा विद्यमान राजनीतिक संकटको पराकाष्टालाई अभिव्यक्त गर्दछ। हाम्रो पार्टीले यो हत्याकाण्डलाई कुनै अराजनैतिक र सामान्य परिवारकै कलहको होइन, गम्भीर राजनैतिक षडयन्त्रको परिणाम ठान्दछ।

प्रारम्भदेखि नै यसलाई पारिवारिक स्वरुप दिने देशी र विदेशी प्रतिक्रियावादीहरुको नियोजित प्रचारबाजी र अन्तिम संस्कारलगायतका घटनाक्रममा देखा परेको नाटकीयताले सो षड्यन्त्रलाई काफी हदसम्म पुष्टि गरिरहेको छ। राजा वीरेन्द्रका कतिपय देशभक्तिपूर्ण अडान र राजनैतिक उदारता उनको सम्पूर्ण परिवारको हत्याको कारण बनेको छैन भन्ने ठान्नु हाम्रो विचारमा ठूलो राजनैतिक अज्ञानता हुने छ। हाम्रो पार्टीको नेतृत्वमा अघि बढिरहेको नेपाली जनताको महान् क्रान्तिकारी आन्दोलनका विरुद्ध शाही सेना परिचालन गरेर नरसंहार गर्न राष्ट्रघाती र फासीवादी गिरिजा सरकारको योजना राजा वीरेन्द्रलाई मन नपरेको तथ्य कसैबाट छिपेको छैन। राजा वीरेन्द्रको यो उदारवादी सोच गिरिजा सरकार, भारतीय एकाधिकार पूँजीवादी शासक वर्ग लगायतका देशी-विदेशी कट्टरपन्थी प्रतिक्रियावादीहरुका लागि असह्य भइरहेको थियो। यो राजनैतिक पृष्ठभूमिमा रचिएको हत्याकाण्डले नेपालको इतिहासमा दूरगामी असर पार्ने कुरा स्पष्ट छ।

वस्तुत: र अन्तत: यो भयानक हत्याकाण्डले विद्यमान राजनीतिक प्रणालीको पतनलाई नै अभिव्यक्त गर्दछ। २१ औं शताब्दीको संघारमा राजनैतिक रुपले सचेत बन्दै वास्तविक मुक्तिका लागि अघि बढिरहेका महान नेपाली जनतालाई यदि कसैले कोत र भण्डारखाल पर्वकै आँखाले हेरिरहेको छ भने त्यो उसको भयानक दुस्वप्न मात्रै हुनेछ। हाम्रो पार्टी यो षड्यन्त्रपूर्ण हत्याकाण्ड पछाडिका सम्पूर्ण रहस्यहरुको उद्घाटन गर्न, सत्यतथ्य पत्ता लगाउन तथा राष्ट्रघाती र फासीवादीहरुलाई निस्तेज पार्न समेत जनमुदायको देशभक्तिपूर्ण र जनवादी आन्दोलनलाई अर्को उचाईमा उठाउन अनिवार्य ठान्दछ।

राजनैतिक दृष्टिले सर्वपक्षीय सम्मेलन, अन्तरिम सरकार र नयाँ संविधान निर्माणको हाम्रो प्रस्तावका औचित्य र महत्व गुणात्मकरुपले बढेको कुरा घटनाक्रमले स्पष्ट गरेको छ। यो अवस्थामा देशका सम्पूर्ण वामपन्थी, प्रगतिशील, देशभक्त र जनवादी शक्ति एवं जनसमुदायलाई यस दिशामा गम्भीरतापूर्वक अघि बढ्न हाम्रो पार्टी हार्दिक अपिल गर्दछ।

प्रचण्ड
अध्यक्ष नेकपा (माओवादी)

जेठ १९ गते राजदरबारमा भएको हत्याकाण्डलाई राजदरबारभित्रकों सामान्य पारिवारिक कारणबाट उत्पन्न हुन गएको घटना वा स्वचालित हतियारको विस्फोटनका कारण उत्पन्न दुर्घटना भनेर बहुप्रचारित गरिएको भए पनि त्यसका सम्पूर्ण पक्षहरुमाथि विचार गर्दा त्यो राजनैतिक षड्यन्त्र हुन सक्ने प्रवल सम्भावना रहेकोले त्यसप्रति गम्भीर हुन हाम्रो पार्टी हार्दिक अपिल गर्दछ।

देशमा संकट गहिरिदै गएको

सन्दर्भमा प्रतिक्रियावादी कित्ताबाट पुनरुत्थानवादी प्रतिगमन तथा फासीवादी कदमको विकल्प पेश भएको र पछिल्ला दिनहरुमा फासीवादी कदमलाई तीव्र पार्दै लगिएको बेला नेपाली समाजको अग्रगामी परिवर्तन मात्रै वर्तमान संकटको समाधान हुन सक्छ। मुलुकको यस्तो परिवेशमा राजा वीरेन्द्रले राष्ट्रघाती नागरिकता विधेयक लगायत केही विषयहरुमा सापेक्षरुपमा देशभक्तिपूर्ण भूमिका खेलेको, प्रतिक्रियावादी शक्ति भएकोले आफ्नो भूमिका र अधिकारलाई केही बढाउन चाहने प्रतिगामी आकांक्षा राख्नुका बावजुद तुरुन्त ०१७ तर्फ दोहोऱ्याउनुपर्दछ भन्ने दरबारभित्रको अनुदार पक्षसँग केही अन्तरविरोध राखेको, माओवादी जनयुद्धको विरुद्ध सेना परिचालन गर्ने सन्दर्भमा केही उदार भूमिका देखाएको र त्यसैकारणले यस विषयमा साम्राज्यवादी शक्तिहरुको ठूलै दवाब र धम्कीको सामना गर्नुपरेको कुरा सार्वजनिक चर्चामा आइसकेका विषयहरु हुन्। राजा वीरेन्द्रको केही समयअघिको चीन भ्रमण, चीनका प्रधानमन्त्रीको हालैको नेपाल भ्रमण र त्यसबेला भएका उत्तरतर्फ चीनको सीमासम्म जोड्ने उत्तर-दक्षिण बाटाहरु खोल्ने जस्ता निर्णयहरु पनि उल्लेखनीय चर्चाका विषय बनेका छन्।



यसै परिप्रेक्ष्यमा राजा वीरेन्द्र र उनको परिवारको अस्वाभाविक ढंगबाट हत्या हुनुले यो हत्याकाण्ड विदेशी प्रतिक्रियावादी शक्तिहरु, देशभित्रका चरम अनुदारवादी प्रतिक्रियावादी एवं फासिष्ट तत्वरुबाट भएको राजनीतिक षड्यन्त्रकै एक कडी हुन सक्ने सम्भावनालाई नै बल प्रदान गर्दछ। बाह्य तथा घरेलु प्रतिक्रियावादी शक्तिहरुले यसबाट विद्यमान संकटको समाधान हुने सोच राखेका छन् भने उनीहरुले के कुरा बुझ्नु जरुरी छ भने यसले संकट समाधान नगरेर झन् चर्काउने काम गर्ने छ। यो हत्याकाण्ड स्वयं प्रतिक्रियावादी राज्यसत्ताभित्रको चर्कदो संकटकै अभिव्यक्ति हो। हाम्रो पार्टी कुनै पनि प्रतिगामी वा राष्ट्रघाती कदम चालिएमा नेपाली जनता चुप लागेर नबस्ने र त्यसबाट प्रतिक्रियावादीहरुले नै गम्भीर परिणाम भोग्नुपर्ने चेतावनी दिन पनि चाहन्छ।

प्रकाश
महासचिव नेकपा
(एकता केन्द्र)

विश्वका नेताहरुको शोक सन्देश

श्री ५ वीरेन्द्रबाट मुलुकको सार्वभौमिकता र स्वतन्त्रताको संरक्षणमा आफ्नो सम्पूर्ण जीवन लगाइबक्सेको र नेपाली जनताको सम्मानित तथा अतिप्रिय मौसुफको निधन उनीहरुका लागि ठूलो क्षति हो। मौसुफबाट चीन र नेपालबीच असल छिमेकीको मित्रतालाई सुदृढ गर्नमा निर्वाह गरिबक्सेको असाधारण योगदान पुस्तौंसम्म अमीटरुपमा रहिरहने छ।

चीनका राष्ट्रपति जियाङ जमिन

स्वर्गीय श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव नेपालका मात्र महान् नेता नभई दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठनका श्रष्टा तथा महान् एसियाली नेता होइबक्सन्थ्यो।

भारतका राष्ट्रपति के.आर.नारायणन

नेपालको राजपरिवारको त्यति धेरै सदस्यहरुको दुःखद् देहावसानबाट हामी अत्यन्तै स्तम्भित र दुःखित भएका छौं।

बेलायती महारानी एलिजावेथ द्वितीय

दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क)का संस्थापकमध्ये एक होइबक्सेका स्वर्गीय श्री ५ वीरेन्द्रबाट संगठनको स्थापना एवं विकासका लागि अमूल्य योगदान पुऱ्याइबक्सेको छ। मौसुफको निधनबाट नेपाल मात्र नभई समग्र दक्षिण एसियामा गहिरो दुःख छाएको छ।

श्रीलंकाका राष्ट्रपति चन्द्रिका बन्दरानायक कुमारातुंगा

स्वर्गीय श्री ५ महाराजाधिराज बंगालदेशका सच्चा मित्र तथा यस क्षेत्रकै राजनेताका रुपमा होइबक्सन्थ्यो।

बंगलादेशका राष्ट्रपति शाहबुद्धिन अहमद

नेपालको राजपरिवार र नेपाललाई परेको यस विपत्तिको बेला नेपाल अधिराज्यप्रति फ्रान्सको समर्थन निरन्तर रहिरहने छ।

फ्रान्सका राष्ट्रपति ज्याक शिराक

श्री ५ महाराजाधिराज र राजपरिवारका सदस्यहरुको जीवन समाप्त पार्ने यस दुःखद् घटनाप्रति सम्पूर्ण अमेरिकी जनता शोकाकूल भई नेपाली जनताको यस दुःखमा साथ रहेको छ।

अमेरिकी राष्ट्रपति जर्ज डब्लु बुश

श्री ५ वीरेन्द्र, श्री ५ ऐश्वर्यसहित राजपरिवारका अन्य सदस्यहरुको आकस्मिक दुर्घटनाबाट निधन भएकोमा म मर्माहत भएको छु। यस दुःखद् घटनाले मलाई गहिरो आघात पुऱ्याएको छ। शोकको यस घडीमा सम्पूर्ण नेपालीहरुलाई सहानुभूति र धैर्य गर्न म आग्रह गर्दछु।

संयुक्त राष्ट्रसंघका महासचिव कोफी अन्नान

श्री ५ महाराजाधिराज, श्री ५ बडामहारानी तथा राजपरिवारका अन्य सदस्यहरुको दुखद् र वियोगपूर्ण स्वर्गारोहणको खबरले संघीय परिषद् भावविह्वल भएको छ।

स्वीस महासंघका राष्ट्रपति मोरिज लियन बर्ग

स्वर्गीय श्री ५ वीरेन्द्र चिनियाँ जनताका स्नेही मित्र होइबक्सन्थ्यो तथा द्विपक्षीय मित्रता र सहयोग प्रवर्द्धनमा मौसुफबाट महत्वपूर्ण योगदान बक्सेको छ।

चीनका प्रधानमन्त्री झु रोङजी

श्री ५ महाराजाधिराज नेपाली जनताका प्रिय, अन्तर्राष्ट्रिय रुपमा आदरणीय होइबक्सन्थ्यो।

बेलायतका प्रधानमन्त्री टोनी ब्लेयर

श्री ५ महाराजाधिराज, श्री ५ बडामहारानी तथा श्री ५ अधिराजकुमारको दुःखद् स्वर्गारोहणबाट जापान सरकार र जापानी जनता अत्यन्त दुःखित र मर्माहत भएका छौं।

जापानका प्रधानमन्त्री जुनिचिरो कोइजुमी

श्री ५ वीरेन्द्रको स्वर्गारोहणबाट नेपाली जनताले एउटा दूरदर्शी र महान् राजनेता तथा बंगलादेशले एउटा असल मित्र गुमाएको छ।

बंगलादेशका प्रधानमन्त्री शेख हसिना वाजेद

श्री ५ महाराजाधिराज, श्री ५ बडामहारानी तथा राजपरिवारका अन्य सदस्यहरुको स्वर्गारोहणबाट फ्रान्स सरकार तथा सम्पूर्ण फ्रान्सबासीका तर्फबाट गहिरो समवेदन प्रकट गर्दछौं।

फ्रान्सका प्रधानमन्त्री लिओनेल जोसपाँ

नेपालको राजपरिवारमा पर्न गएको हृदयविदारक वियोगको खबरले म स्तब्ध भएको छु। थाई सरकार र जनताका तर्फबाट गहिरो शोक व्यक्त गर्दछु।

थाइल्यान्डका प्रधानमन्त्री थाकसिन शिनावात्रा

नेपालको प्रजातान्त्रिक विकास क्रममा व्यक्तिगत रुपमा योगदान पुऱ्याइबक्सेका स्वर्गीय श्री ५ वीरेन्द्र लोकप्रिय नरेश होइबक्सन्थ्यो। नेपालको सार्वभौमिकता र राष्ट्रिय प्रतिष्ठाको संरक्षण गरिबक्सँदै स्वर्गीय श्री ५ वीरेन्द्रबाट पाकिस्तान र नेपालबीचको सहयोग र मित्रतालाई प्रवर्द्धन गर्नमा पुऱ्याइबक्सेको योगदानलाई पाकिस्तानमा उच्च मूल्यांकन गरिन्छ।

पाकिस्तानका प्रमुख कार्यकारी जनरल पर्वेज मुशर

नारायणहिटीमा पन्ध्र सय वर्षपछि अर्को हत्याकाण्ड

- पदम श्रेष्ठ

मानदेव प्रथमद्वारा आफ्नै धर्मपिता धर्मदेवको हत्याको साक्षी बनेको नारायणहिटी (ढुंगेधारा) को नामबाट बनेको दरबारमा २०५८ जेठ १९ गते राति ९.१५ बजे भएको हत्याकाण्डले राष्ट्रलाई नै किंकर्तव्यविमूढ र स्तब्ध बनाइदिएको छ।

इतिहासविद् भुवनलाल प्रधानका अनुसार शक संवत् ३८६ देखि ४२७ सम्ममा राजगद्दी सम्हालेका मानदेव प्रथमले अन्जानमै आफ्ना धर्मपिता धर्मदेवको हत्या गरी नारायणहिटीलाई रक्तरञ्जित तुल्याइदिएको आख्यान पाइन्छ।

नेपाल वंशावलीले पौराणिक आख्यानको रुपमा उल्लेख गरेअनुसार देशमा धेरै समयसम्म पानी नपरी हाहाकार मच्चिएका बेला उपत्यकामा रहेका ढुंगेधाराहरु समेत सुकेर जनता आकुल-ब्याकुल हुन पुगेछन्। राजाको कर्तव्य जनताको समस्या समाधान गर्ने त्यतिबेलाको चलन अनुसार के गरेपछि पानी ल्याउन सकिन्छ भनी तत्कालीन तान्त्रिक ज्योतिषीलाई देखाउँदा ३२ लक्षणले युक्त व्यक्तिलाई बलि दिएमा धाराबाट पानी आउने सल्लाह दिएछन्, तर देशभर ३२ लक्षणले युक्त व्यक्ति आफू र आफ्ना धर्मपुत्र मानदेवबाहेक कोही नदेखेपछि देशरक्षार्थ आफू बलि हुने दृढ निश्चय धर्मदेवले गरे। आत्मिक निर्णय अनुसार छोरा मानदेवलाई पिता धर्मदेवले आदेश दिए- "भोलि विहान काग कराउनुभन्दा अघि नारायणहिटीमा एउटा सेतो कपडाले ढाकिएको एउटा डल्लो हुनेछ, त्यस डल्लोलाई दुई टुक्रा हुने गरी काटिदिनू।" राजाको आदेश मानदेव प्रथमले पालन त गरे तर काटिएको वस्तु स्वयम् धर्मदेव थिए भन्ने कुरा उनले पछि मात्र थाहा पाए।

अन्जानमा धर्मपिताको हत्याको पश्चातापबाट भयभीत मानदेवले वौद्धदेवी वज्रयोगिनीको प्रार्थना गरी देवीको आज्ञाअनुसार पापमोचनका लागि कश्यप बुद्धको अस्थिधातु राखी वौद्धनाथ बनाउन लगाएको बताइन्छ।

पिता हत्याको पापमोचनार्थ बौद्धनाथको स्तुप त बनाएं, तर नारायणहिटी धाराले पापीको अनुहार नहेर्ने ब्रह्मदण्डस्वरुप उल्टो फर्किएको वा फर्काइएको आख्यान रहेको छ।

तत्कालीन अवस्थामा नारायणहिटी राजदरबार थियो वा थिएन ? अनुसन्धानकै विषय भए तापनि हाल नारायणहिटीकाण्ड भएको दरबार श्री ३ वीर-शमशेरद्वारा श्री ५ पृथ्वी वीर विक्रम शाहको जन्मोत्सवको उपलक्ष्यमा उपहार प्रदान भएको बताइन्छ।

ने.सं. ९६७ मा जंगबहादुर राणाका भाइ रणोद्दिपका लागि बनाइएको नारायणहिटी राजदरबार हाल नेपालका राजारानीको आवास रहँदै आएको छ। कोतपर्व, भण्डारखाल पर्वजस्ता जघन्य हत्याकाण्डबाट रंगिएको हनुमानढोका दरबार राज्याभिषेक गद्दी बैठकका लागि प्रयोग हुँदै आए तापनि स्व. श्री ५ महेन्द्रबाट नयाँ आधुनिक भवन बनाइबक्सिएपछि शाही आवासको रुपमा नारायणहिटी दरबार प्रयोग हुँदै आइरहेको पाइन्छ।

राजा प्रताप मल्लद्वारा ने.सं. ७६९ मा निर्माण गरिएको शिखरशैलीको नारायणमन्दिर र लिच्छविकालीन हिटी अर्थात् ढुंगेधाराका कारण दुवैको संयुक्तस्वरुप नारायणहिटी राजदरबार नामाकरण हुन पुगेको हो। नारायणहिटी राज- दरबारमा राज होइबक्सने राष्ट्रिय एकताका प्रतीक श्री ५ लाई नेपाली जनताले नारायण वा बोधिसत्व लोकेश्वरको रुपमा मान्दै आइरहेको पाइन्छ। भगवान् बुद्धको देश, शान्ति क्षेत्र नेपालका सूत्रधार, धार्मिक एकता र प्रजातान्त्रिक उदार- वादका प्रवर्तक राजा वीरेन्द्र, रानी ऐश्वर्य, युवराज दीपेन्द्र, अधिराजकुमार नीराजन र अधिराजकुमारी श्रृतीसहित राजपरिवारका अन्य सदस्यहरुको अस्वाभाविक हत्याले १ हजार ५ सय ३७ वर्षअगाडि घटेको धर्म देवकालीन हत्याकाण्डलाई समेत माथ तुल्याइदिएको छ।

आज हामीले राष्ट्रिय एकताका प्रतीक प्रजाबत्सल श्री ५ वीरेन्द्र तथा राजपरिवारका अन्य सदस्यहरुलाई गुमायौं, तर हामीले शाहवंशीय चिराग श्री ५ ज्ञानेन्द्रको छत्रछाया पाइसकेका छौं, धन्य यो खुशीको कुरा हो भन्नुहुँदै धम्मानुशषक भिक्षु अश्वघोष महास्थवीरका शिष्य श्रद्धातिस्स भन्नुहुन्छ- "वर्तमान श्री ५ बाट लक्ष्मणको दायित्व पूरा गर्नु राष्ट्र, जनता र राजा स्वयंका लागि श्रेयष्कर हुनेछ।"

संसारमा मान्छेले जस्तो संस्कार बसायो, त्यस्तै विपाक भोग्नुपर्ने हुँदा मानदेव प्रथमले अन्जानमा गरेको पिताहत्याको पापमोचनस्वरुप कालमोचनमा वौद्धनाथ र जंगबहादुर राणाले घटाएको कोतपर्वको पापमोचनस्वरुप कालमोचनमा निर्मित जंग हिरण्यनारायण मन्दिरले आजसम्म पनि खवरदारी गरिरहेको उहाँले बताउनुभयो। ●

राजा-रानीको अन्तिम संस्कार

स्वर्गारोहणको आधिकारिक पुष्टिको केही घण्टाभित्रै श्री ५ महाराजाधिराज तथा श्री ५ बडामहारानीको पार्थिव शरीर लाखौं नेपालीको भावपूर्ण सहभागितामा पशुपति आर्यघाटमा जेठ २० गते दाहसंस्कार गरियो।

नारायणहिटी राजदरबारमा जेठ १९ गते राति भएको विभत्स तथा असामान्य घटनामा श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव, श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाह, श्री ५ अधिराजकुमार निराजन वीर विक्रम शाह, श्री ५ अधिराजकुमारी श्रुतिलगायत राजपरिवारका अन्य सदस्यको स्वर्गारोहण भएको थियो।

राति सवा नौ बजे शुरु भएको दाहसंस्कार प्रक्रियाअन्तर्गत दिवंगत मौसुफमा साहेबज्यू दीपकविक्रम शाहले दागवत्ती दिनुभएको थियो। शाही नेपाली सेनाको सम्मान गारदले दागवत्तीपछि अन्तिम सलामी अर्पण गरेको थियो। दिवंगत मौसुफमा उक्त अवसरमा ५६ तोपको सलामी अर्पण गरिएको थियो। मौसुफ़ ५६ वर्षको उमेरमा स्वर्गारोहण होइबक्सेकाले उमेरअनुसार तोप सलामी दिइएको हो। मौसुफको दाहसंस्कार अवधिमा शाही नेपाली सेनाले शोकधुन बजाएर श्रद्धाञ्जलि अर्पण गरेको थियो।

स्वर्गीय श्री ५ बडामहारानी तथा श्री ५ अधिराजकुमारको दाहसंस्कार पनि सोही दिन पशुपति आर्यघाटमा सम्पन्न भयो। दिवंगत मौसुफहरुमा ब्राम्हणहरुद्वारा दागवत्ती दिइएको थियो भने शाही नेपाली सेनाको टुकडीले सलामी अर्पण गरेको थियो। एउटै घटना भएकाले श्री ५ महाराजाधिराजलाई अर्पण गरिएको तोपबाटै मौसुफहरुको पनि सम्मान गरिएको थियो। यही घटनामा स्वर्गारोहण होइबक्सेकी श्री ५ अधिराजकुमारी श्रुती राज्यलक्ष्मी देवी राणालाई मौसुफहरुको अन्त्येष्टिपछि आर्यघाटमा दाहसंस्कार गरिएको थियो। अन्त्येष्टिका लागि पशुपतिनाथ लगिएका राजपरिवारका चार जनालाई आर्यघाटमा र शाहज्यादी जयन्ती राज्यलक्ष्मी देवी शाहलाई भस्मेश्वरमा दाहसंस्कार गरिएको थियो।

मौसुफहरुको दाहसंस्कारको करिब ७ घण्टाअघिदेखि आर्यघाटका चारैतर्फ लाखौंको जनसमूह राजारानीको अन्तिम दर्शनका लागि भावविह्वल भएर बसेको थियो। दाहसंस्कार अवधिभर रुख, चौर, सिंढी तथा खाली भुइँमा बसेका उनीहरुले अविरलरुपमा राजारानीको अमरत्वको कामना गरेका थिए।

यसअघि मौसुफहरुको शवयात्रा अपरान्ह साढे पाँच बजे वीरेन्द्र सैनिक अस्पताल छाउनीबाट शुरु भएको थियो। शवयात्रा शुरु हुने जानकारी पाएको लगत्तैदेखि लाखौंको जनसमूह श्रद्धाञ्जलिका लागि बाटोमा ओइरिएको थियो। स्वयम्भू भगवान् पाउ, शोभा भगवती, क्षेत्रपाटी, ठमेल, नर्सिङ चोक, कर्मचारी सञ्चयं कोष, राजदरबारको मुख्य ढोका हुँदै जयनेपाल चित्रघर, कमलपोखरी, ज्ञानेश्वर पुगेको शवयात्रा त्यहाँबाट रातोपुल, गौशाला भएर आर्यघाट पुगेको थियो। शवयात्रा राजदरबारको मुख्य ढोकाअघि आइपुग्दा सहभागी जनसमुदायका अनुहार थप मलिन र निहुरिएका देखिन्थे।

हातमा फूल, माला, धूप, अबिर र पुष्पगुच्छा लिएर श्रद्धाञ्जलिका लागि बाटोमा बसेका लाखौं जनसमूह त्यसपछि शवयात्रामै सहभागी भएर आर्यघाट पुगेको थियो। श्रद्धाञ्जलिकै क्रममा भावविह्वल हुँदै डाँको छोडेर रुने असंख्य व्यक्तिका कारण पूरै शवयात्रा थप शोकमग्न हुन पुगेको थियो।

साढे तीन घण्टा लामो अवधिको शवयात्राका क्रममा बाटाका दुवैतिर तथा घरका छत र झ्यालमा रहेका असंख्य नरनारीले अबिर र फूलमालाद्वारा राजारानीमा अन्तिम श्रद्धाञ्जलि अर्पण गरेका थिए भने शवयात्रा मार्गमा अबिर र फूल सर्वत्र देखिन्थ्यो। स्थानीय व्यक्तिहरुद्वारा ठाउँठाउँमा शवयात्रीका लागि पानीको व्यवस्थासमेत थियो। दिउँसो चार बजे शुरु हुने भनिएको शवयात्रामा सहभागी हुन साढे २ बजेदेखि नै छाउनी र स्वयम्भू वरपर हजारौंको जनसमूह एकत्रित भएको थियो। निर्धारित समयभन्दा डेढ घण्टा ढिलो शवयात्रा शुरु भए पनि मानिस आउने क्रम जारी थियो। दाहसंस्कार अवधिमा आधा रातसम्म पनि आर्यघाटमा उनीहरुको उपस्थिति उत्तिकै रह्यो।

मौसुफहरुका पार्थिव शरीर आर्यघाट पुग्नासाथ त्यहाँ पानी परेको थियो, तर त्यहाँ एकत्रित जनसमुदाय त्यसलाई शुभसंकेतका

रुपमा लिंदै एकरत्ति विचलित भएन।

आफ्ना राजारानी गुमाउँदाको पीडामा शोकाकूल विशाल जनसमूहले शवयात्रा मार्ग र आर्यघाटमा "हाम्रो राजा हाम्रो देश प्राणभन्दा प्यारो छ, श्री ५ वीरेन्द्र अमर रहुन्, हत्यारालाई सार्वजनिक गर" जस्ता गगनभेदी नारा लगाएको थियो। आक्रोशित जनसमूहले प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाविरुद्ध पनि विभिन्न नारामार्फत् आक्रोश पोखेको थियो। शवयात्रामा सबैभन्दा पहिलो पंक्तिमा प्रहरीको सुरक्षा दल, त्यसपछि सैनिक अधिकारी, सैनिकको बाजा, सैनिक टुकडी, श्री ५ को पार्थिव शरीर, श्री ५ बडामहारानीको पालकीमा राखिएको पार्थिव शरीर र त्यसपछि श्री ५ अधिराजकुमारको पार्थिव शरीर रहेको

थियो। त्यसैगरी पुनः सैनिक टुकडीपछि श्री ५ अधिराजकुमारी श्रुतीको पार्थिव शरीर थियो भने अर्को सैनिक टुकडीपछि शाहज्यादी जयन्ती शाहको पार्थिव शरीर थियो। यसपछि प्रधानमन्त्रीसहितका मन्त्रीहरु पंक्तिबद्ध थिए। शाही नेपाली सेनाका समूह-समूहका टुकडी र बाजाका बीच-बीचमा संवैधानिक निकायका पदाधिकारी, सांसद, उच्चपदस्थ कर्मचारी, दरबारका कर्मचारी तथा सर्वसाधारण लामबद्ध थिए। बाँसको खटमा राखिएका मौसुफहरुका पार्थिव शरीर धोतीपाटा फेरेका ब्राम्हणहरुद्वारा बोकिएका थिए भने श्री ५ बडामहारानीको पार्थिव शरीर पालकीमा राखिएको थियो। राजपरिवारको विद्यमान परम्पराअनुसार विवाहका बेला जुन पालकीमा चढाएर दरबारमा भित्र्याइन्छ, अन्त्यैष्टिका लागि पनि त्यही पालकी आवश्यक मानिन्छ।

श्री ५ महाराजाधिराज दीपेन्द्रको स्वर्गारोहण

स्वर्गवासी श्री ५ महाराजाधिराज दीपेन्द्र वीर विक्रम शाहदेवको गत जेठ २२ गते साँझ पशुपति आर्यघाटमा पूर्ण राजकीय सम्मानका साथ वैदिक विधिपूर्वक अन्त्येष्टि गरियो। मौसुफको पार्थिव शरीरमा ब्राम्हण अच्युतप्रसाद आचार्यले साँझ ७.४० बजे दागवत्ती दिनुभएको थियो।

दागवत्ती दिनुअघि मौसुफको पार्थिव शरीरलाई श्रीखण्डद्वारा बनाइएको चितामण्डपमा तीनपटक परिक्रमा गराइएको थियो। त्यसपछि चितामा आरोहण गराएर दागवत्ति दिंदा शाही नेपाली सेनाको सम्मानगारतले शाही सलामी चढाएको थियो। त्यसपछि तीनपटक भलिफायर गर्नुका साथै बिगुल बजाइएको थियो। दाहसंस्कारका क्रममा एक-एक मिनेटको फरक गरी मौसुफको उमेरअनुसार ३० तोपको सलामी चढाइएको थियो।

अन्त्येष्टिका क्रममा प्रधानमन्त्री, प्रधानन्यायाधीश, राजपरिषद् स्थायी समितिका सभापति, संवैधानिक अंगका प्रमुखहरु, मन्त्रीहरु, प्रमुख प्रतिपक्षी दलका नेता, जंगी तथा निजामतीतर्फका उच्च पदाधिकारीहरुबाट मौसुफमा अन्तिम श्रद्धाञ्जलि चढाइएको थियो।

यसअघि छाउनीस्थित वीरेन्द्र सैनिक अस्पतालबाट शवयात्रा प्रारम्भ हुनुअघि अस्पताल प्रांगणमा राखिएको मौसुफको पार्थिव शरीरमा पुष्पगुच्छा अर्पण गरी श्रद्धाञ्जलि अर्पण गरिएको थियो।

मौसुफको शवयात्रा शुरु हुँदा शाही नेपाली सेनाको एक टुकडीले मौसुफको सम्मानमा शाही सलामी अर्पण गरेको थियो।

मौसुफको शव वीरेन्द्र सैनिक अस्पताल छाउनीबाट पूर्ण राजकीय सम्मानका साथ शाही नेपाली सेनाको मोटरमा राखी चक्रपथको बाटो हुँदै पशुपति आर्यघाट पुऱ्याइएको थियो।

श्री ५ महाराजाधिराज दीपेन्द्र वीर विक्रम शाहदेव जेठ २२ गते बिहान ३.४५ बजे वीरेन्द्र सैनिक अस्पताल, छाउनीमा स्वर्गारोहण होइबक्सेको थियो।

मौसुफको उमेर ३० वर्षको थियो। जेठ १९ गते शुक्रबार राति नारायणहिटी राजदरबारमा भएको एक अप्रत्याशित घटनामा गम्भीर घाइते होइबक्सेका मौसुफलाई सोही बेलादेखि वीरेन्द्र सैनिक अस्पतालको सघन उपचार कक्षामा उपचारार्थ राखिएको थियो।

चिकित्सकहरुको अथक प्रयास र सम्भव भएसम्मका सबै उपायहरु गर्दा पनि मौसुफको स्वास्थ्य स्थितिमा कुनै सुधार हुन नसकी स्वर्गारोहण होइबक्स्यो।

राजपरिषद्को जेठ २० गते बसेको बैठकले मौसुफलाई नेपाल अधिराज्यको श्री ५ महाराजाधिराज घोषित गरेको थियो।

स्वर्गवासी श्री ५ दीपेन्द्रको जन्म २०२८ साल असार १३ गते तदनुसार १९७१ जुन २७ तारिखमा नारायणहिटी राजदरबार काठमाडौंमा भएको थियो। मौसुफ नेपाल अधिराज्यका संस्थापक श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको वंशका १२ पुस्ताका श्री ५ महाराजाधिराज होइबक्सन्थ्यो।

तत्कालीन श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट वि.सं. २०२८ साल माघ १७ गते मौसुफलाई युवराजाधिराज घोषणा गरिबक्सेको थियो। मौसुफ पृथुलाधीश पदबाट सुशोभित होइबक्सनुका साथै शाही नेपाली सेनाका सर्वोच्च महासेनानी होइबक्सन्थ्यो।

समाजका विभिन्न क्षेत्रमा उत्तिकै चाख राखिबक्सने मौसुफ खेलकूदमा विशेष चाख गरिबक्सन्थ्यो। मौसुफ राष्ट्रिय खेलकूद परिषद् र नेपाल स्काउटका संरक्षक पनि होइबक्सन्थ्यो।

राष्ट्रनायक श्री ५ महाराजाधिराज दीपेन्द्र वीर विक्रम शाहदेव जेठ २२ गते बिहान ३.४५ बजे वीरेन्द्र सैनिक अस्पताल छाउनीमा स्वर्गारोहण होइबक्सेकाले श्री ५ को सरकारले अधिराज्यभरि र विदेशस्थित सबै शाही नेपाली राजदूतावास एवं कुटनीतिक नियोगहरुमा पाँच दिनसम्म शोक मनाउन कार्यालयहरु बन्द गर्ने निर्णय गरेको गृह मन्त्रालयद्वारा प्रकाशित सूचनामा जनाइएको थियो। साथै समस्त नेप्रालीले तीन दिन आशोच वार्ने तथा सम्पूर्ण पुरुष कर्मचारीहरुले केश मुण्डन गर्नुपर्ने, अन्य नेपालीहरुले आ-आफ्नो राजभक्ति, धर्म र श्रद्धाअनुरुप शोक व्यक्त गर्ने साथै १३ दिनसम्म नेपालको राष्ट्रिय झण्डा आधा झुकाउने सो सूचनामा जनाइएको थियो।

आशोच वार्ने अवधि समाप्त भएपछि पनि मौसुफहरुको दिवंगत आत्माको लागि गरिने दशकर्मको अवधि अर्थात् १३ दिनभित्र विवाह-व्रतबन्धलगायत कुनै पनि मनोरञ्जनात्मक कार्यहरु नगरी स्थगित राख्न र कदाचित व्यवहारिक कारणले गर्दा सो समयभित्र त्यस्ता शुभकार्य गर्नुपर्ने भएमा पनि बाजा नबजाई गर्न सूचित गरिएको थियो।

स्वर्गवासी श्री ५ महाराजाधिराज दीपेन्द्र वीर विक्रम शाहदेवको चिरशान्तिको कामना गर्दै शोक व्यक्त गर्न चाहनु हुने सर्वसाधारण महानुभावहरुलाई ७५ वटै जिल्लाका जिल्ला प्रशासन कार्यालयहरुमा १३ दिनसम्म शोक पुस्तिका राखिएको थियो।

श्री ५ वीरेन्द्रको संवैधानिक व्यक्तित्व

– दमननाथ ढुङ्गाना

नेपाल अधिराज्यको संविधानको भाग ५ को धारा २७ (२) मा "श्री ५ नेपालको राष्ट्रियता एवं राष्ट्रियता एकताका प्रतीक होइबक्सन्छ" र (३) मा "श्री ५ बाट नेपाली जनताको सर्वोत्तम हित र समुन्नतिको लागि यो संविधानको पालना र संरक्षण गरिबक्सने छ" भनेर स्पष्ट उल्लेख गरिएको छ। श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवद्वारा जनआन्दोलनको माध्यमबाट अभिव्यक्त जनचाहनाअनुसार बहुदलीय व्यवस्थाको घोषणा गरिबक्सेको हो। त्यसै परिवेशमा नेपाल अधिराज्यको संविधान २०४७ को निर्माण भएको हो। यस संविधानको मर्म, आकांक्षा र उद्देश्यभित्र रहेर समग्रमा मौसुफ सरकारबाट यस संविधानको पालना गर्ने सम्पूर्ण चेष्टा गरिबक्सेको छ। यस दशकको अनुभवबाट पनि शासनव्यवस्था जनप्रतिनिधिबाट नै हुनुपर्छ भन्ने मौसुफको धारणा र विश्वास रहेको पुष्टि हुन्छ। संवैधानिक संस्था, अंगहरु एवं कार्यकारिणीमा हस्तक्षेप नगरी राज्यको सुसंचालन भएको हेर्ने अभिप्राय: श्री ५ को रहेको पाइन्छ। श्री ५ वीरेन्द्रमा संवैधानिक राजामा हुने चरित्र र प्रवृत्ति समग्रत: उत्साहवर्द्धक लाग्दछ। राज्यप्रशासनको दैनिक दायित्व र वादविवादबाट अलग्गै रहने र जनताद्वारा जनताको शासनप्रणाली विकसित होस् भन्ने मौसुफको आन्तरिक इच्छा रहेको पाइन्छ। श्री ५ र जनताको तहमा प्रजातान्त्रिक चरित्रको संस्थागत विकासबाट नै राष्ट्र, श्री ५ महराजाधिराज र प्रजातन्त्रको गरिमा बढ्दै जान्छ। आजको नेपालमा श्री ५ महाराजाधिराजको लोकप्रियता बढोत्तरी भएको पाइन्छ, किनभने संविधानअनुसार शासनसत्ता जनताको हातमा छ। संविधानअनुसार राष्ट्रलाई संरक्षकत्व तथा अभिभावकत्व प्रदान गर्नु मौसुफको मूल दायित्व भएको छ।

आजको विश्व रंगमञ्चमा प्रजातन्त्रविना स्वतन्त्र राष्ट्रको सम्भव छैन। एक्काइसौं शताब्दी प्रयजातन्त्रको युग हो। हामी नेपाली प्रजातन्त्रसँगै राजतन्त्र पनि युगानुकूल हुन्छ भन्ने सिद्ध गर्न प्रतिवद्ध हुनुपर्छ। हाम्रो जातीय परम विविधताबीच एकताको सूत्र हुने मान्यताप्राप्त राजसंस्थाको उपस्थिति र सहयोग हाम्रो राष्ट्र र प्रजातन्त्रको स्थायित्व एवं विकासकै लागि पनि अपरिहार्य छ भन्ने चिन्तन एउटा राष्ट्रिय दर्शनकै रुपमा नेपाली मात्रमा आत्मसात हुनुपर्दछ। अबका दिनहरुमा प्रजातन्त्रमा मात्रै राजतन्त्र स्थापित एवं स्वतन्त्र पनि हुन सक्छ। प्रजातन्त्रमा राजतन्त्र झन् गरिमामय हुन्छ र त्यस्तो राजतन्त्रसँग जनताको बढी आत्मीय सम्बन्ध पनि हुन्छ।

अहिले संविधानको पालना राजाबाट मात्र राम्ररी भएको छ भन्ने गरिन्छ, यो सत्य हो, किनभने राजाको समग्र सोच संवैधानिक देखिन्छ। श्री ५ महाराजाधिराज मनसा, वाचा, कर्मणा, संवैधानिक राजा हुन चाहेको बोध हुन्छ। यस दशकमा बरु अन्य संस्थाका पदाधिकारी एवं जनप्रतिनिधिहरुले आ-आफ्नो संवैधानिक दायित्व कतिसम्म पूरा गरे भन्ने केलाउनुपर्ने हुन्छ। उदाहरणका लाग २०५१ सालमा श्री ५ समक्ष तत्कालीन प्रधानमन्त्रीको सिफारिशअनुसार विघटन भइसकेको संसद ब्यूँझाउन राजदरबारको ढोकासम्म पुगेर बिन्ती चढाउनेहरुको अनुहार र संवैधानिक प्रतिबद्धताको प्रसङ्ग चल्दा सधैं नाजवाफ हुनुपरेको कुरा कदाचित् बिर्सनै सकिदैन।

श्री ५ वीरेन्द्र प्रचुर मात्रामा सुझबुझ तथा प्रजातान्त्रिक गुणले सम्पन्न व्यक्तित्व होइबक्सन्छ भन्ने जनआन्दोलनको निर्क्योल

राजाकै टेबुलबाट भएको हो भन्ने तथ्यबाट पुष्टि हुन्छ। त्यसबेला श्री ५ बाट लोकमतको कदर गरिबक्सेको हो। श्री ५ कै नेतृत्वमा तीसौं वर्ष चलेको व्यवस्थालाई राजाले नै त्याग्नुलाई पनि राजाको गतिशील र उदार प्रजातान्त्रिक व्यक्तित्वको द्योतक मान्नुपर्छ।

२०४६ सालमा जनआन्दोलनको माध्यमबाट राजा र प्रजा वार्तामा बसेर र मिलेर ल्याएको बहुदलीय प्रजातान्त्रिक प्रणालीमा अहिले प्रशस्तै विकृति र विसंगतिको बोध भएको छ। यसको कारण पहिल्याउँदै जाँदा हाम्रो जस्तो देशमा सांसदहरु मात्र मन्त्री हुने परिपाटीमा, राष्ट्रिय सभाको गठन र भूमिकामा एवं निर्वाचन पद्धतिमा स्वच्छता र जनप्रतिनिधिमूलक चरित्रमा सुधार हुनुपर्ने हो कि भन्ने जस्ता कैयन् कुरा मुख्यरुपमा देखा पर्दछन्। यी चुनौतीको केन्द्रबिन्दू एउटै लाग्दछ। संसद र सरकार इमान्दार र दक्ष व्यक्तिको जिम्मामा रहने कि जो जसरी निर्वाचित भएर आए पनि तिनकै जिम्मा र अरनखटनबाट चल्ने ?

यस दशकका यिनै परिप्रेक्ष्यमा मैले भन्ने गरेको हुँ- हाम्रो निर्वाचन पद्धति नै भ्रष्टाचारको मूलद्वार भएको छ। हाम्रा राजनीतिक नायकहरुको ध्याउन्न चारवटा "ज" भएको छ। जसरी पनि दलको टिकट लिने, जसरी पनि सांसद बन्ने, जसरी पनि मन्त्री बन्ने र जसरी पनि कमाउने वा भ्रष्टाचार गर्ने। यस्तै प्रवृत्ति र आचरणका विरुद्ध अब हाम्रा संवैधानिक सोच लक्षित हुनुपर्छ। राष्ट्रको सच्चा विकास गर्न प्रजातन्त्रसँग देशभक्ति पनि नभई हुँदैन। देशभक्तिको अन्तरभावना र व्यवहारका बीच सामञ्जस्य नभई हुँदैन।

सर्वथा नयाँ संविधान लागू भएको यस दशकले हामीलाई धेरै कुराको पाठ सिकाएको छ। वास्तवमा पछि त्रुटि नदेखिए त्यो संविधान हुँदैन। यिनै पाठहरुको समग्र अभिव्यक्तिस्वरुप संविधान संशोधनको प्रसङ्ग आज उठेको हो। वर्तमान नेपाल अधिराज्यको संविधानका सम्बन्धमा छलफल, टीकाटिप्पणी र बहसको अझ व्यापक राष्ट्रिय रुप धारण गर्नु प्रजातान्त्रिक जग र स्थायित्वका लागि फलदायी हुनेछ। संविधानका सम्बन्धमा अहिले देखा परिरहेका मुख्य प्रवृत्ति संविधान संशोधन मात्रै हैन, यो संविधानलाई नै प्रश्न गरी

संविधानसभा भनिरहेकाहरुले पनि आफ्ना कुरा मान्य वा अमान्य हुने आधार भेट्नुपर्छ। यो पचास वर्षको हाम्रो इतिहासमा ००७ सालको परिवर्तनका सिलसिलामा राजा र जनता दुवैबाट भइसकेको संविधान सभाको प्रतिवद्धतालाई एउटा तार्किक परिणतिमा पुऱ्याउने काम कहिल्यै भएन। अहिले संविधान सभाको हावा पुन: फर्केको र अब ढिलोचाँडो योभन्दा बढी रोक्न गाह्रो पर्ने कारण पनि यही हो भन्ने लाग्दछ। यो जनताबाट उठान भएको राजनीतिक प्रश्न भएकोले अहिलेका राजनीतिक दलहरुले पनि यस प्रश्नलाई तत्कालीन वा संसद र सत्ताभोगको दृष्टिकोणले मात्र नहेरी जनमतबाटै स्वीकार वा अस्वीकार गर्ने अथवा शान्तिपूर्ण संवैधानिक प्रक्रियाबाट बैठान गर्नेतर्फ युगको दायित्व उदारतासाथ बहन गर्नपट्टि लाग्नुपर्छ भन्ने मलाई लाग्दछ। गतिशील संविधान स्वभावैले जनपक्षीय हुन्छ। राष्ट्रमा उठेको गणनायोग्य सशक्त आवाज, मतभेद र द्वन्द्वहरुको सम्बोधन र सामञ्जस्य गर्नसक्ने संविधान मात्र जनताको पक्षमा काम गर्न सक्दछ। ००७ सालपछिको सधैंको अविश्वास एउटै केन्द्रबिन्दू वरपर घुमेको हो। संविधानसभा कसबाट र कसको पक्षमा प्रयोग हुने ? यो वर्ष नेपाल प्रजातान्त्रिक युगमा प्रवेश गरेको पचास वर्ष पुगेको छ। अब त्यो अविश्वास जनताको पक्षमा र विश्वासमा परिणत गरेर राष्ट्र विकासको ठूलो फड्को मार्न हामी जनता समर्थ भइसकेका छौं भनेर देखाउन पनि सक्नुपरेको छ।

हाम्रो राष्ट्र र विकासका लागि २०४६ सालको जनआन्दोलनबाट आएको प्रजातन्त्रमा पनि प्रजातान्त्रिक आचरणको अभाव आज सबभन्दा खट्कने कुरा भएको छ। श्री ५ वीरेन्द्रबाट ठूलो निष्ठासाथ संविधानको पालना गरी मर्यादा राखिबक्सेको छ। मौसुफको निष्ठाबाट पनि जनप्रतिनिधिहरुले भविष्यमा अझ बढी निष्ठा र देशभक्तिको पाठ पढ्ने र प्रेरणा प्राप्त गर्नसक्ने आधार रहेको छ। राजा र प्रजा मिलेर प्रजातन्त्रको विकास गरेमा नेपाल छिट्टै भूस्वर्ग बन्नेछ। यस दशकको सन्देश एउटै छ- राजा र जनता मिलेर जनप्रतिनिधिको सच्चा आचरणमा आधारित संविधानबमोजिम देशभक्तिपूर्ण प्रजातन्त्रको विकास। नेपालको सन्दर्भमा श्री ५ को संवैधानिक व्यक्तित्व र दायित्वको ठूलो प्रसङ्ग र महत्व छ, किनभने प्रजातन्त्रबेगर स्वतन्त्र नेपाल एवं सर्वाङ्गिण विकासको भविष्य छैन, त्यसैगरी श्री ५ को सहयोग बेगर प्रजातान्त्रिक निरन्तरता एवं विकासको पनि भविष्य छैन।

("श्री ५ वीरेन्द्रको बहुआयामिक व्यक्तित्व"बाट साभार)

राजा वीरेन्द्र, सम्झना बाँकी छ

- हरिहर विरही

कुराकानी प्रारम्भ गर्नासाथ मलाई लाग्यो- मौसूफ प्रष्ट वक्ता होइबक्सिन्छ र खुला छलफल रूचाइबक्सन्छ। यस्तो लाग्यो, मानौं म एउटा राजासंग हैन कुनै सुपरिचित शुभचिन्तकसंग कुराकानी गर्दैछु। त्यसबेला पंचायतको पतन भइसकेको थियो र नेपाल अधिराज्यको संविधान २०४७ को निर्माण भइरहेको थियो। कुनै पनि राजासंग मेरो त्यो पहिलो भेट थियो। राजा वीरेन्द्रसित भेट्न चाहनेले पहिला विन्तिपत्र हाल्नु पर्थ्यो रे। त्यो जाँगर र इच्छा मलाई कहिल्यै भएन। अचानक श्री ५ महाराजधिराज वीरेन्द्रका तत्कालिन प्रमुख सचिवले फोनबाट 'तपाईलाई श्री ५ बाट ५:३० बजे दर्शन भेट बक्सिने' भएको जानकारी दिंदै भन्नुभयो- त्यस निम्ति साँझ राजदरबारको पश्चिमढोकामा आउनु भए हुन्छ- "छ भने राष्ट्रिय पोशाक लगाउनु भए राम्रो" भन्नुभयो। मैले खुशी हुँदै भनेको थिएँ- "आफ्नो तर्फबाट विन्ति नै नगरी श्री ५ को दर्शनभेट पाउनु त धेरै खुशीको कुरा हो, तर मौसूफलाई मैले भन्नु पर्ने आफ्नो कुरा खास केही छैन, बरू श्री ५ बाट एउटा अन्तरवार्ता बक्सिए हुन्थ्यो।" प्रमुख सचिवले त्यो कुरा आफूले जाहेर गरिदिने बताउनु भयो र दर्शनभेटको दिन बिहानु उहाँले भन्नुभयो- तपाईको कुरा मैले जाहेर गरें। मौसूफबाट अहिलेको स्थिति पहिलेजस्तो छैन, त्यसैले अन्तरवार्ता दिने कि नदिने भन्ने चाहिं भेटमै तय गर्ने हुकुम भएको छ भन्नुभयो। म निर्धारित समयमा राजदरबार गएँ र राजासंग कुराकानीको क्रममा यो प्रसंग पनि उठाएँ। मौसूफबाट बडो सहजतासाथ हुकुम भयो- "अन्तरवार्ता दिन त मलाई आपत्ति छैन, म तयार छु, केही विदेशी पत्रिकाले पनि मागेका छन्। अन्तरवार्ता दिएपछि केही त भन्नै पर्छ। केही कुरा बोल्ने इच्छा पनि छ। तर अब सबैजना संवैधानिक राजतन्त्र, संवैधानिक राजतन्त्र भन्छन्। अब म संवैधानिक राजतन्त्रका राजाले कतिसम्म बोल्न पाउँछन् भन्ने अध्ययन गर्दैछु। त्यो बुझिसकेपछि मात्रै र के के बोल्ने भन्ने निश्चय गरेपछि अन्तरवार्ता दिउँला। हुँदैन र ?"

- कुराकानीको क्रममा मैले एउटा जिज्ञासा राखें : मैले सरकार प्रजातन्त्रवादी होइबक्सिन्छ भन्ने सुनेको थिएँ। २०३६ सालको जनमत संग्रहको घोषणाले यो पुष्टि गरेको थियो। वी. पी. कोइराला सरकारलाई भेटेपछि अत्यन्त प्रभावित र आशावादी हुनु भएको थियो। उहाँ सरकारबाट प्रजातन्त्र बक्सिने कुरामा विश्वस्त हुनुहुन्थ्यो र उहाँ सरकारलाई 'संवैधानिक राजतन्त्रको लागि उपयुक्त राजा' भन्नुहुन्थ्यो। तर किन सुधार भएन ? आन्दोलन नै नभई प्रजातन्त्र नआउने स्थिति कसरी बन्यो ? आन्दोलन हुनुअघि नै प्रजातन्त्र बक्सेको वा सहमति भएको भए राम्रो होइन र ? किन ढिलो भयो ? 'राजा वीरेन्द्रबाट यो प्रश्नमा निकै रूचि लिई बक्सियो। मौसूफबाट देशको भौगोलिक, आर्थिक र सामाजिक अवस्थाको विस्तृत व्याख्यासहित आफ्नो राजनीतिक अवधारणा प्रकट गरिबक्सियो। मौसूफले प्रजातान्त्रिक मूल्य मान्यताप्रति आफ्नो पूर्ण आस्था भएको बताउँदै हुकुम भयो- प्रजातन्त्रको मोडेल एउटा मात्र हुँदैन। आ-आफ्नो परिवेश र परिस्थिति अनुसारको मोडेल बनाउनु पर्छ। संसारका विकसित प्रजातान्त्रिक मुलुकहरूले पनि आ-आफ्नै प्रकारको मोडेल अपनाएका छन्। तर हामीकहाँ नेताहरू अध्ययन नै गर्दैनन्। प्रजातन्त्र भन्नासाथ 'बेलायतको जस्तो' भन्छन्। के बेलायत बाहेक अन्त प्रजातन्त्र छैन र ? तर हाम्रा नेताहरूलाई थाहा छैन। अस्ति भर्खर मैले 'संवैधानिक राजतन्त्र, संवैधानिक राजतन्त्र' भनी आन्दोलन गर्ने नेताहरूलाई बोलाएर सामूहिक रूपले पनि सोधें- तपाईहरूले चाहेको संवैधानिक राजतन्त्र कस्तो हो- बेलायतको जस्तो पुरानो संवैधानिक राजतन्त्र हो कि ? त्यहाँ त लिखित संविधान नै छैन, संविधानको लागि विवाद पनि हुँदैन, परम्पराको आधारमा राज्य संचालन हुन्छ। अर्को प्रकारको संवैधानिक राजतन्त्र पनि छ, जस्तै- जापानको। स्पेनको। त्यस्तो बनाउहो हो कि ? अथवा हाम्रै परिस्थिति अनुसार नयाँ मोडेल निर्माण गर्ने हो कि ? तर सबै नेताहरूको एउटै विचार आयो- "बेलायतको जस्तो।" मलाई लाग्छ, उनीहरूले 'बेलायतको जस्तो' पनि किन भने भने बेलायत त हाम्रो नजिकै आइसकेको थियो नि। हाम्रा नेताहरू टाढाको कुरा हेर्दै हेर्दैनन्।

राजाबाट आफू संवैधानिक राजतन्त्रको आफ्नै प्रकारको नयाँ मोडेल निर्माण गरौं भन्ने पक्षमा रहेको संकेत गरिबक्सियो। श्री ५ महाराजधिराजबाट जातीय समस्या निकै जटिल बन्दै गएको उल्लेख गर्दै जातीय सन्तुलन र जनजातिहरूको उत्थान तर्फ विशेष ध्यान दिनु पर्ने स्थिति रहेको बताइबक्सियो। मौसूफको भनाई थियो- यस्तो संरचना र मेकानिज्म बनाउनु पर्‍यो, जसले गर्दा सबै जाति, जनजातिहरू राजनीतिक मूल प्रवाहमा सहभागि बन्न सकुन्।

राजाबाट हुकुम भयो- आन्दोलनको कुरा उठेपछि मैले सोधें, के आन्दोलन हुन्छ ? आन्दोलन कस-कसले गर्न लागेका हुन् ? के के छ माग ? राजनीतिक सुधारको लागि आन्दोलन त गरिरहनु पर्दैन। देशको विकास यो पद्धतिबाटै हुन सक्छ। विकासको लागि कुनै कुरा बाधक भए त्यसलाई हटाउन सकिन्छ। ... जनमत संग्रह भयो। त्यसमा सबैले भाग लिएका थिए। प्रजातन्त्रवादीहरूले त जनमतको म्याण्डेट स्वीकार्नु पर्‍यो नि। किन आन्दोलन ? संवैधानिक प्रक्रियाबाट आफ्नो विचार, नीति र कार्यक्रम अघि बढाए हुन्छ नि। जनता दुःखमा छन्, आन्दोलनले झन् नयाँ संकट ल्याउन सक्छ। त्यसैले म आन्दोलन नहोस् भन्ने चाहन्थें। मैले सोधें- कांग्रेससंग अब जनतामा केही आधार छैन, कुनै संगठन छैन। त्यसैले उनीहरूको सत्याग्रह पनि असफल भयो।' अनि मैले सोधें- के कम्युनिष्टहरूले आन्दोलन गर्न लागेका हुन् ? के उनीहरूलाई जनताले साथ दिन्छन् ? मलाई रिपोर्ट आयो- कम्युनिष्टहरू टुक्रिएका छन्। नौ दशवटा टुक्रा छ। उनीहरूको नेता मात्रै छन्, कार्यकर्ता छैनन्। एउटा नेताले कुनै निर्णय गर्‍यो भने तुरून्तै अर्को नेताले विरोध गर्छ। त्यसैले आन्दोलन हुन सक्ने अवस्था छैन। जनताले दुवैलाई साथ दिंदैनन्।' तैपनि म उनीहरूसंग कुरा गर्ने विचार गर्दैथिएँ। केही अरू सुधार गर्ने सोच्दै थिएँ। त्यसैबेला विभिन्न समस्या आयो। उता आन्दोलन शुरू भयो। अनि कोसंग कुरा गर्ने ? कांग्रेस र कम्युनिष्टले गरेका हैनन् भने कसले गर्‍यो ? तेस्रो शक्ति ? म देशभित्रको राजनीतिक मामलामा तेस्रो शक्तिसंग कुरा गरूँ ... ?

- राजाबाट मलाई २० मिनेट

समय वक्सेको बताइएको थियो। बीचमा सचिव समयको बोध गराउन कोठामा पसेका थिए। तर मेरो जिज्ञासाहरूप्रति रूचि लिई मौसूफ खुला ढंगले छलफलमा संलग्न रहिबक्सेको देखेपछि सचिव फर्किए। करीब एक घण्टा जति कुरा भयो। राजा नेता र प्रेसको भूमिकाबाट असन्तुष्ट होइबक्सिदोरहेछ। 'नेताहरू म कहाँ आएर एउटा कुरा भन्छन् र यहाँबाट निस्केर बाहिर जानासाथ प्रेसलाई अर्को कुरा भन्छन्', श्री ५ बाट हुकुम भयो- 'प्रेस पनि कुनै कुरा कन्फर्म नगरी नेताहरूले जे भन्यो, त्यही छापी दिन्छन्। के छाप्दा त्यसको के असर पर्छ भन्ने विचारै नगरी प्रेसहरू जे पनि छाप्ने गर्छन्। जे पायो त्यही लेख्नु नै प्रजातन्त्र हो र ? यसो गरेर प्रजातन्त्रलाई बल पुग्छ र ? प्रजातन्त्रमा त प्रेसले सबैको हित हेर्नु पर्छ । पत्रकार एकपक्षीय हुनु हुँदैन। तर यहाँ त सबै प्रेस एकपक्षीय जस्ता देखिन्छन्। प्रेसहरू प्रायः दरबारप्रति 'नेगेटिभ' छन्। किन यस्तो भएको होला ? मैले बुझ्न सकेको छैन। प्रेस प्रोफेशनल नभई सकेकोले पनि केही कमजोरी भएको होला। धेरै पत्रिका छन्, कसै कसैले विक्रीका लागि पनि उत्तेजनात्मक कुरा लेखेका होलान्। धेरैजसो पत्रिका त कुनै न कुनै पार्टीबाटै संचालित जस्ता छन्। प्रेसको आर्थिक समस्या पनि होला। विज्ञापन छैन, विक्री पनि धेरै हुँदैन। ... प्रेसले स्वतन्त्रताको सदुपयोग गर्न सकिरहेको छैन। यस्तो कुरामा तपाईहरूले अलि ध्यान दिनुपर्छ। कुनै कुरा छाप्नु भन्दा पहिले अर्को पक्षसंग पनि कन्फर्म गर्नुपर्छ।

मौसूफबाट पत्रपत्रिकाबारे गरिएको टिप्पणी सुन्दा कुनै कुनै बेला म झस्किएँ- यो मलाई नै संकेत गरिएको त हैन ? मेरै पत्रिकालाई लक्षित गरिएको त हैन ? हुन सक्छ। किनभने म संलग्न रहेको पत्रिकालार्य दरबारियाहरू प्रायः दरबार विरोधी ठान्दछन्। दरबारबाट भएका अप्रजातान्त्रिक र गलत कामहरूको यो पत्रिकाले सधै विरोध गर्ने गरेको छ- अहिले पनि गर्ने गरेको छ, राजा वर्तमान प्रजातान्त्रिक संविधानको दायरामा आबद्ध नभइसकेको अवस्थामा पनि चर्को स्वरमा विरोध गर्दथ्यो। त्सबेला दरबारको नियतप्रति सबैलाई शंका थियो र प्रायः हरेक पत्रिका नेताहरूले दरबारलाई दिने चेतावनी एवं दरबारको आलोचना विशेष प्राथमिकतासाथ छाप्दथे। जेहोस्, राजाको कुराबाट अर्को के पनि स्पष्ट भयो भने मौसूफ देशका प्रेस जगतको समस्या र कमजोरीबाट पूर्ण परिचित होइबक्सिदो रहेछ। मौसूफबाट प्रेस सम्बन्धी सरकारी नीतिबारे पनि प्रश्न गरी बक्सियो। मौसूफबाट हुकुम भयो- "मैले पत्रपत्रिकालाई आत्मनिर्भर बनाउन हरेक वर्ष दुइटा पत्रिकालाई सरकारले छापाखाना नै दिने नीति बनाएको थिएँ। दुईटा पत्रिका, एउटा नेपाली र एउटा अंग्रेजीले पाए पनि क्यार।"

नेता र प्रेसको कुरा गर्दागर्दै राजा वीरेन्द्र एउटा प्रसंगमा अलि उत्तेजित जस्तो होइबक्सियो। संविधान निर्माण सम्बन्धित कुरा गर्दै जाँदा "दरबारको संविधान" को प्रकरण आयो। दरबारले तयार पारेको त्यो तथाकथित संविधानको रूपरेखालाई त्यसको केही दिन अघि मात्र गोरखापत्रले दरबारको संविधान भनी छापेको थियो। गोरखापत्रले त्यो प्रकाशित गरेपछि राजा फेरि तानाशाह बन्न खोजेको आशंकाले देशभरि दरबार विरोधी वातावरण बनेको थियो। राजधानीसहित कैयौं ठाउँमा दरबारविरूद्ध जुलुस प्रदर्शन समेत भयो। त्यो प्रकरणमा राजाको त्यो उज्यालो चम्किलो मुहारमा बादल लागेको मैले देखें। राजाबाट उक्त "दरबारको संविधान" को पृष्ठभूमि र यथार्थ बताउँदै हुकुम भयो- के त्यसमा पनि मलाई दोष दिने ? राम्रो गर्न खोज्दा, सहयोग गर्न खोज्दा पनि दोष ? सहयोग नमागे भइहाल्यो नि, सल्लाह नमाने भइहाल्यो नि, सहयोग पनि माग्ने अनि सहयोग गर्न खोज्दा बाहिर गएर उल्टै विभिन्न आरोप लगाई बेइज्जत गर्ने ? जे पनि आरोप लगाउने। ... नेताहरू यहाँ केही भन्दैनन्। राम्रो छ, ठीक छ भन्छन्। तर बाहिर गएर प्रेसलाई प्रयोग गरी गाली गराउँछन्। भ्रम पार्छन्। हुँदा हुँदा 'गोरखापत्र' लाई पनि प्रयोग गरियो। वास्तविक कुरा कतै आइरहेको छैन। के मैले छुट्टै गोरखापत्र र रेडियो चलाउनु पर्ने भयो ? के मैले पनि साँचो कुरा यो हो है भन्दै हिंड्ने ? दरबारमाथि कुनै आक्षेप लागेमा र कुनै शंका उठेमा सरकारी मिडियाले त्यसलाई प्रष्ट गर्नु पर्ने हो कि झन् भ्रम पारेर उत्तेजना बढाउने ? सरकारले नै दरबार विरुद्ध जनतालाई भड्काउने काम संसारमा कतै हुँदैन। संवैधानिक राजतन्त्रमा राजाको मात्र कर्तव्य हुन्छ कि अरूहरूको पनि जिम्मेदारी हुन्छ ?

राजसंस्थालाई अपराधी जस्तो बनाएर संवैधानिक राजतन्त्र बलियो हुन्छ र ? म त हेरि मात्र रहेको छु। केही नगर्दा त हस्तक्षेप गर्न खोज्यो भन्छन्। प्रजातन्त्र ल्याउन आन्दोलन गर्नेहरूले सबैको हितको रक्षा गर्नुपर्छ। यस्तो मामलामा तपाई पत्रकारहरूले पनि सोच्नु पर्छ। जनतालाई प्रजातन्त्रको अनुकूल बनाउनु पर्छ। राजनीतिक दलहरूलाई पनि सही बाटो देखाउनु पर्छ।

मैले सोधें- पहिले सम्पूर्ण अधिकार आफूसंग भएको र अहिले संवैधानिक राजतन्त्र भएको अवस्थामा सरकारले के भिन्नता महसुस गरिबक्सेको छ ? राजा वीरेन्द्र मुस्काइ बक्सियो र सहज ढंगले हुकुम भयो- "मलाई त केही फरक परेको छैन।" एकछिन रोकिएर मौसूफबाट हुकुम भयो- पहिले सबै काम मेरो नाममा हुने गरे तापनि काम मन्त्री र प्रधानमन्त्रीले नै गर्दथे। प्रधानमन्त्री आएर सबै जाहेर गर्दथे र म आफूलाई लागेको कु[illegible] भन्थें। नाम मेरो भए पनि काम उनीहरू नै गर्दथे। एउटा प्रक्रिया थियो। सबैको आ-आफ्नै जिम्मेदारी थियो। तर कहिलेकाहीं नराम्रो गरे अथवा नराम्रो प्रतिक्रिया आयो भने "माथिको निर्देशनमा गरेको" भन्थे। राम्रो भए आफूले गरेको, नराम्रो भए- "माथि" ले। अहिले "माथि" भन्ने कम सुनिन्छ। तर प्रक्रिया उस्तै छ। प्रधानमन्त्री आइरहनु हुन्छ। आफ्नो कुरा जाहेर गर्नुहुन्छ। मलाई लागेको कुरा भन्छु। मैले भनेको कुरामा प्रायः सहमति नै जनाउनु हुन्छ। मेरो र प्रधानमन्त्रीबीचको सम्बन्धमा केही फरक परेको छैन। बरू प्रशासनको मामलामा पहिले जस्तो चिन्ता लिनु परेको छैन। राजनीतिक अधिकार त्यसबेला बढी भएता पनि म धेरै अधिकार प्रयोग गर्दिन थिएँ। सबै काम सरसल्लाह गरेरै हुन्थ्यो, अहिले पनि प्रधानमन्त्री आएर सल्लाह गर्नुहुन्छ। म प्रजातन्त्रको विरूद्ध कहिल्यै थिइन। तर संवैधानिक राजतन्त्र र बहुदलीय व्यवस्थाको मान्यतालाई जनजीवनमा 'सेट' गर्न समय लाग्छ। अहिले त एउटा 'फ्रेम' मात्र बनेको छ। राजनीतिक क्षेत्रमा अनुशासनको अलि अभाव छ। अनुशासन भएन भने यस्तो पद्धति चलाउन अप्ठ्यारो पर्छ। यसमा धेरै कुराको सन्तुलन मिलाउन सक्नुपर्छ। त्यसैले एउटा मेकानिज्म बनाउँ राम्रो हुन्छ। सन्तुलन मिलेन भने, हामीले सोचेको जस्तो परिणाम आउन सक्तैन। त्यसैले म भन्छु- हतार गर्नु हुँदैन। हतार गर्दा, देशको वास्तविकताप्रति ध्यान नजान सक्छ। त्यसो हुँदा असन्तुलन आउन सक्छ। आज यति महत्वपूर्ण जिम्मेदारी पाएका राजनीतिज्ञ र राजनीतिक पार्टीहरू जनभावना र देशका वास्तविक समस्या बुझ्न र सन्तुलन मिलाएर प्रजातन्त्र र यो व्यवस्थालाई अगाडि बढाउन गम्भीर र संयमित भएर हिंड्नु पर्ने हो। यो व्यवस्थाले अँगालेको मान्यता आज संसारमै उत्कृष्ट मान्यता मानिन्छ। तर यसको संचालन नै पद्धतिको महत्व र परिणाम निर्भर गर्दछ।

(विमर्श साप्ताहिक)

पोस्टमार्टम नगरी शव जलाउन आदेश दिनेहरू सन्देहको घेरामा

– प्रज्वल चापागाई

"नारायणहिटी पर्व" मा परी स्वर्गीय होइबक्सेका श्री ५ वीरेन्द्र, श्री ५ ऐश्वर्य, श्री ५ दीपेन्द्र, श्री ५ अधिराजकुमार नीराजन, श्री ५ अधिराजकुमारी श्रुतीलगायत राजपरिवारका अन्य पाँच सदस्यहरुको पार्थिव शरीरको अन्त्येष्टिअघि "पोस्टमार्टम" नगरिएको पुष्टि भएको छ। छाउनीस्थित वीरेन्द्र सैनिक अस्पतालसम्बद्ध सूत्रले भन्यो- "पोस्टमार्टम भएको छैन।"

"पोस्टमार्टम गर्न हामीलाई सैनिक अस्पतालमा बोलाइयो। पोस्टमार्टम हुने विश्वास लिएर हामी त्यहाँ पुग्यौं, कुर्यौं। तर पछि राजपरिवारका सदस्यको शवको पोस्टमार्टम गर्नु नपर्ने जानकारी आयो।" विगत दश वर्षदेखि काठमाडौं जिल्लामा पोस्टमार्टम कार्य गर्दै आउनुभएका शिक्षण अस्पतालको पोस्टमार्टम विभागमा कार्यरत कानुनी चिकित्साविद् डा. हरिहर वस्तीले उक्त जानकारी दिंदै राजपरिवारका दिवंगत सदस्यको पोस्टमार्टम नभएको पुष्टि गर्नुभयो।

पोस्टमार्टम गर्नकै लागि जेठ २० गते र २२ गते त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालको पोस्टमार्टम विभागका प्रमुख डा. प्रमोद श्रेष्ठको नेतृत्वमा डा. हरिहर वस्ती र डा. तुलसी कँडेलको टोली मुचुल्का उठाउने प्रहरी अधिकृतहरुको समूहसँग छाउनी अस्पताल पुगेको थियो। पोस्टमार्टम विशेषज्ञहरुको उक्त टोली गत जेठ २० गते करिब तीन घण्टा र २२ गते करिब पाँच घण्टा छाउनीस्थित अस्पतालमा पोस्टमार्टम गर्ने निर्देशन पर्खेर बसेको थियो। तर पोस्टमार्टम गर्नु नपर्ने निर्देशन "माथिबाट" आएपछि विशेषज्ञको टोली पोस्टमार्टम नगरी फर्केको थियो, उक्त टोलीमा संलग्न एक विशेषज्ञले बताए।

कानुनी चिकित्सा विशेषज्ञ वस्तीका अनुसार सैनिक र प्रहरी अस्पतालमा क्लिनिकल पोस्टमार्टम सुविधा मात्रै छ। फोरेन्सिक पोस्टमार्टम सुविधा यी दुवै अस्पतालमा छैनन्। नेपालमा कानुनी चिकित्सा विशेषज्ञ पाँच जना मात्र छन्। तीमध्ये तीनजना शिक्षण अस्पताल र दुईजना धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा कार्यरत छन्। त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालमा कार्यरत कानुनी चिकित्सा विशेषज्ञहरुले पोस्टमार्टम गर्न नपाएपछि राजपरिवारका दिवंगत सदस्यहरुको पोस्टमार्टम नगरिएको प्रष्ट भएको छ।

एक प्रश्नमा सैनिक अस्पताल सम्बद्धसूत्रले भन्यो- "पोस्टमार्टम गर्ने/नगर्ने निर्णय हामीले गर्ने होइन। हामीलाई जे निर्देशन आउँछ, त्यही गर्ने हो।" तर नेपाल वार एसोसिएसनका अध्यक्ष सिन्धुनाथ प्याकुरेलका अनुसार "अस्वाभाविक घटनामा परी निधन भएका व्यक्तिको शव पोस्टमार्टम नगरी जलाउन पाइँदैन। पोस्टमार्टमको प्रतिवेदन नै अनुसन्धानको मूल कडी हो।"

"पोस्टमार्टम गर्न नदिंदा के हुन्छ ?" भन्ने प्रश्नमा वार एसोसिएसनका अध्यक्ष प्याकुरेलले भन्नुभयो- "जस-जसले पोस्टमार्टम नगरी पार्थिब शरीर जलाउने निर्देशन दिए, उनीहरु पनि अपराधको दायराभित्र आउँछन्।" पोस्टमार्टम नगर्दा अनुसन्धानले कानुनी प्रमाण गुमाउने दाबी गर्दै वारका अध्यक्ष प्याकुरेलले थप्नुभयो- "गोलीले मऱ्यो भनेर मात्र सुख पाइँदैन। गोली कहाँ-कहाँ कतिवटा लागेको थियो, सबै कुरा सार्वजनिक गर्नुपर्छ।" पोस्टमार्टम नगरिंदा कानुनी दृष्टिकोणमा गम्भीर त्रुटि भएको छ, वारका अध्यक्ष प्याकुरेलले दाबी गर्नुभयो।

पोस्टमार्टम नभएको भए छानबिनको आधार र यसले अनुसन्धानलाई पार्नसक्ने असर कस्तो हुन्छ भन्ने प्रश्नमा उच्चस्तरीय छानविन समितिका सदस्य सभामुख तारानाथ रानाभाटले भन्नुभयो- "दरबारभित्रको परम्परा के छ, बुझेपछि मात्रै बोल्न सकिन्छ।" तर उहाँले अनुसन्धान प्रभावित हुने/नहुने स्पष्ट पार्न चाहनु भएन।

सर्वसाधारण नागरिक समेतको अस्वाभाविकरुपमा निधन भएको छ भने पार्थिव शरीरको अन्त्येष्टि गर्नुअघि पोस्टमार्टम गर्ने कानुनी प्रावधान र प्रचलन विश्वमा सबैतिर हुन्छ। अन्तर्राष्ट्रियरुपमा प्रसिद्धि पाएका तत्कालीन भारतीय प्रधानमन्त्री इन्दिरा गान्धी र बेलायतकी राजकुमारी डायनाको निधनपछि पोस्टमार्टम गरेर मात्रै पार्थिव शरीरलाई नष्ट गरिएको थियो। स्वर्गीय गान्धीको निधन नयाँ दिल्लीस्थित प्रधानमन्त्रीको निवासमा आफ्नै अंगरक्षकले हानेको गोलीको कारण भएको थियो भने श्रीमती डायनाको निधन पेरिसस्थित एक सुरुङ मार्गमा आफू चढिरहेको कार ठोक्किएर दुर्घटनाग्रस्त हुँदा भएको थियो।

"चिकित्सा विज्ञानमा कसैको अस्वाभाविक निधन भएको छ भने शवको पोस्टमार्टम गर्नैपर्छ", नेपाल मेडिकल काउन्सिलका सभापति डा. पूर्णचन्द्र कर्माचार्यले बताउनुभयो। शिक्षण अस्पताल पोस्टमार्टम विभागका कानुनी चिकित्सा विशेषज्ञ वस्तीले भन्नुभयो- "राजदरबारको चलन मलाई थाहा भएन तर यस्तो अस्वाभाविक घटनाको पोस्टमार्टम गर्नैपर्थ्यो।"

श्री ५ महाराजाधिराज ज्ञानेन्द्रबाट राज्यारोहण

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट गत जेठ २२ गते विहान ११ बजे ऐतिहासिक हनुमानढोका दरबारको नासलचोकमा आयोजित विशेष समारोहबीच राज्यारोहण गरिबक्स्यो। समारोहमा मौसुफबाट वैदिक विधिपूर्वक नेपाल अधिराज्यको राजमुकुट पहिरिबक्स्यो। मौसुफमा बडागुरुज्यू केशरीराज पाण्डेले राजमुकुट पहिराउनुभएको थियो। मौसुफमा त्यस अवसरमा शाही नेपाली सेनाको एक टुकडीले शाही सलामी अर्पण गरेको थियो। सो अवसरमा मौसुफको सम्मानमा १०१ तोपको सलामी चढाइएको थियो।

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवमा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले दाम राखेर अभिवादन चढाउनुभयो। त्यसैगरी, मौसुफमा प्रधानन्यायाधीश केशवप्रसाद उपाध्याय, सभामुख तारानाथ रानाभाट, राष्ट्रिय सभाका अध्यक्ष डा. मोहम्मद मोहसिन, राजपरिषद् स्थायी समितिका सभापति डा. केशरजंग रायमाझी, उप-प्रधानमन्त्री रामचन्द्र पौडेल, प्रतिनिधिसभामा प्रमुख विपक्षी दलका नेता माधवकुमार नेपाल, संवैधानिक अंगका प्रमुखहरु, श्री ५ को सरकारका मुख्य सचिव, प्रधानसेनापति, शाही नेपाली सेना, नेपाल प्रहरी तथा राजप्रासाद सेवाका उच्च पदस्थ अधिकारीहरुले दाम राखेर अभिवादन गर्नुभएको थियो।

सो अवसरमा मौसुफको जयजयकार तथा चिरायुको कामना गरिएको थियो। समारोहपछि श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवको सवारी ६ घोडे बग्गीमा राजकीय सम्मानका साथ नारायणहिटी राजदरबारतर्फ चलाइएको थियो। सवारी हनुमानढोकादेखि वसन्तपुर, जुद्धसडक, नयाँसडक ढोका, महांकालस्थान, रत्नपार्क, घण्टाघर र दरबार मार्ग हुँदै नारायणहिटी राजदरबारमसम्म भएको थियो। सो अवसरमा

मौसुफमा अभिवादन टक्र्याउन सडकका दुवै किनारामा हजारौं नरनारी एकत्रित भएका थिए।

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रको निष्ठापूर्ण अभ्यासद्वारा नेपाली जनतालाई समुन्नत भविष्यतिर उन्मुख गराइबक्सने श्रद्धेय दाज्यू स्वर्गवासी श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको सदिच्छा हामी सबैको लागि सधैंको लागि प्रेरणादायी रहने छ- हुकुम भएको छ।

मौसुफबाट सोही दिन देशबासीका नाममा बक्सेको शाही घोषणामा उक्त कुरा हुकुम भएको हो। नेपालको राष्ट्रिय हितमा श्री ५ वीरेन्द्रबाट दुवै छिमेकी मुलुकहरुसँग सुदृढ तुल्याइबक्सेको घनिष्ट सम्बन्ध तथा विश्व समुदायमा हुर्काइबक्सेको नेपालको सम्मानपूर्ण छविलाई पनि हामी सबैले सधैं अक्षुण्ण राख्नुपर्दछ हुकुम हुँदै मौसुफबाट हाम्रो यस प्रतिबद्धतालाई मूर्त रुप दिन सबैबाट सहयोग मिल्नेछ भन्ने विश्वास व्यक्त गरिबक्सेको छ।

मौसुफबाट शाही घोषणामा हुकुम भएको छ- "श्री ५ महाराजाधिराजको रुपमा हाम्रो काँधमाथि आइपरेको अभिभारा सम्हाल्दै आज यसै घोषणाद्वारा हाम्रा महारानी कोमल राज्यलक्ष्मी देवी शाहलाई श्री ५ बडामहारानी घोषित गरिबक्सेका छौं।"

श्री ५ महाराजाधिराजबाट जेठ २२ गते विहान देशवासीका नाममा बक्सेको सन्देशमा हुकुम बक्सेबमोजिम राजदरबारमा घटेको दुःखद् घटनाको यथार्थ विवरण जनसमक्ष ल्याउने प्रक्रियास्वरुप प्रधानन्यायाधीश केशवप्रसाद उपाध्यायको अध्यक्षतामा एक उच्च स्तरीय समिति गठन गरिबक्सी उक्त समितिमा सभामुख तारानाथ रानाभाट तथा प्रतिनिधि सभामा विपक्षी दलका नेता माधवकुमार नेपाललाई सदस्य तोकिबक्सेको र यस समितिलाई तीन दिनभित्र प्रतिवेदन जाहेर गर्न निर्देशन पनि बक्स भएको शाही घोषणामा उल्लेख छ। (तर समिति संविधानसम्मत हुनुपर्ने बताउँदै प्रतिनिधि सभामा विपक्षी दलका नेता माधवकुमार नेपालले जेठ २३ गते समितिबाट राजीनामा दिनुभयो। उहाँको राजीनामा श्री ५ बाट स्वीकृत समेत गरिबक्सेको छ।) यसैगरी, श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट जेठ २२ गते देशवासीका नाममा बक्सेको सन्देशमा हामी सबै नेपाली संयमित तथा एकजुट भएर यस दुःखद् परिस्थितिको सामना गर्न सफल हुनेछौं भन्ने

विश्वास व्यक्त गरिबक्सेको छ।

मौसुफबाट सन्देशमा २०५८ साल जेठ १९ गते शुक्रबार राति राजदरबारमा घटेको दुःखद् घटनाका सम्बन्धमा सत्यतथ्य बुझी सोको जानकारी यथाशीघ्र देशवासीहरुलाई, गराउने भएका छौं- हुकुम भएको छ।

श्री ५ महाराजाधिराजबाट सन्देशमा हुकुम भएको छ- "श्री ५ महाराजाधिराज दीपेन्द्र वीर विक्रम शाहदेव अब हामीबीच रहिबक्सेन भन्दा साह्रै दुःख लागेको छ। मौसुफको कार्यकालमा राज्य सहायकका हैसियतले हामीबाट देशबासीका नाममा सन्देश बक्सेका थियौं। उक्त सन्देशमा ०५८ साल जेष्ठ १९ गते शुक्रबार राति राजदरबारमा घटेको दुःखद् घटनाको यथार्थ विवरण जनसमक्ष ल्याउन संवैधानिक तथा कानुनी अड्चन परेको थियो। अब सो स्थिति नरहेकाले यस सम्बन्धमा सत्यतथ्य बुझी सोको जानकारी यथाशीघ्र प्यारा देशवासीहरुलाई गराउने भएका छौं।

यसअघि, राज्य सहायक श्री ५ अधिराजकुमार ज्ञानेन्द्र वीर विक्रम शाह विक्रम सम्वत् २०५८ साल जेठ २२ गते सोमबारदेखि नेपाल अधिराज्यको श्री ५ महाराजाधिराज होइबक्सेको राजपरिषद्को सोही दिन विहान बसेको बैठकले घोषणा गरेको थियो।

राजपरिषद्को बैठकले गरेको राज्यारोहणको घोषणामा भनिएको छ- "प्रजावत्सल परम् आदरणीय श्री ५ महाराजाधिराज दीपेन्द्र वीर विक्रम शाहदेव विक्रम सम्वत् २०५८ साल जेष्ठ २२ गते रोज २ का दिन विहान ३.४५ बजे श्री वीरेन्द्र सैनिक अस्पताल छाउनीमा स्वर्गारोहण होइबक्सेको हुँदा नेपाल अधिराज्यको संविधान २०४७ राजगद्दी उत्तराधिकारसम्बन्धी ऐन २०४४ को दफा ५.६ बमोजिम मौसुफका सबैभन्दा नजिकका हकदार माहिला काका राजगद्दी उत्तराधिकारी श्री ५ अधिराजकुमार ज्ञानेन्द्र वीर विक्रम शाहदेव विक्रम संवत २०५८ साल जेष्ठ २२ गते रोज २ देखि नेपाल अधिराज्यको श्री ५ महाराजाधिराज होइबक्सेको घोषणा गर्दछौं।"

शाही घोषणाको पूर्ण विवरण

प्यारा देशवासीहरु,

विक्रम सम्वत् २०५८ साल जेठ १९ गते शुक्रवार राति नारायणहिटी राजदरबारमा पारिवारिक जमघटमा भएको अप्रत्याशित घटनामा श्री ५ महाराजाधिराज दीपेन्द्र वीर विक्रम शाहदेव गम्भीररुपमा अशक्त होइबक्सी वीरेन्द्र सैनिक अस्पताल छाउनीमा उपचारार्थ रहिबक्सेकोमा चिकित्सकहरुबाट अथक प्रयत्न हुँदाहुँदै आज विक्रम सम्वत् २०५८ साल जेठ २२ गते सोमवार विहान ३ बजेर ४५ मिनेट जाँदा मौसुफ हामी सबैलाई छोडेर स्वर्गारोहण होइबक्सेको कुरा देशवासीलाई सुनाउनु पर्दा हामीलाई अत्यन्त दुःख लागेको छ। नश्वर शरीर लिएर जन्मेपछि देह त्याग गर्नुपर्ने यो प्राकृतिक नियम ध्रुवसत्य भए पनि युवा श्री ५ महाराजाधिराज दीपेन्द्र वीर विक्रम शाहदेव समय नपुग्दै स्वर्गारोहण होइबक्सेला भन्ने हामीले नचिताएको कुरा हामीमाथि आइपऱ्यो।

यसको केही दिनपूर्व मात्र हामीबाट प्रजावत्सल विकासप्रेमी श्रद्धेय दाजु श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव तथा देशका सम्पूर्ण नारीहरुको हित चाहिबक्सने भाउजु श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाहको वियोग सहनु पऱ्यो।

देशमा उत्पन्न भएका यी असफय शोकको घडीमा हामी सबै नेपालीहरु मर्माहत भएका छौं। हामी मुलुकमाथि एकपछि अर्को गरी आइपरेका दुःखदायी परिस्थितिहरुलाई हामी सबै नेपालीले साहसी धैर्यपूर्वक आ-आफ्नो कर्तव्य र दायित्वलाई वहन गर्नुपर्ने बेला आएको छ।

नेपालको इतिहासमा आइपरेको यस अकल्पनीय अवस्थाको अनुचित फाइदा लिई हामी राष्ट्रिय एकता, स्वतन्त्रता र राष्ट्रियतालाई समेत कमजोर पार्ने प्रयास हुनसक्ने भएकाले हामी सबै नेपाली सचेत हुँदै एकजुट हुनुपरेको छ। कस्तै विपत्ति आइपर्दा पनि नडगडाइ सामना गर्ने एक हुने हामी नेपालीको परम्परा कायमै राख्नु आजको आवश्यकता भएको छ।

लोकसम्मति र जन आकाक्षाको कदर गरी राज्य सञ्चालन गर्ने शाहवंशको परम्परा रहिआएको छ। संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रको निष्ठापूर्ण अभ्यासद्वारा नेपाली जनतालाई समुन्नत भविष्यतिर उन्मुख गराइबक्सने श्रद्धेय दाजु स्वर्गवासी श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहको सदिच्छा हामी सबैको लागि सधैंको लागि प्रेरणादायी रहने छ। नेपालको राष्ट्रिय हितमा मौसुफबाट दुवै छिमेकी मुलुकहरुसँग सुदृढ तुल्याइबक्सेको घनिष्ट सम्बन्ध तथा विश्व समुदायलाई हुकाइबक्सेको नेपालको सम्मानपूर्ण छविलाई पनि हामी सबैले सधैं अक्षुण्ण राख्नुपर्दछ। हामी यस प्रतिबद्धतालाई मूर्तरुप दिन सबैबाट सहयोग मिल्नेछ भन्ने कुरामा हामी विश्वस्त छौं।

श्री ५ महाराजाधिराजको रुपमा हामी कोमाथि आइपरेको अभिभारा सम्हाल्दै आज यसै घोषणाद्वारा हामी महारानी कोमल राज्यलक्ष्मी देवी शाहलाई श्री ५ बडामहारानी घोषित गरिबक्सेका छौं।

हामीबाट आज विहान देशवासीका नाममा बक्सेको सन्देशमा हुकुम भएबमोजिम राजदरबारमा घटेको दुःखद् घटनाको यथार्थ विवरण जनसमक्ष ल्याउने प्रक्रियास्वरुप प्रधानन्यायाधीश केशवप्रसाद उपाध्यायको अध्यक्षतामा एक उच्चस्तरीय समिति गठन गरिबक्सेका छौं। उक्त समितिमा सभामुख नारायण रानाभाट तथा प्रतिनिधि सभामा विपक्षी दलका नेता माधवकुमार नेपालसँग सदस्य तोकिबक्सेका छौं। यस समितिलाई तीन दिनभित्र प्रतिवेदन जाहेर गर्ने निर्देशन पनि बक्सेका छौं। समितिले प्रतिवेदन जाहेर गरेपछि सत्यतथ्य देशवासीलाई जानकारी गराउने नै छौं।

स्वर्गवासी श्री ५ महाराजाधिराज दीपेन्द्र वीर विक्रम शाहको दिवंगत आत्माको चिरशान्तिको लागि श्री परमेश्वरसँग प्रार्थना गरौं।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरुन्।

जय नेपाल

श्री ५ ज्ञानेन्द्रको संक्षिप्त जीवनी

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवको शुभजन्म तत्कालीन श्री ५ युवराजाधिराज महेन्द्र तथा श्री ५ युवराज्ञी इन्द्र राज्यलक्ष्मी देवी शाहका द्वितीय पुत्रका रुपमा वि.सं. २००४ साल असार २३ गते तद्नुसार १९४७ जुलाई ७ तारिखका दिन नारायणहिटी राजदरबारमा भएको हो।

श्री ५ महाराजाधिराज दीपेन्द्र वीर विक्रम शाहदेव ०५८ जेठ २२ गते विहान ३ बजेर ४५ मिनेटमा स्वर्गारोहण होइबक्सेपछि सोही दिन विहान राजपरिषद्को आकस्मिक बैठकले श्री ५ अधिराजकुमार ज्ञानेन्द्र वीर विक्रम शाहदेवलाई नेपाल अधिराज्यको महाराजाधिराज घोषित गरेको हो।

राणा शासनको पतन र प्रजातान्त्रिक शासन व्यवस्था स्थापन गर्ने क्रान्तिको चरमोत्कर्षका बेला तत्कालीन श्री ५ महाराजाधिराज त्रिभुवन वीर विक्रम शाहदेव र तत्कालीन युवराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवलगायत राजपरिवारका अन्य सदस्यहरु भारत सवारी होइबक्सेको अवस्थामा चार वर्षका बालक श्री ५ अधिराजकुमार ज्ञानेन्द्रलाई ७४ घण्टाका लागि नेपालको राजगद्दीमा आरोहण गराइएको थियो।

श्री ५ वीरेन्द्रको स्वर्गारोहण तथा श्री ५ महाराजाधिराज दीपेन्द्र वीर विक्रम शाहदेव अति गम्भीर अवस्थामा अस्पताल उपचारार्थ रहिबक्सेको बेला गत जेठ २० बसेको राजपरिषद्को बैठकले मौसुफलाई राज्यसहायक घोषणा गरेको थयो।

मौसुफको शुभविवाह लेफिटनेन्ट जनरल स्व. केन्द्रशमशेर जबरा र श्रीराज्यलक्ष्मी राणाका सुपुत्री श्री ५ अधिराजकुमारी कोमल राज्यलक्ष्मी देवी शाहका साथ वि.सं. २०२७ तद्नुसार सन् १९७० का दिन वैदिक परम्पराअनुसार सुसम्पन्न भएको थियो। मौसुफका एक सुपुत्र श्री ५ शाहज्यादा पारस वीर विक्रम शाह तथा एक सुपुत्री श्री ५ शाहज्यादी प्रेरणा राज्यलक्ष्मी देवी शाह होइबक्सन्छ।

मौसुफबाट दार्जिलिङको सेन्ट जोसेफ कलेजबाट सिनियर क्याम्ब्रिजको शिक्षा हासिल गरिबक्सनाका साथै त्रिभुवन विश्वविद्यालयबाट २०२६ सालमा स्नातक गरिबक्सेको छ।

मौसुफ कविता र गीत लेखनमा विशेष अभिरुचि राखिबक्सन्छ। मौसुफबाट लेखन क्षेत्रमा जी. शाह नाम प्रयोग गरिबक्सन्छ।

मौसुफबाट समयसमयमा गहन जिम्मेवारीहरु बहन गर्दै आइबक्सेको छ। मौसुफबाट श्री ५ वीरेन्द्रको शुभराज्याभिषेक समारोहका सल्लाहकार समितिको सदस्यका रुपमा जिम्मेवारी बहन गरिबक्सेको थियो।

मौसुफबाट श्री ५ को अनुपस्थितिमा पटकपटक राज्य सहायक परिषद् र राजप्रतिनिधि परिषद्को प्रमुखको रुपमा कार्यभार बहन गरिबक्सेको छ।

मौसुफ प्रकृति संरक्षणमा विशेष अभिरुचि राखिबक्सन्छ। श्री ५ महेन्द्र प्रकृति संरक्षण कोषको स्थापनाकालदेखि मौसुफ अध्यक्ष रहिबक्सेको छ। श्री ५ महाराजाधिराजबाट सन् १९७३ मा जर्मनीमा आयोजित विश्व वन्यजन्तु कोषको सम्मेलनमा भाग लिइबक्सेको थियो। मौसुफबाट गत डिसेम्बरमा काठमाडौंमा आयोजित विश्व वन्जयन्तु कोषको चालीसौं वार्षिक साधारणसभा र अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिइबक्सेको थियो।

मौसुफबाट भारत, चीन, जापान, गणतन्त्र कोरिया, नेदरल्यान्ड, अमेरिका, थाइल्यान्ड र भूटानको औपचारिक भ्रमण गरिबक्सनुका साथै बंगलादेश, पाकिस्तान, बेलायत, डेनमार्क, जर्मनी, रुमानिया, बुल्गेरिया, हंगेरी, चेकोस्लोभाकिया, न्यूजिल्यान्ड, क्यानडा, फ्रान्स र रुसको भ्रमण गरिबक्सेको छ।

मौसुफ विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पदक तथा सम्मानबाट विभूषित होइबक्सेको छ। मौसुफ सुप्रसिद्ध प्रबल गोर्खा दक्षिण बाहु, अति सुविख्यात सेवालंकार, विशेष सेवा पदक, ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट, ओमराम पट्ट, महाउज्ज्वल कीर्तिमय नेपाल श्रीपद, निदरल्यान्डको द ग्रान्ड क्रस अर्डर अफ द अरेन्ज, पाकिस्तानको निशान-ए-इम्तियाज र युगोस्लाभियाको ग्रान्ड कोर्डेन अफ युगोस्लाभ फ्ल्याग, निदरल्यान्डको अडर अफ द गोल्डेन आर्क र गणतन्त्र कोरियाको ग्रान्ड ग्वाङवा अडर अफ डिप्लोमेटिक सर्विस मेरिटबाट सम्मानित होबक्सन्छ।

शाही छानबीन समिति गठन

नारायणहिटी राज-दरबारमा पारिवारिक जमघटका बीच भएको भयानक हत्याकाण्डको यथार्थ विवरण जनसमक्ष ल्याउने उद्देश्यले गत जेठ २२ गते श्री ५ महाराजाधिराजबाट एक उच्चस्तरीय समिति गठन गरिबक्सेको थियो। समितिमा प्रधानन्यायाधीश केशवप्रसाद उपाध्याय, सभामुख तारानाथ रानाभाट र विपक्षी दलका नेता माधवकुमार नेपाल रहनुभएको घोषणा गरिएको थियो।

राजपरिवारको नियमित साप्ताहिक जमघटका बीच सो रात भएको भयानक हत्याकाण्डको यथार्थ जनसमक्ष ल्याउन माग गर्दै व्यापक जनप्रदर्शनहरु देखा पर्न थालेपछि नवघोषित श्री ५ महाराजाधिराज ज्ञानेन्द्रबाट देशबासीको नाममा बक्सेको दोस्रो सन्दशेमा सो समिति गठन गरिबक्सेको घोषणा भएको थियो।

सो हत्याकाण्डमा परी श्री ५ वीरेन्द्र, श्री ५ ऐश्वर्य, श्री ५ दीपेन्द्र, अधिराजकुमार नीराजन, अधिराजकुमारी श्रुती, शारदा र शान्ति, शाही नातेदार जयन्ती, कुमार खड्गविक्रम र धीरेन्द्र शाहको स्वर्गारोहण भइसकेको छ भने यस बाहेक अन्यको समेत हत्या भएको हुन सक्ने आशंका गरिएको छ। हत्याकाण्डको यथार्थ विवरण जनसमक्ष ल्याउने प्रक्रियास्वरुप श्री ५ ज्ञानेन्द्रबाट प्रधानन्यायाधीश केशवप्रसाद उपाध्यायको अध्यक्षतामा गठित समितिमा प्रतिनिधिसभाका सभामुख नारानाथ रानाभाट र प्रतिनिधिसभामा विपक्षी दलका नेता माधवकुमार नेपाललाई सदस्य तोकिबक्सेको थियो।

तर नेता नेपालले सो समितिको गठन प्रक्रियासँग उहाँको पार्टी नेकपा एमालेको सहमति नरहेको बताउँदै समितिमा नरहने घोषणा गरिसक्नुभएको छ भने समितिकै कानूनी हैसियतको बारेमा पनि प्रश्नहरु उठाइएका छन्।

समिति गठनमा संवैधानिक सर्वोच्चताको उपेक्षा भएको कुरा नाम उल्लेख नगर्ने सर्तमा एक वरिष्ठ अधिवक्ता तथा संविधानविद्ले बताएका छन्, तर उनले त्यस प्रकारको समिति गठन गर्नु संविधानप्रतिकूल नहुने पनि उल्लेख गरेका छन्।

नेपाल अधिराज्यको संविधान ०४७ को धारा ९२ को प्रतिबन्धात्मक वाक्यांशमा "श्री ५ बाट न्यायपरिषद्सँग परामर्श गरिबक्सी सर्वोच्च अदालतका न्यायाधीश वा पुनरावेदन अदालतका मुख्य न्यायाधीशलाई न्यायिक जाँचबुझको काममा वा केही खास अवधिको कानून वा न्यायसम्बन्धी अनुसन्धान, अन्वेषण वा राष्ट्रिय सरोकारको अन्य कुनै काममा खटाउन सकिने" व्यवस्था छ।

सर्वोच्च अदालतको न्यायाधीश भन्नाले प्रधानन्यायाधीशलाई समेत जनाउने भए पनि सो समिति गठनका लागि न्यायपरिषद्सँग परामर्श गर्ने कार्य भएको छैन। प्रधानन्यायाधीशको अध्यक्षतामा रहने सो परिषद्मा न्यायमन्त्री, सर्वोच्च अदालतका दुईजना वरिष्ठ न्यायाधीश र श्री ५ बाट तोकिबक्सेको एक जना विशिष्ट कानूनविद् सदस्य रहने संवैधानिक व्यवस्था छ।

संविधानको धारा ९२ अनुरुप गठन हुने त्यस्तो समिति गठन गर्न जाँचबुझ आयोग ऐन ०२६ को दफा ३ (१) ले पनि अनुमति दिएको छ। ऐनको सो दफामा उल्लेख छ- "श्री ५ बाट मन्त्रिपरिषद्को सल्लाहमा नेपाल अधिराज्यको संविधान ०४७ को धारा ९२ को प्रतिबन्धात्मक वाक्यांशमा उल्लेखित कुनै कामका लागि सोही प्रतिबन्धात्मक वाक्यांशबमोजिम सर्वोच्च अदालतको न्यायाधीश वा पुनरावेदन अदालतको मुख्य न्यायाधीशलाई खटाई आयोग गठन गर्न सकिबक्सने छ। त्यस्तो आयोग न्यायाधीशको मात्र वा अन्य व्यक्तिसमेत रहेको हुने सक्नेछ र एकभन्दा बढी सदस्य रहेमा श्री ५ बाट तोकिबक्सेको न्यायाधीश आयोगको अध्यक्ष हुनेछ।" तर यसअनुरुप श्री ५ समक्ष मन्त्रिपरिषद्को सल्लाह पनि जाहेर भएको बताइएको छैन।

त्यसैगरी, सोही ऐनको दफा ३ (३) मा व्यवस्था भएबमोजिम "आयोग गठनसम्बन्धी सूचना" नेपाल राजपत्रमा प्रकाशित गर्ने र त्यसको कार्यविधि निर्धारण गर्ने कार्य पनि पूरा हुन सकेको छैन।

बहालवाला न्यायाधीशहरुको अध्यक्षतामा यस्तो समिति वा आयोग गठन गर्ने कुरामा पनि कानूनी विवाद नभएको होइन। तर ०५० साल जेठ ३ गते नेकपा (एमाले) का तत्कालीन महासचिव मदनकुमार भण्डारी र संगठन विभाग प्रमुख जीवराज आश्रितको चितवनको दासढुंगामा जीप दुर्घटनामा परी निधन भएको सन्दर्भमा भएको एउटा कानूनी बहसपछि त्यो विवादको समाधान भएको थियो।

कानूनविद्हरु त्यस्तो जाँचबुझ आयोग वा समिति श्री ५ बाट गठन गरिबक्सँदा प्रक्रिया पूरा गरिनु सरकारको दायित्व भएको बताउँछन्। नेपाल बार एसोसियसनका अध्यक्ष वरिष्ठ अधिवक्ता सिन्धुनाथ प्याकुरेल पनि यस्तो कुरामा संविधानको धारा ३५ लाई बिर्सन नमिल्ने बताउनुहुन्छ। सो धाराको उपधारा २ मा "श्री ५ बाट मात्र वा मौसुफको स्वविवेकमा वा अन्य कुनै निकाय वा पदाधिकारीको सिफारिशमा गरिबक्सने भनी किटानीसाथ व्यवस्था भएकोमा बाहेक यो संविधानबमोजिम श्री ५ बाट गरिबक्सने सबै कार्यहरु मन्त्रिपरिषद्को सल्लाह र सम्मतिबाट गरिबक्सनेछ" भन्ने स्पष्ट व्यवस्था छ।

तसर्थ: श्री ५ ज्ञानेन्द्रबाट गठन गरिबक्सेको उच्चस्तरीय समितिलाई "नीतिगत" मानी आवश्यक प्रक्रियाहरु पूरा गरेर समितिले काम-कार्वाही अगाडि बढाउनुपर्ने र वर्तमानमा

देखिएको अन्यौल र राजदरबारमा भएको हत्याकाण्डको यथार्थ विवरण सकेसम्म छिटो जनसमक्ष ल्याई मुलुकलाई अग्रगति दिनुपर्ने कुरा पनि वरिष्ठ कानूनीवद्हरुले बताएका छन्।

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट नारायणहिटी राजदरबारमा भएको गोलीकाण्डको छानबिन गर्न गठित उच्चस्तरीय समितिका एक सदस्य प्रमुख प्रतिपक्षी दलका नेता माधवकुमार नेपालले समिति गठन प्रक्रिया संविधान र विद्यमान ऐनकानूनअनुसार नभएको भनी समितिमा बस्न अस्वीकार गर्नुभएपछि छानबिन कार्यमा अन्यौल सिर्जना भएको थियो।

उक्त उच्चस्तरीय समितिलाई तीन दिन मात्रै समयावधि तोकिएको थियो, तर समितिका सदस्य नेपालले पार्टीको निर्णयअनुसार समिति गठनलाई सकारात्मकरुपमा लिए पनि प्रक्रिया नमिलेको भनी अस्वीकार गरेपछि तीन दिनको अवधिमा काम थालनी नै भएन। एमाले स्थायी समितिको बैठकले जेठ १९ गते राजदरबारमा भएको अस्वाभाविक र अप्रत्याशित घटनाको छानबिन गर्न संविधान र विद्यमान ऐनकानूनसम्मनत ढंगबाट समिति गठन गरिनुपर्ने कुरामा जोड दिंदै सो समिति गठन प्रक्रियाप्रति एमाले सहमत हुन नसक्ने निर्णय गरेको थियो। नेपाल अधिराज्यको संविधानले संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रको व्यवस्था गरेको छ भन्दै बैठकले गरेको निर्णयमा भनिएको छ- "प्रजातन्त्रको मूल आत्मा भनेको संविधानको सर्वोच्चताको सम्मान र विधिको शासनको परिपालना भन्ने कुरा स्वत:सिद्ध छ, यो सच्चाइ बहन गर्ने नेपाल अधिराज्यको संविधानको सम्मान गर्न हाम्रो पार्टी प्रतिबद्ध छ।"

स्थायी समितिको बैठकबाटै वर्तमान जटिल परिस्थितिबाट मुलुकलाई सहज मार्गमा अघि बढाउन सबै पक्षबाट संविधानको परिपालनामा दृढ प्रतिवद्ध रहन पनि अनुरोध गरिएको थियो।

स्थायी समितिको बैठकले जेठ १९ गते राजदरबारमा भएको गोलीकाण्डको छानबिन हुनुपर्छ भन्ने पहिलो प्रस्ताव राख्ने एमाले नै भएकाले समिति गठन भएको कुरालाई सकारात्मक रुपमा लिदै त्यसलाई सहयोग गर्न नेकपा (एमाले) तयार छ भन्दै मन्त्रिपरिषद्को सिफारिश र न्यायपरिषद्को परामर्शबिना त्यस्तो समिति बनाउने कुरा कानूनसम्मत नहुने कुरामा पनि जोड दिएको बताइएको थियो।

बैठकमा उच्चस्तरीय छानबिन समिति संविधानबमोजिम प्रक्रियां पुऱ्याएर बनाइएमा समितिमा एमालेको कुनै नेता पार्टीको प्रतिनिधित्व गर्न पठाउने, तर पार्टीका शीर्षनेता महासचिव नै त्यस्तो समितिमा नबस्ने अनौपचारिक निर्णयसमेत भएको पार्टीबाट थाहा भएको छ।

पार्टीको प्रतिनिधित्व गराउने हो भने अन्य पार्टीको तर्फबाट पनि हुनुपर्ने, एउटा पार्टीको मात्र राखिनुको रहस्य के हो भनी बैठकमा सदस्यहरुले प्रश्न उठाएको बताइएको छ।

नेकपा (एमाले) स्थायी समितिका सदस्य झलनाथ खनालले संविधानको धारा ३५ ले श्री ५ बाट किटानीसाथ गरिबक्सेको भनेकोमा बाहेक अन्य कुनै पनि कामकारवाही मन्त्रिपरिषद्को सल्लाहबमोजिम गर्नुपर्ने व्यवस्था गरेकाले समिति गठनका निम्ति मन्त्रिपरिषद् सक्रिय हुनुपर्थ्यो, तर त्यो कार्य भएको देखिएन, त्यसैले त्यो समिति कानूनसम्मत छैन भन्नुभयो।

"श्री ५ महाराजाधिराज ज्ञानेन्द्र, प्रधानमन्त्री, प्रधानन्यायाधीश, प्रतिनिधिसभा सभामुख र विपक्षी दलका नेताबीच दुई दिनअगाडि छानबिन समिति बनाउनेबारेमा संक्षिप्त बैठकमा सहमति भएको, तर त्यसको प्रक्रिया र कानूनी विधि पुऱ्याउने काम मन्त्रिपरिषद्ले गर्नुपर्दथ्यो" -नेता खनालले अर्को जिज्ञासामा भन्नुभयो।

छानवीन समितिको प्रतिवेदनको सार-संक्षेप

नारायणहिटी राजदरबारमा २०५८ जेठ १९ गते शुक्रवार राती घटेको घटनाको यथार्थ तथ्य संकलन गर्ने क्रममा यस उच्चस्तरीय समितिबाट घटनास्थलको अवलोकन, भौतिक चीज वस्तुको संकलन र वैज्ञानिक परीक्षण, घटना प्रत्यक्ष रूपमा देख्ने, घटनाबाट पीडित, एवं शाहीरक्षकहरू लगायतका उद्धारकार्यमा संलग्न व्यक्तिहरू, उपचारकार्यमा संलग्न चिकित्सकहरू लगायतका व्यक्तिहरूसंग सोधपुछ गर्ने कार्य गरियो। यसका अतिरिक्त छानविनका क्रममा बुझिएका मानिसहरूबाट खुल्न आएको तथ्यका सन्दर्भमा बुझ्न आवश्यक देखिएका मानिसहरूसंग बुझ्ने, सोधपुछ गर्ने एवं सम्बन्धित ठाउँहरूबाट आवश्यक रेकर्ड कागजात झिकाउने समेतका कार्यहरू गरी छानविनबाट निम्न बमोजिमको तथ्य खुल्न आएको छ:-

श्री ५ घाट उच्चस्तरीय छानवीन समितिको प्रतिवेदन कार्यान्वयनका लागि ग्रहण गर्दै प्रधानमन्त्री कोइराला

१. नारायणहिटी राजदरबारमा हरेक महिनाको तेस्रो शुक्रवार राती नियमित रूपमा पारिवारिक जमघटको आयोजना गर्ने परम्परा रहे अनुसार २०५८ जेठ १९ गते शुक्रवार पनि जमघटको आयोजना भएको पाइयो। नारायणहिटी राजदरबारको त्रिभुवन सदनमा आयोजना गरिएको सो जमघटमा श्री.५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव (यस पछि श्री ५ महाराजाधिराज भनिएको), श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवीशाह (यस पछि श्री ५ बडामहारानी भनिएको), श्री ५ मुमाबडामहारानी रत्न राज्यलक्ष्मी देवी शाह (यस पछि श्री ५ मुमा बडामहारानी भनिएको), श्री ५ युवराजाधिराज दीपेन्द्र वीर विक्रम शाह (यस पछि श्री ५ युवराजाधिराज भनिएको), श्री ५ अधिराजकुमार नीराजन वीर विक्रम शाहका अतिरिक्त राजपरिबारका अन्य सदस्यहरू एवं शाही-नातेदारहरू गरी २४ जनालाई राती ७:३० बजे आमन्त्रण गरिएकोमा आमन्त्रितमध्ये श्री ५ अधिराजकुमारी प्रेक्षा राज्यलक्ष्मी देवी शाह, कुमार श्री मोहनबहादुर शाही र राजकुमारी विमला सिंह गरी ३ जना वाहेक अन्य सबैको उपस्थिति रहेको तथ्य श्री ५ महाराजाधिराजका प्रमुख सचिवालयको २६ जेठ २०५८ को पत्रबाट खुल्न आएको छ। आमन्त्रित पाहुनाहरूको नामावली अनुसूचीमा समावेश गरिएको छ।

२. उल्लिखित जमघट कार्यक्रम आयोजना गरिएको स्थान श्री ५ युवराजाधिराजको खोपी रहेको वंगला त्रिभुवन सदनमा राती ७:३० बजेभन्दा अगाडिनै सर्वप्रथम श्री ५ युवराजाधिराज उपस्थित भएको तथ्य शाही पार्श्ववर्ती गजेन्द्र वोहरा समेतको भनाइबाट पुष्टि भएको छ। त्यसपछि क्रमश: आमन्त्रितहरूको आगमन भएको देखिन्छ। राती ८ बजे श्री ५ युवराजाधिराजले आफ्नो मोटरबाट श्री ५ मुमाबडामहारानी राजहुने वंगला महेन्द्र-मञ्जिल सवारी भई श्री ५ मुमा बडा-महारानीलाई मौसूफको मोटर आफैले चलाई जमघटस्थान त्रिभुवन सदनमा सवारी चलाइबक्सेको देखिन आयो। श्री ५ मुमा बडामहारानी विलियार्ड कोठाको पूर्वतर्फ सानो बैठक भनिने कोठामा श्री ५ अधिराजकुमारी हेलेन शाहसंग राजभइवक्स्यो। राजपरिवारका सदस्य एवं शाही नातेदारहरूको उपस्थिति भैसकेपछि अन्तमा राती करिव ८:३० बजे श्री ५ महाराजाधिराज मौसूफको अफिसबाट सिधै त्रिभुवन सदनमा पैदल सवारी भई श्री ५ मुमा वडामहारानी सरकारको दर्शन गरिबक्सी केही समयको भलाकुसारी पछि विलियार्ड कोठातर्फ सवारी भएको तथ्य घटनाक्रमका प्रत्यक्षदर्शीहरूबाट खुल्न आयो।

३. श्री ५ युवराजाधिराजले ७:३० बजे त्रिभुवन सदनको विलियार्ड कोठामा केही समय एकलै विलियार्ड खेलिवक्सेको र त्यस क्रममा १/२ पेग निट (पानी नराखी) Famous Grouse ह्विस्की समेत पिइवक्सेको तथ्य मौसूफका एडिसी गजेन्द्र वोहरा, र शाही नातेदार महेश्वर सिंह तथा रवि शम्शेर ज.ब.रा. समेतको भनाइबाट देखियो। श्री ५ महाराजाधिराजको त्रिभुवन सदनमा

सवारी हुनुभन्दा केही समय अगाडि (करिव १०-१२ मिनेटजति अगाडि) श्री ५ युवराजाधिराज शरीर थाम्न नसकी ढलपल ढलपल गरेको देखी ह्विस्कीको असरले हो कि ? भन्ने संभी श्री ५ अधिराजकुमार नीराजन, श्री ५ शाहज्यादा पारस, कुमार गोरख र डा.राजीव समेत ४ जना भई श्री ५ युवराजाधिराजलाई त्रिभुवन सदनभित्र रहेको मौसूफको खोपीमा सवारी चलाएको कुरा बुझिएका प्रत्यक्षदर्शीहरूबाट खुल्न आएको छ।

४ श्री ५ युवराजाधिराज विलियार्ड कोठामा रहँदाकै अवस्थामा राती ८ बजेर १९ मिनेटको समयमा आफ्ना पार्श्ववर्ती गजेन्द्र वोहरालाई चुरोट ल्याउन मोवाइल फोनबाट हुकुम भएको र हुकुम भएवमोजिम गजेन्द्र वोहराले श्री ५ युवराजाधिराजका शाही अर्दली रामकृष्ण केसीलाई आदेश गरे अनुसार निजले विशेष प्रकारको (शिखर चुरोटमा गाजाँ र अर्को नाम नखुलेको कालो पदार्थ मिसाई तयार गरिएको) चुरोट विलियार्ड कोठाको पूर्व ढोकामा गई श्री ५ शाहज्यादा पारस मार्फत् जिम्मा दिइआएको भन्ने निज रामकृष्णबाट जानकारी पाइयो। गाँजा लगायतका कालो पदार्थको व्यवस्था श्री ५ युवराजाधिराजले स्वयं गर्ने गरेको, कहाँबाट ल्याएको हुन्छ भन्ने थाहा नभएको र करिव १ बर्ष देखि आफूले त्यस्तो चुरोट वनाई दिने गरेको कुरा श्री ५ युवराजाधिराजका अर्दली रामकृष्ण केसीले समितिलाई जानकारी दिए। श्री ५ युवराजाधिराजका शाही पार्श्ववर्ती गजेन्द्र वोहरा र राजु कार्की समेतबाट श्री ५ युवराजाधिराजले त्यस प्रकारको चुरोट पिउने गरिबक्सेको कुरा समिति समक्ष वताएकोले अर्दली रामकृष्ण केसीको भनाइ पुष्टि हुन आउँछ।

५. छानविनको क्रममा केही टेलिफोनको विवरण आवश्यक भएकोले नेपाल दूरसंचार संस्थानबाट प्राप्त मोवाइल फोनको विवरण अनुसार २०५८ जेठ १९ गते राती ८:१२ बजेको समयमा श्री ५ युवराजाधिराजको मोवाइल नम्वर ९८१०२१५१३ बाट नेपाल ग्याँस उद्योगको नाममा दर्ता रही उषा राणालाई दिइएको मोवाइल नम्वर ९८१०२४३३९ मा एक मिनेट चौध सेकेण्ड (१:१४) देवयानी राणासंग कुरा भएको र दोश्रो पटक देवयानी राणाले राती ८:१९ बजे फोन नं. ०१४२३०५१ बाट श्री ५ युवराजाधिराजसंग मौसूफको मोवाइल नं. ९८१०२१५१३ मा ४ मिनेट १४ सेकेण्ड (४:१४) कुरा भएको अभिलेखबाट देखियो। पुन: राती ८:३९ बजे श्री ५ युवराजाधिराजले आफ्नो मोवाइल नं. ९८१०२१५१३ बाट देवयानी राणालाई मोवाइल नं. ९८१०२४३३९ मा :३२ सेकेण्ड कुरा गरेको तथ्य सोही विवरणबाट खुल्न आएको छ। काडमाडौं, महाराजगंज वस्ने निज देवयानी राणासंग श्री ५ युवराजाधिराजको घनिष्ट सम्बन्ध रहेको तथ्य शाही पार्श्ववर्तीहरु गजेन्द्र वोहरा र राजु कार्की तथा श्री ५ युवराजधिराजको मित्र सुप्रिया शाहको भनाइबाट खुल्न आएको छ। श्री ५ युवराजाधिराज र देवयानी राणाका बीच सम्पर्क रहेको तथ्य देवयानीका मातापिता स्वयंले समिति समक्ष सोधपुछका क्रममा उल्लेख गर्नुभयो। देवयानी राणालाई समितिले बुझ्न खोज्दा उपचारको क्रममा निज भारतमा रहेको बुझिएकाले भारतस्थित शाही नेपाली राजदूत डा. भेषबहादुर थापालाई समितिको तर्फबाट अख्तियार गरिए वमोजिम देवयानी राणालाई बुझ्दा (निजको आवाज अंकित टेप रिकर्ड अनुसार) पनि श्री ५ युवराजाधिराज र देवयानी राणाका बीच घनिष्टता रहेको तथ्य पुष्टि भएको छ।

६. देवयानी राणाले श्री ५ युवराजाधिराजसंगको कुरा आफ्नो व्यक्तिगत विषय भएकोले त्यसबारे वताउन नचाहको र राती ८:२५ बजे कुरा भइरहेको समयमा श्री ५ युवराजाधिराजको स्वर लड्वराई रहेको जस्तो लागेकोले सरकारसंग अरु कुरा हुन नसकेको

कारणले "श्री ५ युवराजाधिराजको स्वर अलि लड्वराइ राखेको छ अलि सञ्चो छैन कि ? भनी श्री ५ युवराजाधिराजको पार्श्ववर्ती गजेन्द्र वोहरालाई अफिसमा र राजु कार्कीलाई निजको घरमा फोन गरेर खोपीमा गई हेर्न आग्रह गरेकी हुँ" भनी उल्लेख गरेको पाइयो।

७. देवयानी राणाले श्री ५ युवराजाधिराजको पार्श्ववर्ती गजेन्द्र वोहरालाई फोन गरेपछि र राजु कार्कीले गजेन्द्र वोहरालाई फोनबाट सो सम्बन्धी समाचार दिएपछि गजेन्द्र वोहराको आदेशानुसार श्री ५ युवराजाधिराजको अर्दली रामकृष्ण केसी र द्वारे आमा जमुना अधिकारी श्री ५ युवराजाधिराजको खोपीमा पुग्दा श्री ५ युवराजाधिराज भुइँमा पल्टिराखिवक्सेको र शरीरको माथिल्लो कपडा फुकाल्न खोजी वक्सेको देखि सो कपडा फुकाल्न निजहरूले सहयोग गरेको र कपडा फुकालीसकेपछि श्री ५ युवराजाधिराज वाथरूम सवारी होइबक्सेको, वाथरुमभित्र वाक वाक गरिवक्सेको आवाज जमुना अधिकारी समेतले सुनेको र वाथरुमबाट निस्किवक्सेपछि श्री ५ युवराजाधिराजले ती दुवैजनालाई सुत्न आ-आफ्नो कोठातिर जानूभनी हुकुम भएको भन्ने द्वारे आमा र अर्दली रामकृष्ण केसीको कथन रहेको छ।

८. राती ८:३९ बजे श्री ५ युवराजाधिराजले आफ्नो मोवाइल फोन नं. ९८१०२१५१३ बाट देवयानी राणालाई ९८१०२४३३९ नं. को मोवाइलमा ३२ सेकेण्ड कुरा गरिवक्सेको दूरसंचारको अभिलेखबाट देखिएकोमा सो कुरालाई देवयानी राणाले स्वीकार गरी श्री ५ युवराजाधिराज सरकारबाट "अब म सुत्न लागें", "गुड नाईट, भोलि कुरा गरौला" भनीबक्सेको भन्ने निजको कथन रहेको छ।

९. देवयानी राणासंग फोन सम्पर्क गरिवक्से पश्चात् श्री ५ युवराजाधिराजबाट सैनिक कम्प्याट पोशाक पहिरी हात हतियार समेत लिई खोपी वाहिर निस्किबक्सिदा श्री ५ युवराजाधिराजको अर्दली रामकृष्णले देखी श्री ५ युवराजाधिराजको वाहिर सवारी हुने रहेछ क्यार भन्ने ठानी "इमर्जेन्सी व्याग टक्रयाउँ सरकार ?" भनी जाहेर गर्दा श्री ५ युवराजाधिराजबाट "पर्दैन अहिले" भन्ने हुकुम भएको भन्ने अर्दली रामकृष्णको कथन रहेको छ।

१०. श्री ५ युवराजाधिराज कम्प्याट सैनिक पोशाकमा दुईतर्फ राइफल र १२ वोर भिरिवक्सी विलियार्ड कोठातर्फ प्रवेश गरिवक्सेको विलियार्ड कोठासंगै जोडिएको डाइनि कोठाको पूर्वपट्टिको बैठकबाट व्वाइज वच्चुराम केसीले देखेको भन्ने निजको कथन रहेको छ।

११. श्री ५ युवराजाधिराज सैनिक कम्प्याट पोशाकमा विलियार्ड कोठामा प्रवेश गरिबक्सी कालो र को बन्दुक (9 mm. Caliber MP-5K Automatic Sub-machine Gun) द्वारा कोठाको सिलिङ र पश्चिम भित्तातर्फ फाएरि गरेपछि तत्काल विलियार्ड टेवुलको पूर्व छेउमा उभिएर अरुहरूसंग कुरा गरिवक्सेको अवस्थामा श्री ५ महाराजाधिराजलाई भटटट फायर गरी पछाडि सर्दै विलियार्ड कोठा वाहिर निस्की सो कोठाको पूर्वतर्फ भित्री बगैंचाको छेउकै उत्तर तर्फ झ्या नजिक १२ वोरको वन्दुक (SPAS 12- L FRENCH SPA) फ्याँकी पुन: भित्र विलियार्ड कोठामा प्रवेश गरी वत्ती र टेलिस्कोप सहितको राईफल (5.56mm Caliber Colt M-16 A2) सोझ्याउदै आएर भटटट पार्दै पुन: श्री ५ महाराजाधिराज एवं कुमार गोरख शम्शेर राणा, श्री धीरेन्द्र शाह र कुमार खड्गविक्रम शाह समेतलाई फाएरि गरी पछाडि सर्दै ढोकामा पुगी पुन: अगाडि बढेर तेस्रो पटक श्री ५ अधिराजकुमारी श्रुति राज्यलक्ष्मी देवी राणा, श्री ५ अधिराजकुमारी शारदा राज्यलक्ष्मी शाह, श्री ५ अधिराजकुमारी शान्ति राज्यलक्ष्मी सिंह र श्री ५ शाहज्यादी जयन्ती शाह लगायत अन्यलाई लाग्ने गरी जथाभावी पररररर फाएरी गरी श्री ५ युवराजाधिराज विलियार्ड कोठाबाट वाहिंर पूर्वतिरको भित्री वगैंचातर्फ पछाडि सर्दै गइबक्सेको भन्ने व्यहोरा घटनास्थलमा उपस्थित श्री ५ अधिराजकुमारी शोभा, श्री ५ शाहज्यादा पारस, कुमार गोरख, केतकी चेष्टर, रवि शम्शेर , डा. राजीव शाही, महेश्वर कुमार सिंह समेतको भनाइ रहेको छ।

१२. विलियार्ड कोठामा तेस्रो पटक अन्धाधुन्द फाएरि गरे पश्चात् पछाडि सर्दै सर्दै पूर्व तर्फको भित्री वगैंचातिर जाँदा रातो सारी पहिरिएको महिलाको आकृतिले पनि त्यसतर्फ खेद्दै गरेको दृश्य विलियार्ड कोठासंग जोडिएको उत्तरतर्फको डाईनि रुमबाट व्वाइज शान्तबहादुर खड्का समेतले देखेको भनी निजले वताएको पाइयो। विलियार्ड कोठाबाट पूर्व भित्री बगैंचामा जाने वाटो हुँदै सो बगैंचाको उत्तर त्रिभुवन सदन खोपीतर्फ जाने बाटो र पूर्वतर्फ रहेको प्रतीक्षास्थल (सेड)मा जाने सानो वाटोको संगम जस्तो ठाउँमा श्री ५ वडामहारानीको पछाडि पछाडि श्री ५ अधिराजकुमार नीराजन सवारी भएको भन्ने श्रीमती केतकी चेष्टर समेतको भनाइ रहेको र सोही ठाउँमा रहेको नीलकाँडाको झ्या नाघी सानो चौरमा उभिएर दक्षिण मोहडा गरी उत्तरबाट दक्षिणतर्फ गोली चलेको त्यहाँ

चर्चाको केन्द्रबिन्दु देवयानी राणा

प्राप्त भएको गोलीको खोकाको स्थिति र दक्षिणतर्फको भित्तामा रहेको गोली लागेको प्वालहरू समेत घटनास्थलको अवलोकनबाट देखिएको र सो ठाउँमा नै श्री ५ अधिराजकुमार नीराजन पूर्वतर्फ टाउको परेर ढलिबक्सेको अचेत अवस्थामा देखिएको भन्ने उद्धार गर्न आएका सेनानी विष्णु खड्का समेतले त्यहाँबाट बोकी वाहिर ल्याई मोटरमा राखी अस्पताल पुऱ्याएको भन्ने पाइयो।

१३. विलियार्ड कोठामा भएको फाएरि पश्चात् त्रिभुवन सदनको मूल ढोकाको दाहिने पट्टिको एडिसी अफिसको भित्री कोठामा रहेका शाही पार्श्ववर्तीहरू फाएरि को आवाज र "डाक्टर चाँडो बोलाऊँ..." भन्ने आवाज सुनी भित्र गई विलियार्ड कोठाबाट चाँडो उद्धार गर्न सो कोठाको दक्षिणतर्फको सँधै बन्द रहने गरेको ढोकाको सिसा फुटाएर शाही पार्श्ववर्ती महासेनानी सुन्दरप्रताप राना समेत भित्र प्रवेश गरी श्री ५ महाराजाधिराज सरकारलाई अचेत अवस्थामा वाहिर बोकेर ल्याई मोटरमा राखी सैनिक अस्पताल छाउनी लगेको भन्ने शाही पार्श्ववर्तीहरूको कथन रहेको देखिन्छ

१४. श्री ५ युवराजाधिराजको खोपीतर्फ जाने सानो पोखरीको पुलबाट उत्तर लागी माथि तलाको खोपीतर्फ जाने मुख्यद्वार हुँदै भित्री भन्या को सातौं खुड्किलोमा श्री ५ वडामहारानीलाई खोपीमा पुग्ने ठाउँको भन्या को माथिल्लो भागमा रहेको ल्याण्डि एरियाबाट फाएरि भई श्री ५ वडामहारानी ढलिबक्सेको भनिएको सो ठाउँमा गिदी वाहिर निस्की छरपष्ट भएको, केही दाँत र वंगाराहरू समेत झरी छरिएर यत्रतत्र रहेको, रातो टीका, दुईवटा कानको रातो टप, रातो चुराको टुक्राहरू रहेको, रगतको छिर्काहरू ठाउँ ठाउँमा लागेको एक किसिमको रगतको खोलै वगेको स्थिति घटनास्थलको अवलोकनबाट देखिएको छ।

१५. श्री ५ युवराजाधिराज राज हुने त्रिभुवन सदन (जँहा श्री ५ युवराजाधिराजको खोपी छ) अगाडिको बगैंचाको स-साना पोखरीको सानो पुलको दक्षिण भागमा उत्तानो पल्टी घ्वार घ्वार आवाज निकाली रहेको अवस्थामा श्री ५ युवराजाधिराजलाई भेटिएको भनी उद्धारकर्मी सेनानी विष्णु खड्का एवं शाही पार्श्ववर्ती समेतले समिति समक्ष जानकारी गराएको देखिन्छ। श्री ५ युवराजाधिराजको साथमा रहने गरेको भनिएको 9mm. Caliber Glock Ges. पिस्तोल र खोका समेत पूर्वपट्टिको पोखरीको पानीमा रहेको घटनास्थलको अवलोकन गर्दा पाइएको छ। 5.56 Caliber M-16 A2 राइफल पनि सोही स्थानको पश्चिमपट्टि रहेको सानो चौरमा रहेको घटनास्थल अवलोकनको क्रममा पाइएको छ।

१६. उपर्युक्त बमोजिमको विलियार्ड कोठा र सो कोठाको पूर्वी वगैंचा एवं खोपीमा जाने भन्या मा भएको घटना पश्चात् शाही पार्श्ववर्तीहरू एवं अन्य सुरक्षाकर्मीहरूले उद्धार गरी श्री वीरेन्द्र सैनिक अस्पताल छाउनीमा पुऱ्याएकोमा अस्पताल पुऱ्याउँदाको समय र अवस्थाको सम्बन्धमा यस समितिमा देहाय बमोजिमको जानकारी प्राप्त भएको देखिन्छ:-

(क) श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव राती ९:१५ बजे वीरेन्द्र सैनिक अस्पताल पुऱ्याउँदा मृत घोषित।

(ख) श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाह राती ९:१५ बजे वीरेन्द्र सैनिक अस्पताल पुऱ्याउँदा मृत घोषित।

(ग) श्री ५ अधिराजकुमार नीराजन वीर विक्रम शाह राती ९:१५ बजे वीरेन्द्र सैनिक अस्पताल पुऱ्याउँदा मृत घोषित।

(घ) श्री ५ अधिराजकुमारी श्रुति राज्यलक्ष्मीदेवी राणा राती ९:२० बजे वीरेन्द्र सैनिक अस्पताल पुऱ्याएको र ९:५५ बजे अस्पतालमा मृत घोषित।

(ङ) श्री ५ अधिराजकुमारी शान्ति राज्यलक्ष्मी देवी सिंह राती ९:३५ बजे वीरेन्द्र सैनिक अस्पताल पुऱ्याउँदा मृत घोषित।

(च) श्री ५ अधिराजकुमारी शारदा राज्यलक्ष्मी देवी शाह राती ९:३० बजे वीरेन्द्र सैनिक अस्पताल पुऱ्याउँदा मृत घोषित।

(छ) श्री ५ शाहज्यादी जयन्ती राज्यलक्ष्मी शाह राती ९:३० बजे वीरेन्द्र सैनिक अस्पताल पुऱ्याउँदा मृत घोषित।

(ज) श्री कुमार खड्गविक्रम शाह राती ९:३५ बजे वीरेन्द्र सैनिक अस्पताल पुऱ्याउँदा मृत घोषित।

(झ) श्री ५ युवराजाधिराज दीपेन्द्र वीर विक्रम शाह २०५८/२/१९ राती ९:२४ बजे वीरेन्द्र सैनिक अस्पताल पुऱ्याएको र २०५८/२/२२ गते सोही अस्पतालमा विहान ३:४५ बजे मृत घोषित।

(ञ) श्री धीरेन्द्र शाह २०५८/२/१९ राती ९:२४ बजे वीरेन्द्र सैनिक अस्पताल पुऱ्याएको र २०५८/२/२२ गते वेलुकी ५:५७ बजे सोही अस्पतालमा मृत घोषित।

१७. माथि उल्लेख गरिएका १० (दश) जना वाहेक सो घटनामा परी अन्य कोही कसैको मृत्यु भएको भन्ने कहीं कतैबाट खुल्न आएको देखिएन।

१८. घटनाबाट पीडित घाइतेहरू वर्तमान श्री ५ बडामहारानी कोमल राज्यलक्ष्मी देवी शाह, श्री ५ अधिराजकुमारी शोभा राज्यलक्ष्मी शाही, कुमार गोरख शम्शेर ज.ब.रा. र श्रीमती केतकी चेष्टरलाई गम्भीर घा चोट लागेको तथ्य अस्पतालबाट प्राप्त घा चोट विवरणबाट देखिन्छ।

१९. श्री ५ युवराजाधिराजलाई घटनाको तत्काल पछि उपचारका लागि वीरेन्द्र सैनिक अस्पताल छाउनी लगिएकोमा सो अस्पतालबाट प्राप्त २०५८/२/२८ को पत्र अनुसार कालो आर्मी बुट, आर्मीको क्याम्पफलाईज (कम्व्याट) ज्याकेट, पाईण्ट, छालाको कालो पञ्जा, कालो मोजा र क्याम्पफलाईज भेष्ट लगाएको अवस्थामा रहिबक्सेको उल्लेख भएको छ। सो कपडा, पञ्जा, जुत्ता आदि र वेब बेल्ट समेत समितिले झिकाई अवलोकन गरेको र सोमा लागेको रगत र पहेंलो पहेंलो पदार्थको प्रयोगशालामा परीक्षण गराउँदा "B" समूहको रगत भन्ने विशेषज्ञको राय प्राप्त भएको छ। मृतकहरू मध्ये श्री ५ बडामहारानी तथा श्री ५ युवराजाधिराजको रगत समूह पनि "B" रहेको पाइन्छ।

२०. श्री ५ युवराजाधिराजलाई उपचारका लागि अस्पताल पुऱ्याउदा पञ्जा लगाएको अवस्थामा पुऱ्याईएको अस्पतालको पत्र प्राप्त हुन आएको छ। सो पञ्जा पनि समितिलाई उपलब्ध गराइएको छ। सो एकजोर पञ्जा वाहेक घटनास्थल एवं अस्पताल

समेतबाट अन्य कुनै पञ्जा प्राप्त हुन सकेको देखिदैन।

२१.

(क) 5.56 Caliber Colt M-16 A2 हतियार नं. A0073943 (Commando) Automatic Rifle बाट प्रहार भएका ४७ वटा Cartridge Cases फेला परेको पाइयो। उक्त राईफलको क्षमता प्रति मिनेट ७०० देखि १००० गोली फायर हुन सक्ने भन्ने विशेषज्ञको रायबाट देखिन्छ।

(ख) घटनास्थलमा रहेका २९ वटा Cartridge Cases 9mm. Caliber MP-5 K Automatic Sub-machine Gunबाट प्रहार भएको र उक्त बन्दुकको क्षमता प्रति मिनेट ९०० सम्म गोली फायर हुन सक्ने भन्ने विशेषज्ञको रायबाट देखिन्छ।

(ग) घटनास्थलमा फेला परेको २ वटा Cartridge Cases 9mm. Caliber MP-5 K Automatic Ges.m.b.H Pistol बाट प्रहार भएको भन्ने विशेषज्ञको रायबाट देखिएको छ। उक्त Cartridge श्री ५ युवराजाधिराजलाई उद्धारकर्मीहरूले घाइते अवस्थामा फेला पारेको भनिएको सानो पुल छेउमा रहेको पोखरीमा फेला परेको थियो।

(घ) उपरोक्त प्रकरण (क) मा उल्लेख भएको A0073943 नं.को M-16 बन्दुक शाही रक्षक सैनिक प्रहरी राजदरबारको ०५६/५/३१ को माग बमोजिम निकाशी भई शाही नेपाली सेनाको हतियार भण्डारबाट बुझिलिई राजदरबार कोतखानामा बुझाएको भनी समितिको कार्यालयमा सह-सेनानी माधव भण्डारीले बताएको। सो हतियार श्री ५ युवराजधिराज समेत ट्रेकि मा सबारी भैबक्सेको बेला साथमा लिइ सबारी भएको। श्री ५ युवराजाधिराज सरकारले चाहिबक्सेको बेलामा राजदरबार कोतबाट सिधै पनि हतियार लिने प्रचलन रहेको व्यहोरा श्री ५ युवराजाधिराजका पार्श्ववर्ती गजेन्द्र बोहराले सोधपुछको क्रममा उल्लेख गरेको समेत्र पाइयो।

(ङ) एउटा पेस्तोल र 9mm. Caliber को बन्दुक १ समेत शाही पार्श्ववर्ती राजदरबारबाट माग भए बमोजिम २०५३/१/२७ र २०५६/७/२८ मा निकाशा भएको देखिन्छ। श्री ५ युवराजाधिराजका अंगरक्षक गजेन्द्र बोहराको अनुसार उक्त हतियारहरू श्री ५ युवराजाधिराज कै साथमा (जिम्मामा) रहेको थियो।

(च) 9mm. G19 Glock नं. YY 334 नं. को पेस्तोल समेत २०५५/१०/२२ मा श्री ५ अधिराजकुमार नीराजनका वाहुलीमा दाखिला हुने गरी कोतबाट निकाशा भएको राजदरबारबाट प्राप्त विवरणबाट देखिन्छ।

(छ) विलियार्ड कोठामा फेला परेको 9mm. Caliber Glock पेस्तोल र Lawn को दक्षिण पश्चिम बाटो छेउ कुनामा फेला परेको १२ Bore Single Barrel Shot Gunबाट सो घटनामा Fire भएको भन्ने विशेषज्ञको राय एवं फेला परेका कारतुस समेतबाट देखिन आएन।

२२. नारायणहिटी राजदरबार त्रिभुवन सदनभित्र एडिसीको कार्यालय रहेको मूल प्रवेश-द्वार र पूर्वतर्फको सानो वन्द रहेको सानो गेट वाहेक सो घटनाभएको स्थानमा 'प्रवेश गर्ने अन्य मार्ग घटनास्थलको अवलोकनबाट प्रत्यक्षत: देखिन आएन। घटनास्थलको नक्सा स्केच यसै प्रतिवेदनको अनुसूचीमा दिइएको छ।

२३. २०५८ जेठ १९ गते शुक्रवार नारायणहिटी राजदरबारमा घटेको घटनामा परी मृतक हुने सबैको मृत्युको कारण वन्दुकको गोली लागेको कारणबाट भएको कुरा वीरेन्द्र सैनिक अस्पताल छाउनीका सम्बन्धित चिकित्सकहरूको राय समेतबाट देखिएको छ। घटनाबाट पीडित घाइतेहरूको घा चोट समेत गोली लागेको कारणबाट भएको कुरा स्वयम् घाइतेहरूले सोधपुछका क्रममा उल्लेख गरेको पाइयो। वीरेन्द्र सैनिक अस्पतालबाट प्राप्त जानकारी अनुसार पनि घाइतेहरूको घा चोटको कारण बन्दुकको गोली लागी परेको भन्ने देखियो।

●

डा. मथुराका केही प्रश्न

गएको जेठ ३२ गते नारायणहिटी राजदरबारमा छानबीन समितिले राजासमक्ष प्रतिवेदन प्रस्तुत गरेपछि विविध क्षेत्रका बौद्धिकहरूले विभिन्न प्रश्नहरू उठाएका छन् । यस सन्दर्भमा डा. मथुराप्रसाद श्रेष्ठद्वारा उठाइएका केही प्रश्नहरू यहाँ प्रस्तुत गरिएको छ ।

छानबीन समितिको प्रतिवेदन जारी गरिएको छ । यो पनि यस अघिका हल्ला र डा. राजीव शाहीको पत्रकार सम्मेलन जस्तै अल्मलिएको छ । तर समितिले प्रतिवेदनमा फैसला वा निष्कर्ष होइन भन्ने स्वीकार गरेको छ ।

(१) नशामा रहेर राम्रोसग बोल्न र उठिन पनि नसक्ने तत्कालीन युवराजले त्यतिका बन्दुक (कम्तिमा चार वटा) गोली गट्ठा कसरी बोक्न सके ? जसको उनलाई अघ्ने बोझ्यानमा पन्टाएका थिए ।

(२) छोटो समयमै त्यस्तो व्यक्तिले त्यतिका मृतक र घाइतेहरूको प्रमुख अंगहरूमा कसरी ताकी ताकी अचूक निशाना लगाउन सके ?

(३) युवराजाधिराजले गोली कसरी प्राप्त गरे? यो स्पष्ट छैन ।

(४) युवराजाधिराजले विगत एक वर्षदेखि नियमित रुपमा गाँजा खाने गरेको आरोप लगाइएको छ र कल्लेअाम हुनुको केही खिन मात्र पनि गाँजा भरिएको चुरोट तानेको भनिएको छ । थाहा नभएको कालो वस्तु चुरोटमा मिसाइएको भनिएको छ । म चिकित्सक हुँ, गाँजाको दुर्व्यसनीमा आक्रामक, हिंसक र स्वजनघाती प्रवृत्ति विकास भएको एउटा पनि घटना मैले देखेको छैन । त्यस्तो व्यक्ति अन्तर्मुखि हुन्छन् र अरुलाई होइन बरु आफैंलाई चोट पुऱ्याउँछन् । किनभने गाँजाले मान्छेलाई शिथिल बनाउँछ र अरु दुर्व्यसनीहरुभन्दा गाँजाका दुर्व्यसनीहरुमा अपराध दर कम देखिएको छ । यस विषयमा म लागू औषधी विशेषज्ञ, मनोचिकित्सक तथा मानवव्यवहार अध्ययन गर्ने वैज्ञानिकहरुको धारणा जान्न उत्सुक छु ।

यसका अतिरिक्त म अपराध, स्वजनघाती प्रवृत्ति र उग्र स्वभावसग गाँजाको अन्तरसम्बन्धबारे विश्वसनीय उदाहरण वा सूचना समेत प्राप्त गर्न चाहन्छु।

(५) यदि यो समिति (उच्च स्तरीय छानबीन समिति) तथाकथित कालो वस्तुको पहिचान गर्न सक्दैन भने यो बृहद् अनुसन्धानको उत्तरदायित्व वहन गर्नुको औचित्य नै के रह्यो ?

"नारायणहिटी पर्व" पछिको नेपाली प्रेस र अभिव्यक्ति स्वतन्त्रता

- कृष्ण कँडेल

जब स्वतन्त्रता सेनानीहरूको रगतमा पानी बग्न थाल्छ, निद्राएको बहाना गरेका सर्पहरू पुनः ब्यूँझिन थाल्छन्। निरंकुशताका खुँडाहरूमा साँध लाग्न सुरू हुन्छ। जेठ १९ गतेपछिका घटनाक्रमले त्यस्तै संकेतहरू देखाउँछ। पचास वर्षसम्म स्वतन्त्रता र प्रजातन्त्रको खातिर आफ्नो सम्पूर्ण जीवन न्यौछाबार गरेका 'रिङ लिडर' हरू 'नारायणहिटी पर्व' पछिका दिनहरूमा किन यति कमजोर देखिदैछन्, यो प्रश्न आजका मितिसम्म अनुत्तरित नै छ। प्रजातान्त्रिक सरकारका सम्पूर्ण संयन्त्रहरू कहाँ कसको इसारामा संचालित छ शायद सरकार प्रमुखलाई थाहा छैन होला अथवा थाहा नपाएको बहानामा उहाँ किंकर्तव्यविमूढ हुनुहुन्छ। जनतालाई मुलुकमा उत्पन्न विषम परिस्थितिबारे सही सूचना प्रवाह गर्नुको सट्टा संचारकर्मीहरूलाई धुन्ने, धम्क्याउने कार्यमा उहाँहरू किन धेरै उद्यत् हुनुहुन्छ ? यदि उहाँहरूमाथि अदृश्य दबाब परेको हो भने पनि त्यसलाई 'सेयर' गर्ने हिम्मत हुनुपर्थ्यो, तर दुर्भाग्य त्यसको सट्टा संचारमाध्यममाथि प्रतिशोध साँध्न थालियो। यो घटना कान्तिपुरमाथि मात्र सम्बद्ध छैन, आगामी दिनमा सरकारले संचारमाध्यममाथि अघोषित सेन्सरसिप लगाउन सक्ने कुराको 'नमुना' बन्ने चिन्ता हो।

पंचायतका अत्यन्त अप्ठ्यारा दिनमा ठूला जोखिम लिएर पत्रकारहरूले उहाँहरूका विचारहरू जनतासमक्ष पुऱ्याउने कार्यलाई वर्तमानमा नेताहरूले चटक्कै बिर्सेको आभास यो घटनाले पुष्टि गरेको छ।

पत्रकारिता पेसा आपराधिक क्रियाकलाप होइन, तर आज पनि पत्रकारहरू शासनमा बस्नेहरूबाट प्रताडित भइरहेका छन्। निरंकुश शासनपद्धतिमा अभिव्यक्ति स्वतन्त्रतामाथि प्रतिबन्ध लागेको घटना नौलो मानिदैन। चाहे साम्यवादी चीनका पत्रकार हुवाङ्ग हुन् अथवा सैनिक शासन भएको म्यानमारका पत्रकार युविन टिन हुन् त्यहाँको शासन पद्धतिका कारण उनीहरूलाई जेलका चिसा छिंडिहरूमा जीवन बिताउन बाध्य तुल्याइएको छ। जनतालाई साँचो कुरा संप्रेषण गरेबापत उनीहरू प्रताडना भोगिरहेका छन्। जब नागरिक शासन भएका मुलुकमा निरंकुश शासनका अवशेषहरूले चलेखल गर्न थाल्छन् तब सम्झे हुन्छ त्यो देशको प्रजातन्त्र एउटा संगीन चौबाटोमा उभिएको छ र कुनै पनि बेला दूर्घटना हुन सक्दछ। केही दिन अघि कान्तिपुर दैनिकमा भूमिगत माओवादी पार्टीका प्रमुख नेता मध्येका एक डा. बाबुराम भट्टराईको लेख प्रकाशित भएको थियो, जुन लेखमा यही जेठ १९ गते नारायण- हिटी राजदरबारमा भएको नारायणहिटी 'पर्व' का बारे डा. भट्टराईले आफ्नो धारणा उल्लेख गर्नुभएको छ, त्यसैलाई मुख्य मुद्दा बनाएर त्यसै दिन अपरान्ह सम्पादक युवराज घिमिरे लगायत व्यवस्थापनका अन्य दुई जनालाई सादा पोसाकका प्रहरीले पब्लिकेशन परिसरबाटै 'राज्यद्रोह' गरेको अभियोग लगाई गिरफ्तार गरे।

कान्तिपुरका सम्पादक युवराज घिमिरे (दायाँ), निर्देशक विनोदराज ज्ञवाली (बायाँ) र प्रबन्ध निर्देशक कैलाश सिरोहिया (बायाँबाट दोस्रो) लाई सादा पोशाकका प्रहरीले गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय तर्फ लैजादै ।

नारायणहिटी राजदरबारमा भएको वीभत्स हत्याकाण्डको अघिल्लो दिनसम्म पनि वर्तमान मन्त्रिपरिषद्को जिम्मेवार सदस्यहरूबाट 'माओवादी समस्या वार्ताबाट सुल्झाइनुपर्छ र सरकारले वार्ताको ढोका खुला राखेको छ' भन्ने अभिव्यक्तिहरू सरकारी संचारमाध्यमबाट बारम्बार आइरहेका थिए। जेठ १९ अघि घोषित रूपमा प्रतिबन्धित नभएका विचारहरू अखबारमा छाप्दा राज्यद्रोह नहुने त्यसपछिका दिनहरूमा तिनै विचारहरू छाप्दा संपादकमाथि राज्यद्रोहको अभियोग लाग्ने ? यो भन्दा हास्यास्पद कुरा अरू के होला र ? यद्यपि डा. बाबुरामका विचारहरूसँग सहमत हुने ठाउँ किमार्थ छैन।

प्रेस स्वतन्त्रता जनताको सम्पत्ति हुन्छ।

यसलाई सार्वजनिक वा निजी कुनै पनि पक्षको अतिक्रमण वा प्रहारबाट रक्षा गरिनु पर्दछ। नेपाल अधिराज्यको संविधान २०४७ को धारा १२ को उपधारा २ मा 'सबै नागरिकहरूलाई विचार र अभिव्यक्तिको स्वतन्त्रता हुनेछ" भन्ने किटानसाथ उल्लेख गरिएको छ। यसैगरी संविधानको धारा १३ मा छापाखाना र पत्रपत्रिकासम्बन्धी हक अन्तरगत कुनै समाचार, लेख वा अन्य कुनै पाठ्यसामग्री प्रकाशित गर्न पूर्ण प्रतिबन्ध लगाइने छैन। तर नेपाल अधिराज्यको सार्वभौमसत्ता वा अखण्डता वा विभिन्न जातजाति वा सम्प्रदायहरू बीचको सुसम्बन्धमा खलल पर्ने वा राजद्रोह, गाली बेइज्जति वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरूत्साहन दिने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा मनासिब प्रतिबन्ध लगाउन गरी कानुन बनाउने रोक लगाएको मानिने छैन भनिएको छ तर यो कुरा कानुनी व्याख्यामा भर पर्दछ।

यसका साथै संविधानमा के पनि उल्लेख छ भने कुनै समाचार, लेख वा अन्य कुनै पाठ्यसामग्री मुद्रण गरेबापत छापाखाना बन्द वा जफत गरिने छैन र कुनै समाचार, लेख वा अन्य कुनै पाठ्यसामग्री प्रकाशित गरेबापत कुनै समाचारपत्र वा कुनै पत्रिकाको दर्ता खारेज गरिने छैन। नेपाली जनताले संघर्ष गरेर ल्याएको प्रजातन्त्र र त्यही प्रजातन्त्रले दिएको नेपाल अधिराज्यको संविधान एवं त्यही संविधानले प्रत्याभूत गरेको अभिव्यक्ति स्वतन्त्रता किन कमजोर हुँदैछ अहिले सर्वत्र चासो र चिन्ताको विषय बनेको छ। कान्तिपुरका पत्रकारहरूको गिरफ्तारीपछि नागरिक समाजमा एकप्रकारको अदृश्य भय छाएको छ। यदि यो घंटना 'छोरी कुटेर बुहारी तर्साएको' होइन भन्ने हो भने पंचायतका अवशेषहरू किन प्रदर्शित भए यो संवेदनशील घडीमा श्री ५ सरकारले नेपाली जनतालाई जवाफ दिनैपर्छ।

यहाँ एउटा स्मरण गर्नैपर्ने कुरा के छ भने जब स्वतन्त्र प्रेसमाथि प्रहार हुन्छ, तब जनता र नागरिक समाज जुरूक्क उठ्छ। कान्तिपुरको हकमा अहिले त्यस्तै भएको छ। प्रेसले आफ्नो स्वतन्त्रतामाथि हुने प्रहारको सामना गर्न प्रयोग गर्नसक्ने अन्यन्त प्रभावशाली शस्त्रमध्येको एक जनताको विश्वास लिएर आफूले सामना गर्नु परेको धम्कीको पूर्ण भण्डाफोर गर्नु हो। जनता एकपल्ट त्यस्तो स्थितिको जानकारी पाएपछि त्यसप्रति सहिष्णु भएर रहिरहन सक्दैनन्। स्वतन्त्र प्रेसले प्रतिनिधिमूलक प्रणालीको सरकारको कार्यमा उत्प्रेरकको भूमिका निर्वाह गर्ने भएकोले जनताका लागि अपरिहार्य छ भन्ने कुरा सत्य हो भने स्वतन्त्र प्रेसको निरन्तर अस्तित्वका लागि जनताको विश्वास र श्रद्धा उत्तिकै आवश्यक छन् भन्ने कुरा समान रूपमा सत्य छ।

जेठ २४ गते गिरफ्तार गरिनु भएका युवराज घिमिरे, विनोदराज ज्ञवाली र कैलाश सिरोहियालाई विश्व मानवअधिकारवादी संस्था एमनेष्टी इन्टरनेशनलले 'आस्थाका बन्दी' घोषणा गर्दै श्री ५ को सरकारलाई उहाँहरूलाई विनाशर्त अबिलम्ब रिहाइ गर्न अनुरोध गरेको छ। एमनेस्टीले उहाँहरूको रिहाइका लागि विश्वव्यापी अभियान संचालन गर्दै निरंकुशताविरूद्ध शंखघोष गरेको छ। यसका साथै सत्तारूढ दल नेपाली कांग्रेसका शीर्षनेता कृष्णप्रसाद भट्टराई, पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा र प्राय: सबै राजनीतिक दलका वरिष्ठ नेताहरूले पंचायतका वासी कर्महरूलाई पुनरावृत्ति नगर्न श्री ५ को सरकारलाई आग्रह गरेबाट पनि के कुराको पुष्टि हुन्छ भने विगतका दिनहरूमा कान्तिपुरले भ्रष्टाचारविरूद्ध छेडेको श्रृङ्खलाबद्ध अभियानको प्रतिशोध बाहेक केही होइन। जब सरकारले सूचना लुकाउँछ, वस्तुतथ्य ढाकछोप गर्ने दुष्प्रयास गर्छ, त्यतिबेला जनताको सच्चा मित्र भनेको स्वतन्त्र प्रेस नै हुन्छ। जनताको असल मित्रले वास्तविकता सार्वजनिक गराउन डराउन पनि हुँदैन।

एक्काइसौं शताब्दीको संचारको घाँटी निमोठेर आफ्नो शासन सत्ता टिकाइराख्ने अथवा सूचना लुकाएर जनतालाई मूर्ख बनाउन सकिन्छ भन्ने पुरानो फर्मुलाले कुनै पनि प्रकारका शासनपद्धतिहरू लामो समय टिक्न सक्दैनन् न त नागरिक सरकार भनिने सत्ता नै टिकेका उदाहरण विश्वमा छन्। तसर्थ सरकारमा बस्नेहरूमा बेलैमा चेतना फिरोस् वर्तमान समयमा आम नेपालीले गरेको अपेक्षा यही हो।

●

प्रतिवेदनपछिका अनुत्तरित प्रश्न

'नारायणहिटी पर्व' को 'प्रत्यक्षदर्शी' शाही नातेदार डा. राजिवराज शाहीको केही दिनअघिको विवादास्पद पत्रकार सम्मेलनजस्तै प्रधानन्यायाधीश केशवप्रसाद उपाध्यायको अध्यक्षतामा सभामुख तारानाथ रानाभाट सदस्य रहेको उच्चस्तरीय छानबीन समितिले पनि विहीबार पत्रकार सम्मेलनमा पत्रकारहरूको प्रश्नको जवाफ दिन अस्वीकार गऱ्यो। पत्रकारहरूलाई प्रश्न गर्न दिइएको भए अनुसन्धान र विधिको क्षेत्रबाट गम्भीरतापूर्वक उठन सक्ने यस्ता कतिपय प्रश्न अनुत्तरित रहने थिएनन् कि ?

- आपराधिक घटनाको पछाडि कुनै न कुनै कारण अवश्य रहेको हुन्छ भन्ने सर्वस्वीकृत मान्यता छ, 'नारायणहिटी पर्व' पछाडिको कारणबारे मौन रहने समितिले के छानबीन गऱ्यो ?
- राजपरिवारका दिवंगत सदस्यहरूको पार्थिव शरीरको 'फोरेन्सिक पोस्टमार्टम' नै नगरी के आधारमा कानुनी प्रमाण स्थापित गर्न सकिन्छ ?
- कसैले दिएको कालो पदार्थ चुरोटमा हालेर खाएको प्रत्यक्षदर्शी वा दिने व्यक्तिले भनेको भनेर मात्र पुग्दैन। अस्पताल र प्रयोगशालाको परीक्षणबाट पनि प्रमाणित हुनुपर्छ। कालो पदार्थ आक्रामक र उत्तेजित पार्ने लागू औषध थियो कि लठ्ठमात्र पार्ने खालको थियो ? कस्तो थियो खुलाईएको छैन।
- कसको शरीरको कुन ठाउँमा, कस्तो गोली कति लाग्यो भन्ने विषयमा प्रतिवेदनले किन केही उल्लेख गरेन ?
- एउटा टुवेल्भर बन्दुक फेला पऱ्यो त्यहिंनेर एउटा गोली लागेर मरेको मान्छे फेला पऱ्यो। टुवेल्भर बन्दुक पड्किएर मरेको भन्ने कुरा टुवेल्भर बन्दुकमा भएको औंठाछापले मात्र प्रमाणित गर्दैन। त्यसको लागि मर्ने मानिसको जीउमा लागेको गोली पनि टुवेल्भर बन्दुककै हुनुपर्छ। छानबिन समितिले यस सन्दर्भमा केही बोलेन।
- 'कम्प्याक्ट ड्रेस' पहिरिएको भनिएका तत्कालिन श्री ५ युवराजाधिराजलाई कपडा फुकाल्नसमेत अप्ठ्यारो भएको र सहयोगीहरूले कपडा लगाइ दिएको प्रतिवेदनमा उल्लेख छ। तर, कपडा फुकाल्न गाह्रो परेका श्री ५ युवराजाधिराजले कसरी 'कम्प्याक्ट ड्रेस' पहिरिबक्स्यो ?
- श्री ५ दीपेन्द्रको 'नारायणहिटी पर्व' अघिसम्म बर्षौदेखि कतै पनि आपराधिक या असन्तुलित अभिलेख छैन। श्री ५ दीपेन्द्रमा आफ्नो पिताको बेलो नै निर्मिटयान्न पार्ने परिवर्तित चरित्र एकाएक जेठ १९ गते रातिमात्र कसरी प्रकट भयो ?
- छानबीन समितिको प्रतिवेदनका अनुसार देवयानी राणासँग भएको टेलिफोन वार्तालापमा श्री ५ दीपेन्द्रले 'अब म सुत्नु भोलि भेटौंला शुभरात्री' भनिबक्सिएको थियो। यसले श्री ५ दीपेन्द्रको अवस्था सामान्य रहेको देखिन्छ। त्यसपछि एकाएक कुरता आउने कारण मनोवैज्ञानिकको पनि सहयोग लिएको भन्ने समितिले किन खुलाउन सकेन ?
- मृतकहरूलाई कति गोली लाग्यो र युवराजाधिराज दीपेन्द्रको निधन कसरी भयो भन्ने बारेमा पनि त्यहाँ कुनै जानकारी दिइएन। *(राजधानी दैनिक)*

प्रतिवेदनको ठहर पुस्ट्याइँ गर्ने आधार नदिइएको नेताहरूको टिप्पणी

- टंक पन्त

नारायणहिटी राजदरबारमा गत जेठ १९ गते भएको भयानक हत्याकाण्डको बारेमा छानवीन गर्न गठित उच्चस्तरीय समितिले आफ्नो प्रतिवेदन सार्वजनिक गरेपछि विभिन्न राजनीतिक दलका नेताहरूले त्यसलाई विश्वास गर्न सकिने पर्याप्त आधारहरू नभएको टिप्पणी गरेका छन्।

सर्वोच्च अदालतका प्रधानन्यायाधीश केशवप्रसाद उपाध्याय अध्यक्ष र प्रतिनिधिसभाका सभामुख तारानाथ रानाभाट सदस्य रहनु भएको सो समितिले सार्वजनिक गरेको प्रतिवेदनले तत्कालीन श्री ५ युवराजाधिराज दीपेन्द्रबाटै नारायणहिटी राजदरबारको हत्याकाण्ड मच्चाइएको भन्ने पुष्टि गर्न प्रयत्न गरिएको छ, तर पुष्टि हुने आधारहरू कति पनि देखिदैनन्- नेताहरूको भनाइ रहेको छ।

यद्यपि कतिपय नेताहरूले भने जे आउनु थियो आयो, त्यही नै सत्य हो भन्दै प्रश्न उठ्ने कुरा त जेमा पनि हुन्छ भनेका छन् र कतिपयले थप अध्ययनपछि मात्रै टिप्पणी गर्न सकिने बताएका छन्।

'राजदरबारको हत्याकाण्ड सम्बन्धी छानविन समितिले दिएको प्रतिवेदनले थुप्रै जिज्ञासाहरू उत्पन्न गराएको र थुप्रै प्रश्नहरू अनुत्तरित रहेका कारण प्रतिवेदनपछि थप आशंका जन्माएको पाइएको छ', प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) स्थायी समितिका सदस्य झलनाथ खनालले विहिबार साँझ नेपाल समाचारपत्रसंग कुरा गर्दै भन्नुभयो- यसै विषयमा भोलि शुक्रबार पार्टी स्थायी समितिको बैठक बस्ने भएकाले त्यसले नै आधिकारिक धारणा बाहिर ल्याउनेछ।

सूचना तथा सञ्चारमन्त्री एवं नेपाली कांग्रेसका नेता शिवराज जोशीले भने प्रतिवेदनले जे कुरा खोजबिन गरेर ल्याएको छ, त्यो यथार्थपरक रहेकाले त्यसलाई सकारात्मक रूपमा लिनुपर्छ भन्नुभयो। 'घटना दुःखदायी हो, त्यसमा सन्देह छैन, तर भएको घटनाको विवरण जनसमक्ष आएको छ, त्यसमा अविश्वास गर्ने ठाउँ छैन' उहाँले भन्नुभयो।

नेकपा (माले) का महासचिव वामदेव गौतमले भन्नुभयो- प्रतिवेदनमा उल्लेखित कुराहरू विश्वास गर्न नसकिने लाग्यो, बाँचेकाहरूले जे बयान दिए, त्यसैका आधारमा प्रतिवेदन आयो, त्यसमा कुनै विश्लेषण र ठहर देखिएन।

'श्री ५ दीपेन्द्रले गाँजा, ह्वीस्की आदि खाएको कारण पूरै ढलपल-ढलपलको अवस्था रहेको र कमिज खोल्न पनि आफै नसक्ने अवस्थामा पुगेको भनिएको छ, तर त्यस्तो व्यक्तिले सैनिक पोसाक लगाएर कोठाबाट निस्कने वित्तिकै भटटट गोली हानेको फेरि भित्र पसेको, फेरि हानेको कुरा आफैंमा नमिल्दो छ', गौतमले प्रश्न गर्नुभयो- त्यो अवस्थाको व्यक्तिले लगातार कसरी गोली हान्न सक्यो ? तीन पटकसम्म भित्र बाहिर गरी गोली हान्दा अन्यले के गरे ? तालिम प्राप्त व्यक्तिहरू त्यतिन्जेलसम्म कसरी चुपचाप बसिरहे ?

नेकपा (माले) को पनि पोलिटब्युरोको बैठक बस्ने र सोही बैठकले आफ्नो धारणा ल्याउने बताइएको छ।

नयाँ राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता राजेश्वर देवकोटाले चाहिं 'प्रतिवेदन जस्तो आउनुपर्थ्यो त्यस्तै आएको छ, स्वाभाविक रूपमा प्रश्नहरू धेरै हुन सक्छन्, तर तथ्य त्यही हो, ठीकै भएको छ' भन्नुभयो। उहाँले उच्चस्तरीय समिति तथ्यलाई बाहिर ल्याउन सफल भएको पनि बताउनु भयो।

संयुक्त जनमोर्चा नेपालका महासचिव लीलामणि पोखरेलले प्रतिवेदनलाई 'कलाविहीन नाटक' को संज्ञा दिदै भन्नुभयो- प्रतिवेदनमा झगडियाहरूको बयान छ, वकिलको बहस छैन, न्यायाधीशको फैसला पनि छैन।

तत्कालीन युवराजधिराज दीपेन्द्रलाई कसले गोली हान्यो, क-कसलाई कति-कति गोली लाग्यो, २४ जना आमन्त्रण गरिएको शाही परिवारिक भोजमा तीन जना अनुपस्थित भएको नाम दिइयो, तर श्री ५ ज्ञानेन्द्रलाई खबर नगरिएको हो कि के हो जस्ता थुप्रै प्रश्नहरुको जवाफ प्रतिवेदनमा स्पष्ट छैन भन्दै महासचिव पोखरेलले एउटै व्यक्तिका दुई जोर जुत्ता देखाउनुको अर्थ के हो भनी प्रश्न गर्नुभयो।

उहाँले प्रतिमिनेट नौ सयवटासम्म गोली हान्न सक्ने त्यस्तो शक्तिशाली हतियार रक्सी र गाँजाले मातेका श्री ५ दीपेन्द्रले कसरी चलाउन सके ? ती सबै हतियार दीपेन्द्रले मात्रै चलाएका हुन् कि के हो ? त्यो पनि प्रतिवेदनमा प्रष्ट नभएको बताउनुभयो।

नेपाल टेलिभिजनमा प्रत्यक्ष प्रशारण गरिरहेको सो पत्रकार सम्मेलनमा पत्रकारहरूले मृतकहरूको पोस्टमार्टम गरिएको थियो-थिएन, श्री ५ दीपेन्द्रले लागू पदार्थ सेवन गरेको आधार के हो, श्री ५ दीपेन्द्र त्यस अवस्थामा पुग्नुको कारण के थियो जस्ता प्रश्न गर्दा समितिले उत्तर दिन नचाहेकोलाई पनि नेताहरूले शंकास्पद मानेका थिए।

राष्ट्रिय जनमोर्चा र नेपाल मजदूर किसान पार्टीले पनि प्रतिवेदनमा उल्लेखित कुराहरूले जनतामा थप आशंका र प्रश्न उब्जाएको बताए भने राप्रपाका नेताहरूले कुनै टिप्पणी गर्न चाहेनन्। *(समाचारपत्र दैनिकबाट)*

छानवीन समितिको प्रतिवेदन सम्बन्धमा प्रतिक्रिया

मुलुकका विभिन्न राजनीतिक पार्टीहरूले 'नारायणहिटी पर्व' को छानवीन गर्न गठित उच्चस्तरीय छानवीन समितिद्वारा विहिबार सार्वजनिक गरिएको प्रतिवेदनले नारायणहिटी राजदरबारमा भएको विभत्स घटनाका सम्बन्धमा थप प्रश्नहरू उब्जाएको निष्कर्ष निकालेका छन्।

नेपाल कम्युनिष्ट पार्टी (एकता केन्द्र) ले जारी गरेको प्रेस विज्ञप्तिमा छानवीन समितिको प्रतिवेदनलाई धोखाको संज्ञा दिंदै भनिएको छ- छानवीन समितिले आफ्नो तर्फबाट कुनै निष्कर्ष नदिनुले त्यसको 'लेखनदास' को बैसियत र कायर मानसिकताको पुष्टि गर्दछ।' एकता केन्द्रले उक्त घटनाको निष्पक्ष छानवीनको माग गर्दै जनस्वीकार्य सर्वाधिकारसम्पन्न आयोग बनाएर छानवीन गर्न सरकारलाई चुनौति दिएको छ।

विज्ञप्तिमा भनिएको छ- "नारायणहिटी हत्याकाण्ड विदेशी प्रतिक्रियावादी शक्तिहरू र देशभित्रका चरम अनुदारवादी तत्वहरूको नियोजित राजनीतिक षडयन्त्रको परिणाम हो। श्री ५ युवराजाधिराज दीपेन्द्रले आत्महत्या गरेको होइन भन्ने कुरा स्पष्ट भएबाट मात्रै पनि यो हत्या काण्ड षडयन्त्र भएको छर्लंग हुन्छ।'

यसैगरी संयुक्त जनमोर्चा, नेपालले शुक्रबार जारी गरेको विज्ञप्तिमा छानवीन समितिले सार्वजनिक गरेको प्रतिवेदनमा समितिको कुनै निष्कर्ष नभएकोले प्रतिवेदनलाई झनै अर्थहीन तुल्याएको उल्लेख छ।

उक्त प्रतिवेदनले कारणसहित घटनाको सत्यतथ्य सार्वजनिक नगरेको आरोप लगाउँदै विज्ञप्तिमा भनिएको छ- कुनै कारण पनि नभएको र एकजना पनि जीवित व्यक्तिको जिम्मेवारी र संलग्नता नभएको घटनाका रूपमा प्रस्तुत गरेर प्रतिवेदन स्वयं जनताको लागि फेरि अर्को धोका भएको छ।'

नेपाल कम्युनिष्ट पार्टी (माले) निकट अनेरास्वियुले शुक्रबार जारी गरेको प्रेस विज्ञप्तिमा प्रतिवेदनले घटना घट्नुका कारण र त्यस पछाडि लुकेर रहन सक्ने षडयन्त्रहरू बारे छानवीन गर्न प्रयत्न नगरिएकोले प्रतिवेदन आफै निर्णय विहीनताको शिकार बन्न पुगेको छ भनिएको छ।

यसैगरी नेकपा (माले) निकट प्रजातान्त्रिक राष्ट्रिय युवा संघ, नेपालले समितिको प्रतिवेदनले घटनाको वास्तविकता अन्यत्र मोड्न कोसिस गरेको दोषारोपण गर्दै राष्ट्रघातीहरूको इशारा एवं संलग्नतामा उक्त प्रतिवेदन आएको आरोप लगाएको छ।

नेपाल कम्युनिष्ट पार्टी (मसाल) ले कुनै ठोस राय एवं निष्कर्ष बिनाको त्यस प्रतिवेदनमा हाम्रो असहमती छ भन्दै घटनाबारे उठेका मुख्य प्रश्नहरूको जवाफ दिन छानवीन समिति असक्षम रहेको आरोप लगाएको छ। पार्टी महामन्त्रीद्वारा हस्ताक्षरित वक्तव्यमा २०४६ सालको जनआन्दोलनबाट प्राप्त अधिकारको रक्षा गर्न सबैलाई सचेत हुन आह्वान गरिएको छ।

यस्तै नेकपा (मार्क्सवादी) ले घटनाका सम्बन्धमा उठेका प्रश्नहरूको उत्तर दिन छानवीन समितिले नसकेको भन्दै दरबारको घटनाको सम्बन्धमा षडयन्त्रको सबैभन्दा महत्वपूर्ण प्रश्न नै समितिले उजागर गर्न नसकेको उल्लेख छ।

पार्टीका अध्यक्ष प्रभुनारायण चौधरीले हस्ताक्षर गर्नु भएको उक्त वक्तव्यमा प्रजातान्त्रिक हक अधिकार संरक्षण गर्न सम्पूर्ण जनतालाई चनाखो रहन अनुरोध पनि गरिएको छ। यस्तै अखिल नेपाल जनवादी युवा लिगले पनि प्रतिवेदनलाई विरोधाभासपूर्ण भन्दै घटनालाई प्रतिवेदनले झन् षड्यन्त्रपूर्ण बनाएको कुरा पार्टीद्वारा प्रकाशित प्रेस वक्तव्यमा उल्लेख छ।

नेपाली कांग्रेसकी नेतृ शैलजा आचार्यले पनि छानवीन समितिले तयार गरेको प्रतिवेदनलाई अस्पष्ट भएको बताउनु भएको छ। उहाँले प्रतिवेदन आम जनताले स्वीकार गर्न सक्ने खालको नआएको भनेर स्पेशटाइमसँग टिप्पणी गर्नुभयो।

नेपाली कांग्रेसका प्रवक्ता नरहरि आचार्यले प्रतिवेदनको पूर्ण अध्ययन गरी नसकेको उल्लेख गर्दै घटना कसरी भयो भन्ने कुरा सत्यतथ्यका साथ प्रस्तुत गर्न समितिले मेहनत गरेको देखिएको बताउनु भयो। उहाँले प्रतिवेदन पूरा अध्ययन नगरी पार्टीले धारणा बनाउन सक्दैन, भन्नुभयो।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का केन्द्रीय सदस्य सुवास नेम्वाङले आफ्नो पार्टीले प्रतिवेदनलाई गम्भीरतापूर्वक अध्ययन गर्न थालिसकेको र पार्टीको स्थायी समितिको बैठक चालू भएका कारण प्रतिवेदनको अध्ययन पूरा भएपछि मात्रै पार्टीले निष्कर्ष निकाल्ने बताउनु भयो।

राष्ट्रिय प्रजातन्त्र पार्टीका प्रवक्ता कमल थापा भन्नुहुन्छ- 'प्रतिवेदन सर्सर्ती रूपमा भरखर हामीले हेर्यौं, यस बारेमा हामी तत्काल प्रतिक्रिया दिंने अवस्थामा छैनौं। राजदरबारको सामूहिक हत्यासम्बन्धी प्रतिवेदनमा राप्रपाले केही भन्न नचाहेको कुरा सार्वजनिक गरे पनि फरक पर्ने छैन।'

संयुक्त जनमोर्चाका अध्यक्ष अमिक शेरचनका विचारमा यो प्रायोजित प्रतिवेदन हो। यसमा कुनै नवीनता छैन। पोस्टमार्टमको रिपोर्ट छैन र प्रतिवेदनले गोली कहाँ कहाँ लाग्यो स्पष्ट पारेन। सर्ट फुकाल्न नसकेको भनी प्रतिवेदनमा भनिनु र त्यही लाचार भएर लडेको व्यक्तिले तुरून्तै उठेर त्यत्रो हत्या गरेको भन्नु आफैंमा विरोधाभाषपूर्ण छ।

नेपाल सद्भावना पार्टीका महामन्त्री हृदयेश त्रिपाठी भन्नुहुन्छ- यो उच्च आयोगको प्रतिवेदनमा कुनै निष्कर्ष छैन, दुई सय पेजको प्रतिवेदन मात्रै तयार भएको छ। मलाई लाग्छ, उच्च आयोगले देख्ने र सुन्नेहरूको भनाइ र घटनाको विवरण मात्रै दिएको हो। नेमकिपाका अध्यक्ष नारायणमा विजुक्छेका अनुसार प्रतिवेदनमा के भयो मात्रै भनिएको छ, व्याख्या र विश्लेषण छैन। सुरूदेखि नै उक्त सामूहिक हत्याका बारेमा उठेका शंकाहरूको कुनै निरूपण छैन।

कृष्णप्रसाद भट्टराई

श्री ५ दीपेन्द्रले कोकिन, रक्सी खाएर त्यस्तो घटना गराएको हल्ला अखवारहरूमा आएको छ। मेरो पिताजी पनि कोकिन खानुहुन्थ्यो। १० औं वर्ष हाम्रो पिताजीले लगातार कोकिन खानुभयो। उहाँले त कहिल्यै हिंसा गर्नु भएन। कोकिन खाने मान्छेले हिंसा गर्दैन, चुपचापसंग बसिरहन्छ। हिंडडुल गर्ने त उसलाई इच्छै हुँदैन। रक्सीले घुमफिर गर्ने इच्छा हुन्छ। रक्सीले जोश बढाउँछ। त्यसको त मलाई पनि पूर्ण रूपमा अनुभव छ। कोकिनको अनुभव छैन तर कोकिन खानेमान्छे त्यसरी उत्तेजित हुँदैन।

सभामुखले पत्रकार सम्मेलनलाई हतियार प्रदर्शनी बनाउनुभयो

– नारायण वाग्ले

विषयको गम्भीरताको ख्याल भएको भए सभामुख तारानाथ रानाभाटले पक्कै पनि युवराजाधिराज दीपेन्द्रले चलाएको पिस्तोल केटाकेटीले जस्तो खेलाउनु हुने थिएन। विषयको संवेदनशीलताको बोध गरेको भए उहाँले पक्कै पनि त्यसरी आफ्नो देब्रे कञ्चटमा पिस्तोल तेर्स्याएर दीपेन्द्रको नक्कल गर्नुहुने थिएन। परिस्थितिको मर्म सम्झेको भए जननिर्वाचित प्रतिनिधिसभा सदस्यहरूका प्रमुखले पक्कै पनि त्यसरी सारा पत्रकारका अगाडि उभिएर जिस्कँदै 'हानिदिऊँ' भनेर पत्रकारहरूतिरै पिस्तोल तेर्स्याउनु हुने थिएन।

सडकमा उर्लेका जनतालाई शान्त पार्न गठित नारायणहिटी राजदरबार हत्याकाण्ड छानवीन समितिका सदस्य रानाभाटले विहिबार राति संसद् सचिवालयको उपल्लो तलाको खचाखच हलमा एउटा चञ्चले किशोरको जस्तै अभिनय गरेर जग हँसाउनुभयो। नेपाल टेलिभिजनले प्रत्यक्ष प्रशारण गरिरहेको पत्रकार सम्मेलन हेरिरहेका लाखौं दर्शकले के ठाने होलान् त्यति उच्च पदमा रहेका र अत्यन्त महत्वपूर्ण घटनाको छानवीन गरिरहेका सदस्यले त्यसरी बन्दुकसंग जिस्केको देखेर ?

त्यहाँ नेपाल टेलिभिजन र रेडियो नेपालले प्रत्यक्ष प्रशारण गरिरहनुका साथै सारा अन्तर्राष्ट्रिय सञ्चार माध्यमको ध्यान आकर्षित भइरहेको थियो। विदेशी सञ्चार माध्यमका संवाददाताहरूले आफ्नो मोबाइलबाट अन्तर्राष्ट्रिय कलमा छिनछिनको विवरण बाहिर पुऱ्याइरहेका थिए। देशको इतिहास नै प्रभावित गर्ने त्यस हत्याकाण्डको सत्यतथ्यबारे जनतालाई आश्वस्त पार्नुपर्ने समितिका सम्माननीय सदस्यले आफ्नो दायित्वको ख्याल गरेको भए त्यसरी संसारको आँखा तानिएको क्षणमा बन्दुकसंग खेलाची गर्नुहुने थिएन।

पत्रकार सम्मेलनमा हतियार प्रदर्शन गर्दै सभामुख तारानाथ रानाभाट

सभामुखले त्यस्तो हतियार चलाइरहनु भएको थियो जसले एउटा राजपरिवारको अकल्पनीय अन्त्य गराएको थियो। त्यस्तो हतियार उहाँले पत्रकारहरूमार्फत् जनतालाई देखाउँदा आफ्नो पदीय मर्यादामात्र सम्झेको भए पक्कै पनि मर्यादित व्यवहार प्रस्तुत गर्नुहुने थियो। उहाँले त हाँसीहाँसी पत्रकारहरूतिर ताकी ताकी बन्दुक खेलाउनुभयो। असिनपसिन देशी विदेशी सञ्चारकर्मीहरूको जिज्ञासा शान्त पार्नुको सट्टा उहाँले राजपरिवारको विभत्स हत्या गर्ने पिस्तोल यसरी हातमा नचाउनु भयो मानौं कुनै पिस्तोल कम्पनीले भर्खर उत्पादन गरेका सामग्रीको सार्वजनिक प्रदर्शनी हुँदै थियो।

हरेक सैनिक र प्रहरीलाई हतियारको तालिम दिंदा सधैं सिकाउने गरिन्छ- बन्दुकसंग कहिल्यै ख्यालठट्टा गर्नु हुँदैन, जिस्कनु हुँदैन। हतियारकर्मीहरूको अनुशासनका लागि प्रसिद्ध भनाई नै छ- 'खाली बन्दुक पनि पड्किन्छ।' अनि हतियारको पहिलो नियम छ- 'मान्छेतिर नतेर्साउनु, चाहे त्यो खाली नै किन नहोस्।' तर सभामुखले यसरी त्यस्तो संहारकारी हतियार यति सजिलै उचालेर, नचाउँदै र आफू पनि हाँस्दै प्रदर्शन गर्नुभयो मानौं उहाँ हतियार कारखानाको विशेषज्ञ हो। धन्य, त्यहाँ राखिएको पेस्तोलको म्याग्जिन निकालिएको थियो।

सभामुख रानाभाटले केही संयम र शालीनता अपनाउनु भएको भए त्यहाँ उपस्थित सैनिकहरूलाई ती हतियार देखाउन लगाउनु हुन्थ्यो, ती सैनिक जसतिर घरिघरि फर्किंदै

उहाँले आफूले उचालिरहेको हतियारको नाम सारा पत्रकारका अगाडि सोधिरहनु भएको थियो।

त्यसैगरी उहाँले अंग्रेजीमा समितिको प्रतिवेदनको सारांश पढ्दा र पत्रकारहरूको एकाध प्रश्नको जवाफ दिंदा सारा संसारका अगाडि उच्चपदस्थ नेपाली राजनीतिक पदाधिकारीको स्तरबारे संकोच मान्नुपर्ने अवस्था सिर्जना गरिदिनुभयो। हो, अंग्रेजले जस्तो पररर अंग्रेजी बोल्नु पर्दैन तर बाहिर राम्रो सम्प्रेषण गर्न सकिएन भने यसरी अंग्रेजी बोलेको उद्देश्य पूरा हुँदैन। विदेशी सञ्चारकर्मीलाई पहिले नै तयार पाठ वितरण गरिदिएको भए हुन्थेन ? अनि विदेशी सञ्चार माध्यमलाई सम्झाउनु नै छ भने आफ्नै हारमा बसिरहेका प्रतिनिधिसभाका सचिव सूर्यकिरण गुरूङलाई त्यो अवसर दिएको भए हुन्थेन ? अनि प्रश्नोत्तर गर्न आफूलाई अप्ठ्यारो छ भने आफूसँगै बसिरहेका न्यायपरिषद्का सचिव काशिराज दाहाललाई माइक दिएको भए हुन्थेन ?

समितिको मुख्य दायित्व राजदरबार हत्याकाण्डको यथार्थ विवरणबारे जनतालाई सुसूचित गर्नु थियो भने त्यहाँ त्यत्रो संख्यामा उपस्थित जिज्ञासु सञ्चारकर्मीहरूलाई प्रश्न नै गर्न नदिएर के समितिले आफ्नो धर्म निर्वाह गऱ्यो त ? सभामुखले सहृदयतासाथ नेपाली र अंग्रेजी दुवै भाषामा समितिको विवरण प्रस्तुत गर्नुभयो र राजदरबारभित्रको स्केच चित्र औंल्याउँदै घटनाबारे प्रकाश पार्ने प्रयत्न पनि गर्नुभयो तर त्यही स्केच चित्र अर्थ्याउन र हतियार प्रदर्शन गर्न विशेषज्ञहरूलाई दिएको भए समितिले जनतालाई बढी ढुक्क पार्न सक्थ्यो कि ? समितिका अध्यक्ष प्रधान न्यायाधीश केशवप्रसाद उपाध्यायले जसरी माइक सभामुखलाई दिनुभयो, त्यसैगरी सभामुखले सचिवद्वय गुरुङ र दाहाललाई विवरण पढ्न दिएर पत्रकारहरूका प्रश्नको सविस्तार जवाफमात्र आफूले दिन खोजेको भए जनतामा प्रभावकारी सम्प्रेषण पुऱ्याउन सक्नुहुन्थ्यो कि ?

जेहोस्, दिनरातको अथक प्रयासपछि समितिले लामो प्रतिवेदन तयार गरेको छ र एकपटक थपिएको म्यादको हतारोभित्र पनि 'बाइण्डिङ' समेत गर्न नभ्याइएको ठेली श्री ५ महाराजाधिराज ज्ञानेन्द्रसमक्ष प्रस्तुत गर्न भ्याएको छ त्यसको सराहना गर्नुपर्छ। नागरिक समितिले पहिलोपटक राजपरिवारको मामिलामा श्री ५ बडामहारानीसम्मलाई सोधपुछ गरी प्रतिवेदन तयार गर्नु पनि कम्ती उल्लेखनीय घटना होइन। आफूलाई दिइएको म्यादभित्र जिम्मेवारी पूरा गर्न समर्थ यस स्तर र प्रकारको पहिलो समिति र संसद सचिवालयको सोफामा केही घन्टामात्र सुतेर पनि अथक प्रयत्नद्वारा काम सम्पन्न गर्ने सहयोगीहरूले गरेको कार्यसम्पादन उल्लेखनीय भए पनि आफूले गरेको मेहनत र पाएको दायित्वको महत्वको ख्याल गरी पत्रकार सम्मेलन व्यवस्थित र सम्प्रेषणीय बनाउन नसक्नु समितिको कमजोरी देखिएको छ। कम्तिमा प्रश्नोत्तरको अवसर दिएर पत्रकारहरूको जिज्ञासा शान्त गर्न सकेको भए सर्वसाधारणलाई घटनाको सत्यतथ्यबारे छिटो र विश्वसनीय तरिकाले आश्वस्त पार्न तल्लीन समितिको श्रमको उच्च मूल्यांकन हुने थियो कि ?

त्यो भन्दा पनि बढी सदनभित्र सांसदहरूलाई गम्भीर क्षणमा पनि रमाइलो वातावरण सिर्जना गर्ने बानी परेका सभामुख रानाभाटले पत्रकारहरूलाई यस्तो संवेदनशील र गम्भीर क्षण र विषयमा प्राणघातक पिस्तोल देखाएर 'हानिदिऊँ' को शैलीमा हाँस्दै जिस्कँदा भने उहाँ आफ्नो मात्र होइन, समितिकै मर्यादाप्रति सचेत नदेखिएको प्रतीत भयो। समुच्चमा पत्रकार सम्मेलन पत्रकारहरूको जिज्ञासा शान्त गर्नु भन्दा हतियार प्रदर्शनीमा बढी ध्यान दिइएको देखिनु पक्कै पनि समितिलाई सुहाउने पक्ष थिएन। हतियार देखाऊ भन्ने फोटो पत्रकारहरूको असीम आग्रहले आवेशमा आएका सभामुखले त्यतिबेला बढी शालीनता अपनाउनु भएको भए पक्कै पनि उहाँको व्यक्तित्व र समितिको मर्यादा उच्च रहने थियो।

कवयित्री चाँदनी शाहका दुई रचना

मेरा छोराछोरीका लागि

नेपाल देश रक्षा गर्ने छौं ज्युँदा नेपाली भै
नेपाली झण्डा उच्च राख्ने छौं वीर सपूत भै
लम्कन तम्सौं एकजुट भै देश उठाउन यो
चम्कनुपर्छ एक मुस्लो भै मास्न अँध्यारो यो।

आह्वान आज घन्किएको छ देश विकासको
ब्यूँझेर सुनौं ढुकढुकी ली मुटु नेपालीको
बिगुल आज फुकिएको छ देश-निर्माणको
डटेर कर्म-क्षेत्र कुदौं ली माटो नेपालको।

लड्नु छ आज शत्रु, अशिक्षा, भित्रै सिमानाको
चढाइ गर्नुपर्छ गरिबीमाथि नेपालीको
फुटेर हैन लडौं जुटेर पृथ्वीले नै सम्झाए झैं
लगाई बुद्धि गरौं सुकर्म पुर्खा विभूति झैं।

उकाली ओरालीहरूमा

उकाली ओरालीहरुमा भन्ज्याङ अनि चौतारीहरुमा
सुन्दर ती दहहरुमा हिमालका विशाल छातीहरुमा
जहाँ जहाँ जान्छौं तिमी म पाइला बनी पछ्याइरहन्छु
ती छहरा खेला खहरेहरुमा सम्झना बनी बगिरहन्छु।

तराईका हरिया फाँटहरुमा, पहाडका तरेलीहरुमा
हिमालका सुन्दर अनि विकट ती वस्तीवस्तीहरुमा
जहाँ जहाँ जान्छौं तिमी म बाटो बनी साथै आइरहन्छु
ती सुस्केरा थकाइ सुसेलीहरुमा गीत बनी गुन्जिरहन्छु।

मुटु कमाउने जाडोहरुमा कपाल दुख्ने गर्मीहरुमा
मन हर्ने सुन्दर दृश्य शान्त शीतल वातावरणमा
जहाँ जहाँ जान्छौं तिमी म आकाश बनी देखिरहन्छु
ती लेख बेशी अनि पाखाहरुमा पवन बनी भेटिरहन्छु।

(चाँदनी शाह श्री ५ बडामहारानी ऐश्वर्यको साहित्यिक नाम हो ।

हार्दिक श्रद्धाञ्जलि

श्री ५ महाराजाधिराज **वीरेन्द्र वीर विक्रम शाहदेव**, श्री ५ बडामहारानी **ऐश्वर्य राज्यलक्ष्मी देवी शाह**, श्री ५ महाराजाधिराज **दीपेन्द्र वीर विक्रम शाहदेव**, श्री ५ अधिराजकुमार **नीराजन वीर विक्रम शाह**, श्री ५ अधिराजकुमारी **श्रुति राज्यलक्ष्मी देवी राणा**

तथा

राजपरिवारका अन्य सदस्यहरूको असामयिक एवं दुःखद् निधन भएकोमा **हार्दिक श्रद्धाञ्जली** व्यक्त गर्दछौं ।

सुबोधराज प्याकुरेल

महासचिव

तथा

इन्सेक परिवार

एस्ट्राडासँग सापटी लिएको बुद्धि

– कुन्दन अर्याल

"म तिम्रो भनाइसँग असहमत छु । तर, म आफ्नो जीवन रहेसम्म तिम्रो अभिव्यक्ति स्वतन्ताको पक्षपोषण गर्नेछु ।" लगभग साढे दुई सयवर्ष अघि फ्रान्सिसी लेखक एवं दार्शनिक भोल्टेयरद्वारा अभिव्यक्त यी शब्दहरू विश्वभरका प्रेसमा सहस्रौं पटक उधृत गरिसकिएका छन् । प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला, गृहमन्त्री रामचन्द्र पौडेल अनि सञ्चार मन्त्री शिवराज जोशीका निम्ति आज म यो वाक्यांश फेरि दोहोऱ्याउँदैछु ।

पत्रकारिताको क ख रा .... मात्र जान्ने व्यक्तिले पनि बुझ्दछ- पत्रकारहरू भोल्टेयरको महान्वाणीको मर्म अनुसार सबैको अभिव्यक्ति स्वतन्त्रताको कदर गर्दछन् । तर, प्रेसले खास -खास किसिमको विचारलाई छाप्न नपाउने उर्दी जारी भएको अवस्थामा प्रेस स्वतन्त्रताको स्वतः अपहरण हुन पुग्दछ ।

खास अवस्थामा सम्पादक पत्रकारहरूले आफ्नो माध्यममा छापिएको कुराबाट देशमा कुनै ठूलो हानी हुन्छ कि भन्ने विषयमा अवश्य सोच्दछन् । तर, निरंकुशतावादी शासन व्यवस्था भएको मुलुकमा मात्र सरकारले प्रेससँग "यस्तो छाप्न हुन्छ, यस्तो हुँदैन" भन्ने गर्दछ । प्रजातन्त्रमा प्रेस आफ्नो दायित्वका बारेमा आफैं सचेत हुने गर्छ भन्ने ठानिन्छ ।

माओवादी नेता डा. बाबुराम भट्टराईको एउटा लेख छापेवापत कोइराला सरकारले कान्तिपुरका सम्पादक र दुई जना सञ्चालकहरूलाई पक्राउ गरेको एक साता पूरा भएको छ । गएको शनिवारदेखि त उहाँहरूसँग कसैलाई भेटघाटसम्म गर्न दिइएको छैन ।

कान्तिपुरमाथि यसप्रकार ठाडो आक्रमण गरेर कोइराला सरकारले आफ्नो अधिनायकवादी शैली प्रदर्शन गरेको छ । तर, कान्तिपुरमा छापिएको डा. भट्टराईको लेखबाट सरकारलाई राष्ट्रिय राजनीतिको एउटा कोणमा रहेको पक्षको ताजा धारणा जान्न मद्दत पुगेको छैन र ?

त्यस हिसाबले त डा. बाबुराम भट्टराईको लेखबाट सरकारलाई आउँदा दिनको नीति तय गर्न सहयोग मिलेको छ । माओवादीका अध्यक्ष प्रचण्डको वक्तव्यका अतिरिक्त डा. भट्टराईको त्यही लेखका कारण त्यो हिंसावादी जत्थामाथि आज विभिन्न पत्रपत्रिकामा व्यापक रूपमा वैचारिक आक्रमण भइरहेको छ । त्यस्ता वैचारिक खण्डनहरूबाट सरकारको प्रहरी दमनले गर्न नसक्ने काम भइरहेको छ । विचारहरूलाई दबाएर परास्त गर्न सकिदैन भन्ने कुरा कोइरालाले पञ्चायतीकालका निम्ति मात्र बुझ्नुभएको हो ? विचारहरूलाई प्रकट हुन दिएर आफ्नो तर्फबाट वैचारिक खण्डन गर्ने हिम्मत सरकारमा पुगेपछि हराउनै पर्छ त ?

कान्तिपुरमाथिको सरकारी हमलाले भर्खरै उद्योगका रूपमा बामे सर्न थालेको नेपाली प्रेसलाई नराम्रोसँग झस्काएको छ । यतिखेर फिलिपिन्सका एस्ट्राडा हिरासतमा छन् । तर राष्ट्रपतिको कुर्सीमा टिकिरहन निर्णायक लडाई लड्दै गर्दा उनले पनि त्यहाँका ठूला-ठूला अखबारहरूलाई खुब सताएका थिए । मनिला टाइम्सको स्वामित्व परिवर्तन गराएर होस् वा इन्वाररको विज्ञापनमा नाकाबन्दी लगाएर होस् उनले प्रेसलाई आफ्नो गुणगान गराउन निकै कसरत गरेका थिए । मनिला टाइम्सले उनको दवाव धान्नै सकेन । तर, इन्वारर दैनिकले मात्र आठ लाख यूरोपियन मुद्रा बराबरको घाटा सहेर पनि भ्रष्टाचारी एस्ट्राडाको मनोरथ पूरा हुन दिएन ।

कोइराला सरकारद्वारा नेपाली प्रेसलाई पनि स्तुतिगान गाउन परोक्ष उर्दी जारी गरिएको हो त ? छयालीस् सालयता समष्टिगतः रूपमा हामीले नेपालको प्रेस स्वतन्त्रताको अवस्थाप्रति गर्व गर्ने गरेका थियौं । तर, कान्तिपुरमाथिको ठाडो हमला र त्यो प्रकाशन संस्थालाई अनुचित दवाव दिने सरकारको शैलीका कारण नेपाली प्रजातन्त्रको बेइज्जती भएको छ । छयालीस् सालयता नेपाली प्रेसमा ठूलो पूँजीको लगानी हुन थालेको छ । प्रेस स्वतन्त्रताको प्रत्याभूति गरिएको हुनाले नै नेपाली प्रेसले उद्योगको रूप ग्रहण गर्न थालेको हो । तर, कान्तिपुरमाथिको सरकारी हस्तक्षेपको भित्री आशय भने लगानीकर्ताहरूलाई तर्साएर पत्रकारहरूमाथि अंकुश लगाउनु नै हो भन्ने बुझ्न गाह्रो छैन । यस अर्थमा कोइरालाले मलेशियाका महाथीर र फिलिपिन्सका एस्ट्राडाको बुद्धि सापटी लिनुभएको हो त ? भर्खरै प्रकाशित "मिडिया प्राक्टिसेज इन नेपाल" नामक लेखहरूको एक संकलनमा वरिष्ठ पत्रकार एम.आर. जोशीले राइजिङ नेपाल र काठमाण्डु पोष्टको विस्तृत तुलनात्मक अध्ययन गर्नुभएको छ । उहाँले एक-एक सामग्रीको प्रस्तुति र चयनका आधारमा राइजिङ नेपाल सरकार र सत्ताधारी पार्टीप्रति पूर्णतः समर्पित रहेको निष्कर्ष निकाल्नुभएको छ । काठमाडौं पोष्ट भने बढी आलोचक र सत्ताशक्तिको प्रभाव बाहिर रहेको उहाँको निष्कर्ष छ । तर, कोइराला सरकारले अब राइजिङ नेपाल र काठमाडौं पोष्टबीच रत्तिभर पृथकता नरहोस् भन्ने चाहेको कुरा प्रष्ट देखिएको छ । नेपालका सबै पत्रपत्रिका सरकार र सत्ताधारी पार्टी वा अझ कोइराला परिवारप्रति समर्पित हुन भन्नु निरंकुशतावादी चाहना नै हो । कान्तिपुरमाथिको हमलाबाट सरकारले त्यस्तै चाहना प्रकट गरेको ठानिएको छ । त्यही कारण नेपाली प्रेस यतिबेला अत्यन्त संशंकित बन्न पुगेको छ । ●

हार्दिक शुभकामना

श्री ५ महाराजाधिराज **ज्ञानेन्द्र वीर विक्रम शाहदेव**बाट राज्यारोहण भएको अबसरमा संवैधानिक राजतन्त्र तथा मानवअधिकारको रक्षा र विकासमा थप योगदान पुगोस् भनी ***हार्दिक शुभकामना*** सहित बधाई ज्ञापन गर्दछौं ।

सुबोधराज प्याकुरेल
महासचिव
तथा
इन्सेक परिवार

राजदरबार हत्याकाण्ड: कुन दिन के भयो ?

जेठ १९ गते

राजपरिवारका सदस्यहरुको समुपस्थितिमा नियमित रात्रीभोजको आयोजना। राति ९.१५ बजे राजारानीलगायत राजपरिवारका सदस्यहरुको हत्या।

जेठ २० गते

श्री ५ वीरेन्द्र, श्री ५ ऐश्वर्य, अधिराजकुमार निराजन, अधिराजकुमारी श्रुतीलगायत राजपरिवारका सदस्य जयन्ती, शान्ति, शारदा र कुमार खड्गविक्रम शाहको स्वर्गारोहरण।

श्री ५ वीरेन्द्र, श्री ५ ऐश्वर्य, अधिराजकुमार नीराजन, अधिराजकुमारी श्रुती र जयन्ती शाहको शव यात्रा र पशुपति आर्यघाटमा वैदिक विधिपूर्वक दाहसंस्कार।

राजसभा स्थायी समितिको बैठकद्वारा श्री ५ दीपेन्द्रलाई महाराजाधिराज र श्री ५ ज्ञानेन्दलाई राज्य सहायक घोषित। श्री ५ ज्ञानेन्द्रद्वारा राज्य सहायकको रुपमा देशबासीका नाममा सन्देश।

नेपाली कांग्रेस, नेकपा एमालेलगायतका पार्टीद्वारा शोक वक्तव्य जारी।

जेठ २१ गते

श्री ५ दीपेन्द्रको अत्यन्तै चिन्ताजनक अवस्थामा वीरेन्द्र सैनिक अस्पताल छाउनीमा उपचार भइरहेको सार्वजनिक जानकारी। राजपरिवारका अन्य सदस्यहरु श्री ५ कोमल राज्यलक्ष्मी देवी शाह, केतुकी चेष्टर, कुमार गोरखशमसेर राणा र धीरेन्द्र शाह घाइते भई उपचारका लागि अस्पतालमा रहेको जानकारी।

काठमाडौं उपत्यकालगायत देशका विभिन्न भागमा हत्याकाण्डबारे यथार्थ सत्यतथ्य सार्वजनिक गरी हत्यारालाई कारवाही गर्नुपर्ने मागसहित जुलुस प्रदर्शन, प्रहरीको गोलीबाट ६ जनाको मृत्यु, थुप्रै घाइते।

जेठ २२ गते

राजसभा स्थायी समितिको बैठक।

श्री ५ महाराजाधिराज दीपेन्द्रको बिहान ३.४५ बजे वीरेन्द्र सैनिक अस्पतालमा स्वर्गारोहण।

राजसभा स्थायी समितिको बैठकद्वारा राज्य सहायक श्री ५ ज्ञानेन्द्र नेपाल अधिराज्यको श्री ५ महाराजाधिराज होइबक्सेको घोषणा।

श्री ५ ज्ञानेन्द्रको राज्यारोहण।

राजधानीलगायत देशका विभिन्न भागमा स्वत:स्फूर्त विरोध जुलुस प्रदर्शन, झण्डै ५ सय गिरफ्तार।

जनताको स्वत:स्फूर्त नारा जुलुसबाट स्थिति तनावग्रस्त बनेपछि काठमाडौं महानगरपालिका र ललितपुर उपमहानगरपालिका क्षेत्रभित्र दिउँसो ४ बजेदेखि भोलिपल्ट बिहान ५ बजेसम्मका लागि कर्फ्यू जारी।

स्वर्गबासी श्री ५ दीपेन्द्रको कर्फ्यूकै अवधिमा पशुपति आर्यघाटमा अन्तिम संस्कार।

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट देशबासीका नाममा पहिलो शाही सम्बोधन। संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रप्रति प्रतिवद्ध रहिबक्सने अठोट व्यक्त। राजदरबारमा भएको हत्याकाण्डको छानबिन गर्न सर्वोच्च अदालतका

प्रधानन्यायाधीश केशवप्रसाद उपाध्यायको अध्यक्षतामा साभामुख तारानाथ रानाभाट, प्रतिनिधि सभामा विपक्षी दलका नेता माधवकुमार नेपाल सदस्य रहेको तीन सदस्यीय उच्चस्तरीय समिति गठन गरिबक्सेको घोषणा। श्री ५ कोमल राज्यलक्ष्मी देवी शाह श्री ५ बडामहारानी घोषित।

जेठ २३ गते

राजधानीलगायत देशका विभिन्न भागमा हत्याकाण्डप्रति तीव्र विरोध जनाउँदै हत्यारा पत्ता लगाई कारवाही गर्नुपर्ने माग गरी जनप्रदर्शन। ठूलो संख्यामा प्रदर्शनकारीहरु गिरफ्तार।

अपरान्ह १२ बजेदेखि भोलिपल्ट बिहान ५ बजेसम्म काठमाडौं महानगरपालिका र ललितपुर उपमहानगरपालिकाभित्र कर्फ्यू जारी।

नेपाली कांग्रेस, केन्द्रीय कार्य समितिको बैठक। स्वर्गीय राजारानी र अन्य राजपरिवारका सदस्यप्रति श्रद्धाञ्जलि अर्पण। श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवको राजागद्दी आरोहणको शुभकामना।

नेकपा (एमाले) स्थायी समितिको बैठक। स्वर्गीय राजारानी र अन्य राजपरिवारका सदस्यप्रति श्रद्धाञ्जलि अर्पण। श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवको राजागद्दी आरोहणको शुभकामना।

राजदरबार हत्याकाण्डसम्बन्धी उच्चस्तरीय छानबिन समिति मन्त्रिपरिषद्को सिफारिशमा संविधानअनुरुप हुनपर्ने माग। समितिका सदस्य माधवकुमार नेपालद्वारा समितिबाट राजीनामा।

पूर्व अधिराजकुमार धीरेन्द्र शाहको निधन

राजा र राजपरिवारका सदस्यको निधनमा देशभर बाल तथा वृद्ध पुरुषहरुद्वारा व्यापक रुपमा केश मुण्डन।

जेठ २४ गते

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट उच्चस्तरीय छानबिन समितिको कार्यक्षेत्र र अधिकार तौकिबक्सेको घोषणा। समितिका सदस्य माधवकुमार नेपालको राजीनामा स्वीकृत।

छिटफूट जनप्रदर्शनहरु।

राति ९ बजेदेखि भोलिपल्ट बिहान ३ बजेसम्म काठमाडौं महानगरपालिका र ललितपुर उपमहानगरपालिका क्षेत्रमा कर्फ्यू।

राजदरबारको हत्याकाण्डसम्बन्धी एक सामग्री छापेको कुरालाई लिएर कान्तिपुर दैनिकका सम्पादक युवराज घिमिरेलगायत सो दैनिकका ३ जनालाई गिरफ्तार।

जेठ २५ गते

राजदरबारको हत्याकाण्डसम्बन्धी प्रत्यक्षदर्शीको नाममा डा. राजीव शाहीद्वारा पत्रकार सम्मेलन/श्री ५ दीपेन्द्रले गोली चलाएको डा. शाहीको दावी।

प्रत्यक्षदर्शी भनिने डा. शाहीका भनाइ अत्यन्तै विरोधाभासपूर्ण र अपत्यारिला रहेको देशव्यापी जनप्रतिक्रिया।

विभिन्न पत्रपत्रिकाद्वारा राजदरबारको हत्याकाण्ड रहस्यपूर्ण र षड्यन्त्रपूर्ण रहेको टिप्पणीहरु प्रकाशित।

जेठ २६ गते

संसद परिसरभित्र रहेको सभामुखको कार्यकक्षमा उच्चस्तरीय छानबिन समितिको कार्यालय स्थापना।

दुई सदस्यीय उच्चस्तरीय समितिद्वारा छानबिन कार्य प्रारम्भ भएको सार्वजनिक जानकारी।

घटनाको प्रत्यक्षदर्शीको नाममा पत्रकार सम्मेलन गरेर श्री ५ दीपेन्द्रले गोली चलाइबक्सेको दावी गर्ने डा. राजीव शाहीलाई कोर्ट मार्शल गर्ने समाचार केही पत्रिकामा प्रकाशित।

जेठ २८ गते

उच्च स्तरीय छानवीन समितिको छानवीन कार्य पूरा नभएको हुँदा ४ दिन म्याद थप।

जेठ ३२ गते

उच्च स्तरीय छानवीन समितिद्वारा श्री ५ समक्ष छानवीनको रिपोर्ट बुझाइयो र श्री ५ द्वारा आवश्यक कार्वाहीको लागि प्रधानमन्त्रीलाई हस्तान्तरण। सोही दिन बेलुका समितिद्वारा पत्रकार सम्मेलनको आयोजना गरी रिपोर्ट सार्वजनिक गरियो।

तपाईंले थाहा पाउनु भयो ?

धादिङ्ग जिल्ला अदालतले २०५८ साल जेठ ३ गते जातीय छुवाछुतका कारण दोला गाविस स्थित दोला मण्डली माईको मन्दिरमा प्रवेश गर्न नदिने उक्त गाविस अध्यक्ष नरेन्द्र विक्रम शाह, उपाध्यक्ष कृष्णलाल श्रेष्ठ तथा स्थानीय कृष्ण प्रसाद दर्लामी, रामवहादुर भुजेल, चेतवहादुर दर्लामी र मुकीनाथ लम्साललाई रू २000/ दुइ हजारका दरले जरिवाना गरेछ नि !

जातीय छुवाछुतको भेदभाव गर्नेलाई कानून बमोजिम रू ३000/-जरिवाना वा एकवर्षसम्म कैद वा दुबै सजाय हुन्छ ।

प्रकाशक
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
फोन नं. २०८०७७